www.lawcommission.gov.np

# नेपालमा उपभोक्ता सम्बन्धी कानूनको एकीकरण सम्बन्धी

# अध्ययन प्रतिवेदन

२०८०

नेपाल कानून आयोग

२०८०

# नेपालमा उपभोक्ता सम्बन्धी कानूनको एकीकरण सम्बन्धी

## अध्ययन प्रतिवेदन-२०७९

नेपाल कानून आयोग

नेपाल कानून आयोग

२०८०

<u>विषय सूची</u>


**परिच्छेद-१ प्रारम्भिक** १

१.१ परिचय १

१.२ अध्ययनको आवश्यकता र औचित्य १

१.३ अध्ययनको उद्देश्य २

१.४ अध्ययन विधि २

१.५ अध्ययनको सीमा ३

१.६ अध्ययनको संरचना ३

१.७ अध्ययन समितिको गठन ४

१.७.१ अध्ययन समिति ४

१.७.२ अध्ययन समितिको काम, कर्तव्य र अधिकार ५

**परिच्छेद -२ उपभोक्ता कानूनको परिचय** ६

२.१ उपभोक्ताको अर्थ तथा परिभाषा ६

२.२ उपभोक्ता सम्बन्धी कानूनको ऐतिहासिक विकास ७

२.३ कानूनद्वारा उपभोक्ता संरक्षण गर्नुपर्ने आवश्यकता तथा महत्वः ७

२.३.१ उपभोक्ताको दृष्टिकोणबाट उपभोक्ता संरक्षणको महत्त्वः ८

२.३.२ व्यापारिक दृष्टिकोणबाट उपभोक्ता संरक्षणको महत्त्व ९

२.४ उपभोक्तावाद १०

**परिच्छेद -३ उपभोक्ता अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय कानूनी अभ्यास** १२

३.१ संयुक्त राष्ट्र सङ्घले उपभोक्ता संरक्षणमा जारी गरेको निर्देशिकाका उद्देश्यहरू १३

३.२ राम्रो व्यापार अभ्यासको लागि संयुक्त राष्ट्र सङ्घले प्रतिपादन गरेका सिद्धान्तहरु १३

३.३ उपभोक्ता संरक्षणमा संयुक्त राष्ट्र सङ्घका केही सामान्य सिद्धान्तहरू १४

३.४ उपभोक्ता संरक्षणको लागि प्रत्येक देश वा सरकारले अपनाउनुपर्ने उपायहरू १६


नेपाल कानून आयोग

**परिच्छेद-४ उपभोक्ता अधिकारका लागि विभिन्न मुलुकका कानूनी अभ्यास** **१७**

४.१ संयुक्त राज्य अमेरिका १७

४.१.१ उपभोक्ता अधिकार र उपभोक्ता हित संरक्षण गर्ने कानूनहरु १८

४.१.२ सङ्घीय व्यापारिक आयोग (The Federal Trade Commission) १९

४.१.३ खाद्य, औषधि तथा सौन्दर्यता सम्बन्धी सङ्घीय ऐन, १९३८ (Federal Food, Drug and Cosmetic Act, 1938) १९

४.१.४ उपभोक्ता शिक्षा र उपभोक्तावादी सङ्घ संस्थाहरु २०

४.२ अष्ट्रेलिया २०

४.२.१ Competition and Consumer Act, २०१० २१

४.३ भारत २२

४.३.१ उपभोक्ता संरक्षण ऐन १९८६ २२

४.३.२ उपभोक्ता संरक्षण ऐन २०१९ २३

४.४ बेलायत २४

४.४.१ उपभोक्ता संरक्षण ऐन, २०१५ (Consumer Protection Act, २०१५) २५

४.५ बङ्गलादेश २६

४.५.१ बङ्गलादेशको संविधानमा उपभोक्ता अधिकारः उपभोक्ताहरूको लागि संवैधानिक सुरक्षा २६

४.५.२ फौजदारी संहितामा उपभोक्ता संरक्षण सम्बन्धी कानूनहरु २७

४.६ उपभोक्ताको अधिकार संरक्षण सम्बन्धमा न्यायिक दृष्टिकोण २७

४.६.१ नेपालको सर्वोच्च अदालतबाट स्थापित नजिरहरु २७

४.६.१.१ अधिवक्ता अमरबहादुर शाह विरूद्ध प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार, काठमाडौंसमेत, नि. नं — १०४५२ २७

४.६.१.२ वाणिज्य तथा आपूर्ति व्यवस्थापन विभागको अनुगमन प्रतिवेदन पत्र जाहेरीले नेपाल सरकार विरूद्ध समुल ग्रुप इन्डष्ट्रिज प्रा.लि. समेत, निर्णय नं. १०४५० २७

नेपाल कानून आयोग

४.६.१.३ अधिवक्ता विष्णुप्रसाद पोखरेल समेत विरूद्ध प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार काठमाडौं समेत, निर्णय नं. १०१८६ २८

४.६.१.४ अधिवक्ता दलबहादुर धामी समेत विरूद्ध प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार काठमाडौं समेत, निर्णय नं. ९९९७ २८

४.६.१.५ अधिवक्ता कञ्चनकृष्ण न्यौपाने विरूद्ध प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार काठमाडौं समेत, निर्णय नं. १०१२५ २८

४.६.१.६ भूपेन्द्रबहादुर तामाङ थिङ समेत विरूद्ध नेपाल सरकार, मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार काठमाडौं समेत, निर्णय नं. ९८७६ २९

४.६.१.७ राजिया खातुनको हकमा ऐ.को एकाघरको ससुरा नेसार अहमद मियाँ विरूद्ध डा.प्रमोद पौडेल समेत, निर्णय नं. १००६१ २९

४.६.१.८ निर्मलकुमार श्रेष्ठ विरूद्ध भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय सिंहदरबार, काठमाडौं समेत, ९९२६ २९

४.६.२ उपभोक्ता अधिकार सम्बन्धमा भारतको न्यायिक दृष्टिकोण (Indian cases) २९

४.६.२.१ In Bansidhar vs the State of Rajasthan (१९५८) २९

४.६.२.२ Maggie noodle's famous scandal (२०१५) ३०

४.६.२.३ Nizam Institute of Medical Sciences v Prasanth S. Dhananka & Others (२००९) ३१

**परिच्छेद-५ नेपालमा उपभोक्ता अधिकार सम्बन्धी विद्यमान कानूनहरु ३३**

**परिच्छेद-६ उपभोक्तासँग सम्बन्धित कानूनी व्यवस्थाको तुलनात्मक विवरण ४३**

६.१ नेपालमा प्रचलनमा रहेका उपभोक्ता अधिकारसँग सम्बन्धित मुख्य केही ऐनहरु ४३

६.२ उपभोक्ता सम्बन्धी केही ऐनहरुमा दोहोरिएका मुख्य प्रावधानहरुको विवरणः ४३

६.३ प्रस्तावित विद्युतीय व्यापारको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकको तुलनात्मक अध्ययन ९०

नेपाल कानून आयोग

६.४ उपभोक्ता सम्बन्धी विद्यमान कानूनहरुमा रहेका मुख्य प्रावधानहरुको तुलनात्मक
अध्ययन तथा विश्लेषणः ९२

६.५ उपभोक्ता सम्बन्धी एकीकृत कानून निर्माण हुँदा हुने सकारात्मक प्रभाव तथा फाइदाहरु ९८

६.६ उपभोक्ता सम्बन्धी एकीकृत कानून तर्जुमा गर्दा हुन सक्ने सम्भावित
चुनौती तथा बेफाइदाहरु ९९

**परिच्छेद-७ निष्कर्ष तथा सुझाव** **१००**

७.१ निष्कर्ष १००

७.२ सुझाव १००

**सन्दर्भ सामग्री** **१०२**

नेपाल कानून आयोग

# परिच्छेद-१

## प्रारम्भिक

### १.१ परिचय

उत्पादकको र सामान बिक्रेताको शोषण र दुरुपयोगका कारण लामो समयसम्म उपभोक्ता मर्कामा परेपछि सो शोषण विरुद्ध उपभोक्ताले आफ्नो हक सुनिश्चित गर्ने क्रममा उपभोक्ता संरक्षण कानूनको उत्पत्ति भएको मानिन्छ। ऐतिहासिक रूपमा क्याभिएट एम्टर (Caveat emptor which means let the buyer beware)[१] को सिद्धान्त अन्तर्गत उपभोक्ताहरलाई सबै लेनदेनहरू आफैं निरीक्षण गर्नुपर्ने हुन्थ्यो। यो समयमा उपभोक्ताहरूलाई भ्रामक बिक्रीहरूबाट सुरक्षा प्रदान गर्ने कुनै प्रभावकारी उपाय अवलम्बन गरिएको हुँदैनथ्यो। उपभोक्तालाई सामान वा वस्तुको ज्ञानको कमी, प्याकेजिङ्गमा रहेका वस्तु वा सामानको जानकारीको कमी लगायतका जटिलताका कारणहरुले उपभोक्तावादको लहर सिर्जना भएको पाइन्छ।

उपभोक्तावादको विकासक्रमसँगै उपभोक्ताले वस्तु तथा सेवाको उपभोग गर्नुमात्र महत्वपूर्ण विषय होइन। ती वस्तु तथा सेवाहरु गुणस्तरीय र मानव स्वास्थ्यलाई हित गर्छन् कि गर्दैनन्? ती वस्तु तथा सेवाहरु सर्वसाधारणको पहुँचमा छन् कि छैनन्? त्यस्ता वस्तु तथा सेवाहरु बिना भेदभाव सरलरुपमा आवश्यकतानुसार निरन्तर उपभोग गर्न सकिन्छ कि सकिंदैन भन्ने विषय बढी महत्वपूर्ण र चासोको विषयको रुपमा विकास हुँदै गयो। यो सँगसँगै उपभोक्ताको अधिकार संरक्षणका सवालहरुलाई सम्बोधन गर्न विश्वका विभिन्न राष्ट्रहरुले उपभोक्ताको संरक्षणका कुराहरु करार ऐन, वस्तु बिक्री सम्बन्धी ऐन, सार्वजनिक वितरण प्रणाली ऐन, खरिद बिक्रीमा रोक ऐन आदि जस्ता ऐनहरुभित्र एउटा भागको रुपमा समावेश गर्न थाले। हाल एक्काइसौं शताब्दीमा आएर उपभोक्ता संरक्षण आन्दोलनका कारण उपभोक्ताको हकले नयाँ आयाम लिएको छ।जसले गर्दा संयुक्त राष्ट्रसङ्घको साधारण सभाले पनि उपभोक्ता संरक्षणका लागि निर्देशिका लागू गरेको छ। अन्य विभिन्न राष्ट्रहरुले पनि उपभोक्ता संरक्षणका लागि अलग्गै विशेष ऐन बनाएको समेत पाइन्छ।

### १.२ अध्ययनको आवश्यकता र औचित्य

नेपालमा उपभोक्ता सम्बन्धी कानूनलाई एकीकरण गरी एकीकृत कानून निर्माण गर्ने सम्बन्धमा अध्ययन गर्नुको औचित्य र आवश्यकता देहाय बमोजिम रहेका छन्:-

[१] The rule of caveat emptor which means "let the buyer beware" has been overridden by the rule of caveat venditor. Such change was required because of changing conditions of modern trade and commerce. The phrase caveat emptor is not used by the judges very often nowadays. This doctrine is based on the principle that when a buyer is satisfied as to the product's suitability, then he is left with no subsequent right to reject such product. The caveat emptor rule originated many years ago in common law and over the times has undergone major changes. The exceptions of the doctrine started expanding with time as it was being given a concrete shape. The principle of Caveat emptor is explained in Section 16 of the Sale of Goods Act 1930, India, which states that there is no implied condition or warranty as to quality or fitness for any particular purpose of goods supplies.

१. नेपाल सरकार  कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयले उपभोक्ता कानूनको एकीकरण गर्न सकिने वा नसकिने विषयमा अध्ययन गर्न अनुरोध भई आएको सन्दर्भमा उपभोक्ता सम्बन्धी कानूनलाई एकीकृत गर्न सकिने वा नसकिने सम्बन्धमा अध्ययन गर्नु आवश्यक रहेको।

२. नेपालमा उपभोक्ताको अधिकार र उपभोग्य वस्तुको गुणस्तर निर्धारण सम्बन्धमा फरक फरक कानूनी व्यवस्थाहरु छरिएर रहेका छन्।जसले कानून कार्यान्वयन प्रभावकारी हुन नसकेको सन्दर्भमा एकीकृत कानून निर्माण सम्बन्धी अध्ययन आवश्यक रहेको।

३. उपभोक्ताको अधिकार सम्बन्धमा अन्तर्राष्ट्रिय जगतमा भएका पछिल्ला असल अभ्यासहरुलाई एकीकृत कानूनमा समावेश गरी प्रभावकारी कानून तर्जुमा गर्न पनि उपभोक्ता सम्बन्धी एकीकृत कानून निर्माण सम्बन्धी अध्ययन आवश्यक रहेको।

४. उपभोक्ताको अधिकार सम्बन्धमा आवश्यक व्यवस्था गर्ने कानूनहरु एकीकृत गर्दा समाजमा के कति सकारात्मक प्रभाव पर्न सक्छ भन्ने कुराको यकीन गरी नेपाल सरकारलाई सुझाव दिन आवश्यक भएको।

५. उपभोग्य वस्तुको उत्पादन, बिक्री वितरण तथा आपूर्ति, उपभोग, भण्डारण, क्षतिपूर्ति, सजाय लगायतका कार्यलाई एउटै कानूनबाट नियमन गर्न सकिने वा नसकिने सम्बन्धमा समेत अध्ययन गर्न आवश्यक रहेको छ।

## १.३ अध्ययनको उद्देश्य

नेपालमा उपभोक्ता सम्बन्धी कानूनलाई एकीकरण गरी एकीकृत कानून सम्बन्धी अध्ययन गर्नुका उद्देश्यहरु देहाय बमोजिम रहेक छन्ः-

१. उपभोक्ताको अधिकार सम्बन्धमा नेपालमा रहेका कानूनहरुको विस्तृत अध्ययन गर्ने,
२. उपभोक्ताको अधिकार सम्बन्धी विभिन्न अन्तर्राष्ट्रिय सन्धि सम्झौतामा भएका प्रावधानहरुको अध्ययन गर्ने,
४. उपभोक्ता सम्बन्धी अन्तर्राष्ट्रियस्तरमा भएका असल अभ्यास र कानूनी प्रावधानहरुको अध्ययन गर्ने,
५. उपभोक्ताको अधिकार सम्बन्धी न्यायिक दृष्टिकोणको अध्ययन गर्ने,
६. उपभोक्ताको अधिकार सम्बन्धी एकीकृत कानून तर्जुमा गर्दा हुने फाइदा तथा चुनौतीहरुको अध्ययन गरी निष्कर्ष र सुझावहरु सिफारिस गर्ने।

## १.४ अध्ययन विधि

प्रस्तुत अध्ययन सैद्धान्तिक विधिमा (Doctrinal Methods) आधारित छ।अध्ययनको तथ्याङ्क, तथ्य तथा आधारहरु विभिन्न लिखित स्रोत सामग्रीबाट सङ्कलन गरी अध्ययन गरिएको छ।उपभोक्ताको अधिकार सम्बन्धी नेपालको संविधान, ऐन, कानूनहरुमा भएका प्रमुख व्यवस्थाहरु मुख्य स्रोतका

रुपमा रहेका छन् भने विभिन्न मुलुकका वेबसाइट, विभिन्न लेखकहरुका पुस्तक, विभिन्न निकायका प्रतिवेदन, लेख/रचना आदि सहायक स्रोतका रुपमा रहेका छन्। सैद्धान्तिक विधि अपनाई सङ्कलन गरिएको सूचनालाई अध्ययन र विश्लेषण गरी यो अध्ययन सम्पन्न गरिएको छ।

## १.५ अध्ययनको सीमा

यो अध्ययन सीमित स्रोत साधनमा सैद्धान्तिक विधि अवलम्बन गरी द्वितीय तथ्याङ्कको आधारमा तयार पारिएको छ। उपभोक्ता सम्बन्धी एकीकृत कानून बनाउन सकिने वा नसकिने मूल ध्येय राखी सो विषयमा नेपालमा विद्यमान कानूनी व्यवस्थाहरु तथा सर्वोच्च अदालतबाट प्रतिपादित नजिर सिद्धान्तहरु, अन्तर्राष्ट्रिय सन्धि सम्झौताहरु, अन्य मुलुकका कानूनी व्यवस्थाहरू तथा नवीनतम असल अभ्यासहरुको विषयमा सीमित रही अध्ययन प्रतिवेदन तयार गरिएको छ। अध्ययन समितिका संयोजक तथा सदस्यहरुबीच छलफल, अध्ययन, विश्लेषण गरी निष्कर्ष र सुझाव प्रस्तुत गरिएको छ।

## १.६ अध्ययनको संरचना

प्रस्तुत अध्ययनलाई देहाय बमोजिम सात परिच्छेदमा विभक्त गरिएको छः-

**परिच्छेद एकः** यस परिच्छेदमा अध्ययनको आवश्यकता र औचित्य, अध्ययनको उद्देश्य, सूचना सङ्कलन र अध्ययनको विधि लगायतका प्रारम्भिक विषयलाई समावेश गरिएको छ।

**परिच्छेद दुईः** यस परिच्छेदमा उपभोक्ताको परिचय, उपभोक्ता अधिकारको ऐतिहासिक विकास, उपभोक्तावादको उदय र पृष्ठभूमि आदि सैद्धान्तिक विषयलाई प्रस्तुत गरिएको छ।

**परिच्छेद तीनः** यस परिच्छेदमा उपभोक्ता कानूनसँग सम्बन्धित अन्तर्राष्ट्रिय कानूनहरुको सैद्धान्तिक पक्षलाई उल्लेख गरिएको छ।

**परिच्छेद चारः** यस परिच्छेदमा उपभोक्ता कानून सम्बन्धी विदेशी मुलुकका असल अभ्यास र कानूनी व्यवस्थाहरू उल्लेख गरिएको छ।

**परिच्छेद पाँचः** यस परिच्छेदमा नेपालका उपभोक्तासँग सम्बन्धित विद्यमान कानूनी व्यवस्थाहरू उल्लेख गरिएको छ।

**परिच्छेद छः** यस परिच्छेदमा उपभोक्तासँग सम्बन्धित प्रचलित कानूनी व्यवस्थाहरुको तुलना र विश्लेषण गरिएको छ।

**परिच्छेद सातः** यस परिच्छेदमा निष्कर्ष र सुझाव प्रस्तुत गरिएको छ।

नेपाल कानून आयोग

## १.७ अध्ययन समितिको गठन

नेपाल कानून आयोगको आर्थिक वर्ष २०७९/०८० को वार्षिक कार्यक्रममा आयोगले विभिन्न कानूनको अध्ययन अनुसन्धान गर्ने वा गराउने, कानूनको एकीकरण, संशोधन अध्ययन गर्ने लगायतका विषय समावेश भई आयोगको चालू आ.व. को बजेटमा आवश्यक बजेट समेत विनियोजन भएको छ। उपभोक्ता कानूनलाई एकीकरण गर्न सकिने वा नसकिने सम्बन्धमा अध्ययन गरी सुझाव दिन कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयको च.नं. १७, मिति २०७९/०४/२५ को बोधार्थपत्र आयोगलाई प्राप्त भयो। पुनः सोही मन्त्रालयको च.नं. ३८, मिति २०७९/०५/२१ गतेको पत्रबाट उपभोक्ता संरक्षण ऐन, २०७५, वस्तुको बिक्री (व्यवस्थापन तथा नियमन) गर्ने ऐन, २०७४ तथा विद्युतीय व्यापारको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकको कतिपय विषय एकै प्रकृतिका रहेकोले उल्लिखित ऐन तथा विधेयकका विषयलाई समावेश गरी एउटै विधेयक बनाउन सकिने वा नसकिने विषयमा उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय समेतको समन्वयमा अध्ययन गरी सुझाव पठाउन अनुरोध भई आएपछि आयोगको मिति २०७९/०५/२२ को सचिवस्तरीय निर्णयबाट उपभोक्ता सम्बन्धी कानूनको एकीकरण सम्बन्धी अध्ययन गरी आयोग समक्ष सुझाव पेश गर्ने कार्यका लागि देहाय बमोजिमको अध्ययन समिति गठन भएको छः-

### १.७.१ अध्ययन समितिः-

(क) सचिव, नेपाल कानून आयोग -संयोजक

(ख) प्रतिनिधि, (उपसचिवस्तरको), कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय -सदस्य

(ग) प्रतिनिधि, (उपसचिव स्तरको), उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय -सदस्य

(घ) उपसचिव, तर्जुमा शाखा, नेपाल कानून आयोग -सदस्य

(ङ) शाखा अधिकृत रामकृष्ण पाठक, नेपाल कानून आयोग -सदस्य-सचिव

अध्ययन समितिमा सम्बन्धित मन्त्रालयबाट प्रतिनिधि तोकिई आएकोले समितिले पूर्णता पाए पश्चात समितिमा देहाय बमोजिमका संयोजक र सदस्य रहेकोः-

(क) श्री लीला देवी गडतौला (निरौला), सचिव, नेपाल कानून आयोग -संयोजक

(ख) श्री झइन्द्र प्रसाद गुरागाई, उपसचिव, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय -सदस्य

(ग) श्री बालकृष्ण निरौला, उप-सचिव, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय -सदस्य

नेपाल कानून आयोग

(घ) श्री बिमला पौडेल, उपसचिव, नेपाल कानून आयोग -सदस्य

(ङ) श्री रामकृष्ण पाठक, शाखा अधिकृत, नेपाल कानून आयोग -सदस्य-सचिव

**१.७.२ अध्ययन समितिको काम, कर्तव्य र अधिकारः**

१. सम्बन्धित विषयमा नेपालको संविधानमा रहेका प्रावधान, अन्तर्राष्ट्रिय कानूनी प्रावधान तथा अन्य मुलुकको व्यवस्थाहरुको विस्तृत अध्ययन गर्ने,

२. उपभोक्ता सम्बन्धी नेपालमा विद्यमान कानूनी व्यवस्थाहरुको विस्तृत अध्ययन गर्ने,

३. प्रस्तुत विषयमा यस आयोगका अधिकृत कर्मचारी, सरोकारवाला तथा विज्ञलाई समितिको बैठकमा आमन्त्रण गर्ने,

४. आवश्यकतानुसार सरोकारवालासँग छलफल तथा अन्तर्क्रिया गर्ने,

५. अन्य आवश्यक कार्य गर्ने।

नेपाल कानून आयोग

# परिच्छेद- २

## उपभोक्ता कानूनको परिचय

### २.१ उपभोक्ताको अर्थ तथा परिभाषा

शाब्दिक अर्थमा उपभोक्ता भन्नाले वस्तु वा सेवाको उपभोग गर्ने व्यक्ति भन्ने बुझिन्छ। उपभोक्तालाई निजी प्रयोग वा उपभोगका लागि सामान खरिद गर्ने वा भाडामा लिने व्यक्तिको रुपमा लिन सकिन्छ। आजको विकसित समाजमा उपभोक्ताको परिभाषा व्यापक हुँदै गएको छ। आज कुनै पनि वस्तु वा सेवाहरू प्रयोग गर्ने कुनै पनि व्यक्ति मात्र उपभोक्ता नभएर उत्पादक तथा आपूर्तिकर्ता व्यक्तिहरूले प्रदान गरेका वस्तुहरू र सेवाहरूको प्रयोगबाट प्रभावित हुन सक्ने कुनै पनि व्यक्तिसमेतलाई उपभोक्ताको रुपमा स्वीकार गरिएको छ।

उपभोक्ता अधिकारका पिताको रुपमा मानिएका प्रख्यात अमेरिकी राजनीतिक अभियान्ता **Ralph Nader** ले "consumer" means **an individual who obtains, from a financial institution, financial products or services which are to be used primarily for personal, family, or household purposes**, and also means the legal representative of such an individual.[2] भनी परिभाषित गरेका छन्। Christopher Mpaka, Consumer Protection (You and The Law, Oxford University Press, १९९२)ले "A consumer as any person who uses any goods or services and can be any person who is affected by the use of those goods and services provided by other persons." [3], Oxford Advanced Learner's Dictionary of Current English मा "A person who purchases goods and services for personal use." भनी परिभाषित गरिएको छ भने Cambridge Dictionary मा "A person who buys goods or services for their own use." भनी उपभोक्तालाई परिभाषित गरिएको छ।

नेपालको उपभोक्ता संरक्षण ऐन, २०७५ ले उपभोक्ता भन्नाले कुनै वस्तु वा सेवा उपभोग वा प्रयोग गर्ने व्यक्ति वा संस्था सम्झनु पर्छ भनी परिभाषित गरेको छ।[4] यस ऐनले उपभोक्ता संस्थालाई उपभोक्ताको हक, हित संरक्षण र संवर्द्धनको उद्देश्यले प्रचलित कानून बमोजिम स्थापना भएको संस्था भनी परिभाषित गरेको छ। यस आधारमा उपभोक्ता संरक्षण ऐनले नेपाल विद्युत् प्राधिकरण, खानेपानी, टेलिफोन, यातायात, शिक्षा तथा अन्य सार्वजनिक निकायहरु जस्ता सार्वजनिक संस्थाले प्रदान गर्ने सेवाहरु लिएमा सो व्यक्तिलाई पनि उपभोक्ता भनिन्छ।[5]

---

[2] https://www.pbs.org/newshour/classroom/2015/12/how-ralph-nader-defined-consumer-rights/
[3] Christopher Mpaka, Consumer Protection (You and The Law, Oxford University Press, 1992)
[4] २(घ), उपभोक्ता संरक्षण ऐन, २०७५
[5] *ibid* २(द)

## २.२ उपभोक्ता सम्बन्धी कानूनको ऐतिहासिक विकास

उत्पादकको र सामान बिक्रेताको शोषण र दुरुपयोगका कारण लामो समयसम्म उपभोक्ता मर्कामा परेपछि सो शोषण विरुद्ध उपभोक्ताले आफ्नो हक सुनिश्चित गर्ने क्रममा उपभोक्ता संरक्षण कानूनको उत्पत्ति भएको मानिन्छ। ऐतिहासिक रूपमा क्याभिएट एम्प्टर (**Caveat emptor which means let the buyer beware**)[6] को सिद्धान्त अन्तर्गत उपभोक्ताहरूलाई सबै लेनदेनहरू आफैं निरीक्षण गर्नु पर्ने हुन्थ्यो। यो समयमा उपभोक्ताहरूलाई भ्रामक बिक्रीहरूबाट सुरक्षा प्रदान गर्ने कुनै प्रभावकारी उपाय अवलम्बन गरिएको हुँदैनथ्यो। उपभोक्तालाई सामान वा वस्तुको ज्ञानको कमी, सामान वा वस्तुको प्याकेजिङ्गमा वस्तु वा सामानको जानकारीको कमी, लगायतका जटिलताका कारणहरुले उपभोक्तावादको लहर सिर्जना भएको पाइन्छ।

उपभोक्तावादको विकासक्रमसँगै उपभोक्ताले वस्तु तथा सेवाको उपभोग गर्नु मात्र महत्वपूर्ण विषय होइन, ती वस्तु तथा सेवाहरु गुणस्तरीय र मानव स्वास्थ्यलाई हित गर्छन् कि गर्दैनन्, ती वस्तु तथा सेवाहरु आम पहुँचमा छन् कि छैनन्, त्यस्ता वस्तु तथा सेवाहरु बिना भेदभाव सरलरुपमा आवश्यकतानुसार निरन्तर उपभोग गर्न सकिन्छ कि सकिँदैन भन्ने विषय बढी महत्वपूर्ण विषयको रुपमा विकास हुँदै गयो। यो सँगसँगै उपभोक्ताको अधिकार संरक्षणका सवालहरुलाई सम्बोधन गर्न विश्वका विभिन्न राष्ट्रहरुले उपभोक्ताको संरक्षणका कुराहरु करार ऐन, वस्तु बिक्री सम्बन्धी ऐन, सार्वजनिक वितरण प्रणाली ऐन, खरिद बिक्रीमा रोक ऐन आदि ऐनहरुभित्र एउटा भागको रुपमा समावेश गर्न थाले। हाल एक्काइसौं शताब्दीमा आएर उपभोक्ता संरक्षण आन्दोलनका कारण उपभोक्ताको हकले नयाँ आयाम लिएको छ। संयुक्त राष्ट्र सङ्घको साधारण सभाले पनि उपभोक्ता संरक्षणका लागि निर्देशिका जारी गरी लागू गरेको छ। अन्य विभिन्न मुलुकहरुले पनि उपभोक्ता संरक्षणका लागि अलग्गै विशेष ऐन बनाएको पाइन्छ।

## २.३ कानूनद्वारा उपभोक्ता संरक्षण गर्नुपर्ने आवश्यकता तथा महत्वः

उपभोक्ताहरूलाई असुरक्षित रुपमा उपभोगमा आएका वस्तु, सेवा तथा सुविधाबाट हुन सक्ने शारीरिक, मानसिक, सामाजिक, सांस्कृतिक लगायतका क्षेत्रमा पर्न सक्ने नकरात्मक प्रभाव, हानि नोक्सानी वा चोटपटक, अन्य प्रचलित कुप्रथाहरूबाट हुन सक्ने अपूरणीय क्षतिबाट जोगाउन उपभोक्ता संरक्षण कानूनको आवश्यकता पर्दछ। उपभोक्ताको भौतिक सुरक्षा, जानकारीमा पहुँच, उचित मूल्यमा गुणस्तरीय सामान उपलब्ध गराउने संस्थागत सामाजिक उत्तरदायित्व, उपभोक्ता सन्तुष्टि, सामाजिक न्याय, विश्वसनीयता र व्यवसायको वृद्धि सुनिश्चित गर्नको लागि पनि उपभोक्ताको कानूनी संरक्षण गर्नु आवश्यक हुन्छ।

---

6 ibid3



नेपाल कानून आयोग

उपभोक्तावादी आन्दोलनका पिताको रुपमा समेत चिनिने राल्फ नडर (Ralph Nader)[7] ले उपभोक्ताको संरक्षण गर्नु भनेको नागरिकको आधारभूत नागरिक अधिकारको संरक्षण गर्नु हो भनी उपभोक्ता संरक्षणको विषयलाई प्राथमिकताका साथ उठान गरेका थिए।[8] उपभोक्ता संरक्षणको फराकिलो दायरा छ। यसले उपभोक्ताहरूलाई उनीहरूको अधिकार र जिम्मेवारीहरू बारे शिक्षित गराउने कुरा मात्र समावेश गर्दैन, यसले उनीहरूको गुनासोहरूको समाधान गर्न पनि मद्दत गर्दछ। यसले उपभोक्ताको हितको रक्षाका लागि न्यायिक संयन्त्र मात्र पर्याप्त हुँदैन, उपभोक्ताहरू एकजुट भएर आफ्नो हितको संरक्षण र प्रवर्द्धनका लागि सङ्गठित हुनुपर्दछ भन्ने मान्यता राखेको पाइन्छ।

### २.३.१ उपभोक्ताको दृष्टिकोणबाट उपभोक्ता संरक्षणको महत्त्वः

**(क) उपभोक्तालाई आफ्नो अधिकारको बारेमा अवगत गराउनः**

आम उपभोक्ताहरुलाई आफ्ना मानव अधिकार र उनीहरूलाई उपलब्ध उपभोक्ता अधिकारका बारेमा सचेतना अभिवृद्धि गर्न र आवश्यकतानुसार उनीहरूलाई यसबारे शिक्षा दिन आवश्यक छ।

**(ख) असङ्गठित उपभोक्ताहरूलाई सङ्गठित रुपमा अगाडि बढाउनः**

उपभोक्ताहरूलाई उनीहरूको हितको रक्षा गर्ने उपभोक्ता सङ्गठनको रूपमा सङ्गठित हुन आवश्यक छ। यद्यपि, नेपालमा उपभोक्ता सङ्गठनहरू छन्, जसले यस दिशामा प्रभावकारी रुपमा काम गर्न सकिरहेका छैनन्। उपभोक्ताको हितको संरक्षण र प्रवर्द्धन गर्न उपभोक्ता सङ्गठनहरु शक्तिशाली बनाई उपभोक्ताहरूलाई पर्याप्त सुरक्षा प्रदान गर्न आवश्यक छ।

**(ग) उपभोक्ताहरु माथि हुने सबै शोषणबाट मुक्त गर्नः**

बेइमान, शोषण र अनुचित व्यापार अभ्यासहरू जस्तै- दोषपूर्ण र असुरक्षित उत्पादनहरू, मिसावट, गलत र भ्रामक विज्ञापन, होर्डिङ बोर्डबाट हुने अव्यवस्थित विज्ञापन, कालोबजारी, सिन्डिकेट, कार्टेलिङ्ग, गुणस्तरहीन वस्तु तथा सेवाको उत्पादन र प्रवाह आदि कार्यबाट उपभोक्ताहरू शोषित भएका हुन्छन्। उत्पादक र बिक्रेताहरुको यस्तो लापरबाहीबाट उपभोक्तालाई सुरक्षा दिनु आवश्यक हुन्छ।

नेपाल कानून आयोग

7 **Ralph Nader**, (born February 27, 1934, Winsted, Connecticut, U.S.), American lawyer and consumer advocate who was a four-time candidate for the U.S. presidency (1996, 2000, 2004, and 2008). For coverage of the 2008 election, *see* United States Presidential Election of 2008.

8 David Oughton and John Lawry; Textbook on Consumer Law (1997), Black Stone Press Limited London

### २.३.२ व्यापारिक दृष्टिकोणबाट उपभोक्ता संरक्षणको महत्त्व

व्यवसायीले उपभोक्ताको सुरक्षा र उनीहरूलाई पर्याप्त रूपमा सन्तुष्ट पार्नमा पनि जोड दिनुपर्छ। निम्न कारणहरूले गर्दा व्यापारिक दृष्टिकोणबाट यो महत्त्वपूर्ण छः

**(क) व्यवसायको दीर्घकालीन हित गर्नः**

प्रबुद्ध र विश्वसनीय व्यवसायले आफ्नो दीर्घकालीन हितका लागि आफ्ना ग्राहकहरूलाई सन्तुष्ट पार्न पर्छ भन्ने कुराका बारेमा व्यवसायीहरु जानकार हुनुपर्दछ। सेवा र गुणस्तरबाट सन्तुष्ट ग्राहकहरूले बिक्री दोहोर्‍याउने मात्र नभई सम्भावित ग्राहकहरूलाई राम्रो प्रतिक्रिया पनि प्रदान गर्छन्। यसरी यसले व्यवसायको उपभोग्य क्षमता बढाउन मद्दत गर्दछ। तसर्थ, व्यावसायिक फर्महरूले ग्राहक सन्तुष्टिको माध्यमबाट दीर्घकालीन नाफा प्राप्त गर्ने लक्ष्य राख्नु आवश्यक छ।

**(ख) व्यवसायीले समाजका स्रोतहरू प्रयोग गर्ने भएकोले नैतिक उत्तरदायित्व बहन गर्नुपर्नेः**

व्यापारिक सङ्गठनहरूले समाज र स्थानीयसँग सम्बन्धित स्रोतहरू प्रयोग गर्छन्। तसर्थ, सार्वजनिक हितमा हुने र त्यसमा जनताको विश्वासमा आँच नपुग्ने गरी व्यावसायिक तथा व्यापारिक सङ्गठनहरुले उत्पादन र आपूर्ति गर्ने र त्यस्ता सेवाहरू नैतिकवान रुपमा प्रदान गर्ने जिम्मेवारी व्यवसायीले बहन गर्नुपर्ने हुन्छ।

**(ग) संस्थागत सामाजिक उत्तरदायित्वः**

व्यवसायमा विभिन्न वर्ग र समूहहरूप्रति सामाजिक दायित्वहरू हुन्छन्। व्यापारिक सङ्गठनहरूले सामान बेचेर र उपभोक्ताहरूलाई सेवा प्रदान गरेर पैसा कमाउँछन्। तसर्थ, उपभोक्ताहरू व्यवसायीका धेरै सरोकारवालाहरूमध्ये एक महत्त्वपूर्ण समूह हो र अन्य सरोकारवालाहरू जस्तै तिनीहरूको हितको राम्रोसँग ख्याल गर्नु व्यावसायिक सङ्गठनहरुको दायित्व पनि हो। त्यस्तै आफ्नो व्यावसायिक लाभको निश्चित हिस्सा Corporate Social Responsibility को रुपमा समाज सेवामा समेत खर्च गर्नुपर्ने दायित्व व्यावसायिक सङ्गठनहरुको हुने गर्दछ।

**(घ) व्यावसायिक नैतिकताको पालना गर्नः**

उपभोक्ताको हितको ख्याल राख्नु र कुनै पनि प्रकारको शोषणबाट उपभोक्तालाई सुरक्षा प्रदान गर्नु कुनै पनि व्यवसायीको नैतिक कर्तव्य हो। तसर्थ, व्यवसायीले खराब र असुरक्षित उत्पादनहरू, मिसावट, झुटा र भ्रामक विज्ञापनहरू, मिलेमतो, सिन्डिकेट,

कालोबजारी, आदि बेइमानी र अनुचित व्यापार अभ्यासहरूबाट आफूलाई टाढा राखी व्यावसायिक धर्मको निर्वाह गर्नुपर्दछ।

**(ङ) सरकारी हस्तक्षेप वानियमन गर्नः**

कुनै पनि प्रकारको अनैतिक, नाफाखोरी, शोषणकारी व्यापार अभ्यासमा संलग्न व्यवसायीमाथि उचित सरकारी हस्तक्षेप वा कारबाही आवश्यक हुन्छ। तसर्थ, स्वेच्छाचारी व्यापारिक एकाधिकारबाट आम उपभोक्तालाई सुरक्षा प्रदान गर्न राज्यले Coercive Power को आवश्यकतानुसार प्रयोग गरी त्यस्ता व्यापारिक सङ्गठनहरूमाथि नियमन र नियन्त्रण गर्नु आवश्यक हुन्छ।

## २.४ उपभोक्तावाद

McMillan Dictionary (१९८५) का अनुसार "उपभोक्तावाद" भनेको वस्तु तथा सेवाको उत्पादन तथा वितरण गर्ने संस्थाहरूबाट आदानप्रदान सम्बन्ध भएका सबै उपभोक्ताहरूलाई सुरक्षित राख्नु हो। यसले सरकार, व्यवसाय, स्वतन्त्र संस्थाहरू र सम्बन्धित उपभोक्ताहरूको गतिविधिहरूलाई समेट्छ, जो उपभोक्ताहरूको अधिकारको रक्षा गर्न जिम्मेवार ठानिएको हुन्छ। "उपभोक्तावाद"को सुरुवात गर्ने राल्फ नडरले उपभोक्तावादलाई गुणस्तरीय जीवन अभिवृद्धि गर्ने सर्वाधिक महत्वपूर्ण अवधारणाका साथ यसलाई अगाडि लगेका थिए।9

उपभोक्ताको कानूनको ऐतिहासिक विकासको प्रारम्भिक चरणमा कार्यान्वयन भएको 'Caveat emptor' को सिद्धान्त अनुसार बिक्रेता र क्रेता बीचको सम्बन्धमा क्रेता आफैं सतर्क रहनु पर्ने हुन्थ्यो। खुला बजारको विकास सँगसँगै क्रेता र बिक्रेताले विनिमय बजारमा आफ्नो आफ्नो भूमिका निर्वाह गर्ने क्रमको सुरुवात हुन थालेको हो। त्यस्तो बजारमा बिक्रेताले उसको सामानको प्रदर्शनी गर्थे र क्रेताले राम्ररी जाँचेर वस्तु तथा सेवाहरु खरिद गर्थे। लेनदेनमा प्रवेश गर्दा उपभोक्ताले सबै हेरचाह र सीप प्रयोग गरी किन्नु पर्ने अवधारणाको विकास गरिएको थियो। तर व्यापार व्यवसायको विस्तार र वृद्धिसँगै यो नियम प्रभावकारी हुन सकेन। खरिदकर्तासे सामान पहिले नै जाँच गर्न असम्भव छ। आधुनिक वस्तुहरूको जटिल संरचनाको कारण केवल उत्पादक/बिक्रेताले सामानको गुणस्तर सुनिश्चित गर्न सक्छन्। उत्पादनमूलक गतिविधिहरू व्यवस्थित हुँदै जाँदा उत्पादक/बिक्रेताहरू बलियो र व्यवस्थित हुँदै गएका छन् भने क्रेताहरू अझै कमजोर र असङ्गठित हुँदै गएका छन्। यसै कारण उपभोक्ताको सार्वभौम अधिकारको संरक्षण गर्नका लागि उपभोक्तावादको विकास भएको हो।

उद्योगी तथा व्यापारीहरूको षडयन्त्र, गुटबन्दी, जाली व्यापारिक गतिविधि तथा अवान्छित व्यापारिक क्रियाकलापको कारणबाट उपभोक्ताहरू मिसावटयुक्त, दुषित, कमसल, अस्वस्थ र असुरक्षित

9 Action and Le mond, Ralph Nadar: A Man and Movement (1962)

मालसामान र सेवाको महङ्गो मूल्यमा खरिद गर्न बाध्य भएर शोषित हुन परेपछि यस शोषण विरुद्ध आन्दोलनको रुपमा उपभोक्तावादको अवधारणा अगाडि बढेको पाइन्छ। उपभोक्ताको अधिकारप्रति नागरिकको चासो बढेपछि उपभोक्ता अधिकारको बृहत् संरक्षणको लागि आन्दोलनको रुपमा उपभोक्तावादको अवधारणा विकास हुँदै गयो। यस आन्दोलनको प्रमुख उद्देश्य उपभोक्ताको हित प्रवर्द्धन, वस्तु र सेवाको उपभोगसँग व्यक्तिगत खुशीलाई बराबरी, इमानदार प्याकेजिङ, विज्ञापन आदि माध्यमद्वारा उपभोक्ताहरूलाई संरक्षण र जानकारी दिनु रहेको देखिन्छ।

उपभोक्तावादले उपभोक्ताका विभिन्न अधिकारहरूको संरक्षण गरी उत्पादकहरू बीच निष्पक्षता र इमानदारीलाई बढावा दिन्छ। यसले उपभोक्ताहरूलाई विभिन्न गल्तीहरूबाट जोगाई उत्पादक र उपभोक्ताहरू बीच बलियो बन्धन सिर्जना गर्दछ। उपभोक्तावादको उद्देश्यहरु गुणस्तरीय वस्तु तथा सेवाको सुनिश्चित गर्नु, भ्रामक प्रचार र विज्ञापनबाट उपभोक्तालाई जोगाउनु, उपभोग्य वस्तुको आधारभूत जानकारी उपभोक्तालाई दिनु, गुणस्तरहीन उपभोग्य वस्तुबाट हुन गएको क्षतिको सम्बन्धित बिक्रेताबाट क्षतिपूर्ति उपलब्ध गराउनु, उपभोक्ताको छनोटको अधिकार संरक्षण गर्नु आदि रहेका छन्।

नेपाल कानून आयोग

## परिच्छेद- ३

## उपभोक्ता अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय कानूनी अभ्यास

विश्वको अर्थतन्त्र अहिले एक अर्कासँग निर्भर छ। अन्तर्राष्ट्रिय व्यापार र वाणिज्यको नवीन विधि र प्रणालीको विकासले गर्दा उपभोक्ता संरक्षणले पनि अन्तर्राष्ट्रिय रुप लिएको छ। ठूलाठूला बहुउद्देश्यीय कम्पनीले अन्य राष्ट्रहरुमा गई विभिन्न सामान वा वस्तुको उत्पादन, बिक्री वितरण, प्रवर्द्धन गर्न थालेपछि अन्तर्राष्ट्रियरुपमा अन्तरदेशीय सहकार्यको आवश्यकता बढेको हो। उपभोक्ता संरक्षणको लागि लागू हुने न्यूनतम मापदण्डको स्थापना र सीमापार व्यापारको विकासका लागि आउन सक्ने कानूनी, प्रकृयागत तथा करप्रणाली लगायतका अवरोधहरूको उन्मूलन गर्ने समेतका लक्ष्यको कारण उपभोक्ता कानूनको अन्तर्राष्ट्रियकरणलाई विश्वव्यापी रूपमा अगाडि बढाइएको देखिन्छ।

सन् १९८० को दशकदेखि संयुक्त राष्ट्रसङ्घले उपभोक्ता संरक्षणको लागि राष्ट्रिय तहबाट मात्रै नपुग्ने भएकाले अन्तर्राष्ट्रिय सहकार्य प्रवर्द्धन गर्नु पर्नेमा विशेष जोड दिएको देखिन्छ। अन्य अन्तर्राष्ट्रिय संस्थाहरु जस्तै- Food and Agricultural Organization (FAO), International Labor Organization (ILO) र World Intellectual Property Organization (WIPO) समेतले अन्तर्राष्ट्रिय तहमा विश्वव्यापी उपभोक्ता संरक्षणको विकासका लागि सक्रिय सहभागिता र भूमिका निर्वाह गर्दै आएका छन्।

FAO ले खाद्य विशेष कार्यक्रम मात्र नभई उपभोक्ता हितको उद्देश्यले पनि निर्देशिकाहरु बनाएको छ[10]। त्यसैगरी ILO ले कामदारहरु पनि उपभोक्ता हुन् र उनीहरुलाई पनि जीवनयापनका आधारभूत कुराहरु जस्तै- सामानको उचित मूल्य, परिमाण र गुणस्तर हुनु पर्ने कुरामा जोड दिन्छ[11]। WIPO ले पनि विकाशोन्मुख राष्ट्रहरुका उपभोक्ताका लागि वास्तविक सामानहरू उपलब्ध गराउन मोडल कानून बनाएको छ र विशेष गरी विकासोन्मुख देशहरूमा उपभोक्ताहरूको सुरक्षाको सुधारको लागि औद्योगिक तथा बौद्धिक सम्पत्ति प्रयोग गर्ने उपायहरूको बारेमा पनि जोड दिएको देखिन्छ।

संयुक्त राष्ट्र सङ्घको व्यापार र विकास सम्मेलन United Nations Conference on Trade and Development (UNCTAD) को प्रतिस्पर्धा र उपभोक्ता नीतिहरूको उद्देश्य भनेकै साझेदार देशहरूमा प्रतिस्पर्धाको फाइदा, खुला र प्रतिस्पर्धात्मक बजार, प्रमुख क्षेत्रमा निजी क्षेत्रको लगानी र अन्ततः उपभोक्ताहरूलाई कल्याण सुनिश्चित गर्नु हो[12]।

सन् १९६० मा स्थापित एक गैरलाभकारी गैरसरकारी संस्था कन्ज्युमर्स इन्टरनेशनलले विश्वव्यापी बजारमा सबै उपभोक्ताहरूको लागि निष्पक्ष, सुरक्षित र दिगो भविष्यको लागि काम गर्दै आएको छ।

---

[10] S.K. Verma, M.Afzal Wani ; A Treaties on Consumer Protection Laws (2004), Indian Law Institute

[11] *ibid*

[12] https://icpen.org/consumer-protection-around-world [accessed on 21/12/2022]

कन्ज्युमर्स इन्टरनेशनलले उपभोक्ताहरूको अधिकारलाई सशक्त बनाउन र उनीहरूलाई सुरक्षित, निष्पक्ष र इमानदारीपूर्वक व्यवहार गरेको सुनिश्चित गर्न विविध उपायहरु अवलम्बन गर्दै आएको छ।[13]

कन्ज्युमर्स इन्टरनेशनलको सफल अभियानकै कारण संयुक्त राष्ट्रसँगको साधारण सभाले सन् १९८५ मा UN Guidelines for Consumer Protection नामक निर्देशिका जारी गरेको थियो।[14] यो निर्देशिका सन् २०१५ मा दोस्रो पटक संशोधन पनि भएको थियो। यो निर्देशिका एउटा महत्वपूर्ण अन्तर्राष्ट्रिय कानूनी आधार हो, जसले उपभोक्ता अधिकारका सिद्धान्तहरूलाई थप वैधानिकता दिएको छ। यसले उपभोक्ता अधिकारका सिद्धान्तहरूलाई व्यावहारिक समर्थन र विश्वव्यापी उपभोक्ता संरक्षणको विकासको लागि मार्गदर्शन समेत दिएको छ। उक्त निर्देशिकाले उपभोक्ताका अधिकारहरूलाई व्यापक रूपमा प्रतिबिम्बित गर्दै उपभोक्ताका आवश्यकताहरू समावेश गरेको छ। यसको प्राथमिक उद्देश्य भनेको सरकारी विभागहरू र व्यापार सङ्गठनहरूलाई मार्गदर्शन प्रदान गर्नु हो। यो उपभोक्ता संरक्षणसँग सम्बन्धित कुनै पनि देशका वस्तु उत्पादन र सेवा प्रवाह गर्ने सङ्गठनका लागि एक महत्वपूर्ण उपकरणको रुपमा रहेको छ।

### ३.१ संयुक्त राष्ट्र सङ्घले उपभोक्ता संरक्षणमा जारी गरेको निर्देशिकाका उद्देश्यहरू देहायबमोजिम छन्:[15]:

१. विश्वभरका राष्ट्रहरूलाई मद्दत गर्न र उपभोक्ताको रूपमा उनीहरूको जनसङ्ख्यालाई सुरक्षा प्रदान गर्न।

२. उपभोक्ताको आवश्यकता र चाहना अनुसार वस्तु तथा सेवाको वितरण गर्न।

३. वस्तु र सेवाका उत्पादकहरूको लागि नैतिक आचारसंहिता प्रवर्द्धन गर्न।

४. देशहरूलाई राष्ट्रिय र अन्तर्राष्ट्रियस्तरमा अपमानजनक व्यापार अभ्यासहरू विरुद्ध लड्न मद्दत गर्न।

५. स्वतन्त्र उपभोक्ता समूहहरूको विकासलाई बढावा दिन।

६. उपभोक्ता संरक्षणको क्षेत्रमा देशहरूबीच अन्तर्राष्ट्रिय सहयोग बढाउन।

७. दिगो खपत प्रवर्द्धन गर्न।

८. उपभोक्ताहरूलाई न्यूनतम मूल्यमा पर्याप्त विकल्प प्रदान गर्ने बजार अवस्थालाई प्रवर्द्धन गर्न।

### ३.२ राम्रो व्यापार अभ्यासको लागि संयुक्त राष्ट्र सङ्घले प्रतिपादन गरेका सिद्धान्तहरु[16]:

**१. समानता र निष्पक्ष व्यवहार**

व्यवसायीले आफ्ना ग्राहकहरूसँग सम्बन्धका सबै चरणहरूमा कुनै भेदभाव बिना सामान व्यवहार गर्नुपर्छ।यसले उपभोक्ताहरु तथा ग्राहकहरूका लागि हानिकारक हुने अभ्यासहरूलाई पूर्ण रोक लगाउन सहयोग गर्दछ।

---

13 https://www.consumersinternational.org/ [accessed on 21/12/2022]

14 https://www.consumersinternational.org/what-we-do/consumer-protection/global-policy-cooperation/un-guidelines-for-consumer-protection/#:~:text=The%20original%20Guidelines%20for%20Consumer,by%20people%20around%20the%20world) [accessed on 21/12/2022]

15 United Nations Guidelines for Consumer Protection https://unctad.org/system/files/official-document/ditccplpmisc2016d1_en.pdf[accessed on 21/12/2022]

16 *ibid*

२. **पारदर्शिता**

उपभोक्ताहरूलाई सबै प्रकारको विश्वासघातबाट बचाउन व्यवसायीले वस्तु तथा सेवाको बिक्री र खरिद प्रक्रियालाई पारदर्शी बनाउनुपर्छ। आवश्यक जानकारी जस्तै- उत्पादनको तौल, नियम र सर्तहरू, लागू हुने शुल्क, म्याद सकिने मिति आदि उपलब्ध गराउनु व्यवसायीको कर्तव्य हो।

३. **उचित व्यावसायिक व्यवहार**

व्यवसायीले गैरकानूनी, भेदभावपूर्ण, भ्रामक र अनैतिक सबै गतिविधिहरूबाट टाढा रहनुपर्छ। गलत प्रचार प्रसार वा उपभोक्ताहरूलाई हानि पुर्‍याउन सक्ने कुनै पनि प्रकारको व्यवहार तथा अभ्यासहरू गर्न निषेध गर्नुपर्दछ।

४. **सचेतना अभिवृद्धि तथा उपभोक्ताहरूलाई शिक्षित गर्ने**

उपभोक्तालाई शिक्षित गर्नु प्रत्येक व्यवसायीको कर्तव्य हो। व्यवसायीहरुले विविध कार्यक्रमहरू, कार्यशाला तथा गोष्ठीहरूको विकास गरी आफ्ना उत्पादनहरू र यससँग सम्बन्धित सबै जोखिमहरूको बारेमा उपभोक्ताहरूलाई ज्ञान र सीपहरू अभिवृद्धि गर्न योगदान पुर्‍याउनु पर्छ।

५. **उपभोक्ताहरूको गोपनीयताको रक्षा गर्ने**

व्यवसायीले उपभोक्ताहरूको सम्पर्क नम्बर, इमेल, नाम, ठेगाना लगायत व्यक्तिगत गोपनीयताको पूर्ण ख्याल गर्नुपर्छ।

६. **गुनासो ह्यान्डलिङ्ग संयन्त्र**

वस्तु तथा सेवाको बिक्री गरेपछि उपभोक्ताको गुनासो सम्बोधन गर्ने उपयुक्त संयन्त्र हुनुपर्छ। यदि बिक्री गरेको सामान त्रृटिपूर्ण, दोषपूर्ण भयो र बिक्रेताद्वारा प्रदान गरिएको विवरण अनुसार गुणस्तर, आकार, परिमाण आदि नमिलेमा कम्पनीले गुनासो दर्ता गर्न र प्रतिस्थापन वा फिर्ताको सर्तमा आवश्यक समाधान प्रदान गर्नु पर्ने कर्तव्य हुन्छ।

## ३.३ उपभोक्ता संरक्षणमा संयुक्त राष्ट्र सङ्घका केही सामान्य सिद्धान्तहरू

उपभोक्ता संरक्षण सम्बन्धी संयुक्त राष्ट्र सङ्घका सामान्य सिद्धान्तहरूले सदस्य राष्ट्रहरूबीच बलियो उपभोक्ता संरक्षण नीतिको विकास, सुदृढीकरण र नियमितता प्रदान गर्न जोड दिन्छ। सदस्य राष्ट्रले

आ—आफ्नो आर्थिक, वातावरणीय, राजनीतिक र जनसङ्ख्याका आधारमा आफ्नो मापदण्ड र उपभोक्ताको संरक्षणको व्यवस्था गर्नु पर्ने हुन्छ। यी सामान्य सिद्धान्तहरू यस प्रकार रहेका छन्[17]:

१. अत्यावश्यक वस्तु तथा सेवाहरूमा उपभोक्ताको पहुँच पुर्‍याउने।

२. अप्ठ्यारो र जोखिममा परेका उपभोक्ताहरूको सुरक्षा गर्ने।

३. उपभोक्ताहरूलाई उनीहरूको सुरक्षा र स्वास्थ्यको लागि सम्भावित जोखिबाट जोगाउने।

४. उपभोक्ताको आर्थिक हितको प्रवर्द्धन र संरक्षण गर्ने।

५. उपभोक्ताहरूलाई वस्तु र सामानको जानकारीको पहुँच प्रदान गर्ने र उनीहरूको आवश्यकता र इच्छा अनुसार छनौट गर्ने व्यवस्था मिलाउने।

६. उपभोक्ताहरूलाई उनीहरूको छनौटको अधिकार र अधिकार प्रयोग गर्दा हुने वातावरणीय, सामाजिक र आर्थिक नतिजाहरूको बारेमा शिक्षित गर्ने।

७. उनीहरूलाई विभिन्न उपभोक्ता विवाद समाधान प्लेटफर्महरूको उपलब्धता बारे जानकारी गराउने।

८. निर्णय लिने प्रक्रियामा उपभोक्ताहरू र विभिन्न अन्य सम्बन्धित सङ्गठनहरू वा समूहहरूलाई आफ्नो विचार प्रस्तुत गर्न स्वतन्त्रता प्रदान गर्ने।

९. उपभोगको दिगो ढाँचा प्रवर्द्धन गर्ने।

१०. इ-कमर्स प्लेटफर्महरू प्रयोग गर्ने उपभोक्ताहरूलाई सुरक्षा प्रदान गर्ने।

११. उपभोक्ताहरूको गोपनीयता र सूचनाको विश्वव्यापी स्वतन्त्र प्रवाहको सुरक्षा गर्ने।

यी सिद्धान्तहरुले उपभोक्ता अधिकारका सरोकारवालाहरुलाई समेटेको छ। यसले उपभोक्ताहरूलाई सुरक्षा गर्न काम गर्ने नागरिक समाज र उपभोक्ता सङ्गठनहरू, सरकारी विभागहरू, उपभोक्ताहरूलाई वस्तु र सेवाहरू उपलब्ध गराउने दुवै निजी र सार्वजनिक रूपमा स्वामित्वमा भएका व्यापार सङ्गठनहरू, व्यापार सङ्घ र उपभोक्ता मामिलाहरूको क्षेत्रमा काम गर्ने शिक्षाविद्‌हरू जस्ता सरोकारवालालाई मार्गनिर्देशन गरेको छ।

उपभोक्ता कानूनको सन्दर्भमा यो निर्देशिका कुनै पनि देश वा ती देशका कुनै पनि संस्थाको लागि बहुमूल्य स्रोत हो। यो निर्देशिका उपभोक्ता संरक्षणलाई बलियो बनाउनु पर्ने क्षेत्रहरूमा विशेष

[17] https://www.un.org/esa/sustdev/publications/consumption_en.pdf (accessed on 28 December 2022)

रूपमा उपयोगी हुन सक्छ। यो निर्देशिका अनलाइन वा अफलाइन, स्वदेश वा सीमापार रहेका सबै व्यापारदेखि उपभोक्ता लेनदेनहरूमा लागू गर्न सकिन्छ।

**३.४ उपभोक्ता संरक्षणको लागि प्रत्येक देश वा सरकारले अपनाउनुपर्ने उपायहरू**

निर्देशिकाले उपभोक्ता संरक्षणको लागि प्रत्येक देश वा सरकारले अपनाउनुपर्ने उपायहरू देहायबमोजिम निर्दिष्ट गरेको छः

१. उपभोक्ताको अधिकारको संरक्षणको लागि सरकारले उपयुक्त उपाय अवलम्बन गरी उपभोक्ताको संरक्षणलाई प्रोत्साहन गर्नुपर्दछ। उपयुक्त कानूनी व्यवस्था सहित सुरक्षात्मक नियम, राष्ट्रिय वा अन्तर्राष्ट्रिय मापदण्ड, स्वैच्छिक मापदण्डहरू र सुरक्षा रेकर्डहरू समेत राख्ने व्यवस्था सुनिश्चित गर्नु पर्दछ।

२. उत्पादकहरूले उत्पादन गरेका सामानहरू प्रयोगमा सुरक्षित छन् भनी उपयुक्त नीतिहरूले सुनिश्चित गर्नुपर्छ।

३. बजारमा सामान ल्याउन जिम्मेवार व्यक्तिहरू जस्तै आपूर्तिकर्ता, निर्यातकर्ता, आयातकर्ता, खुद्रा बिक्रेताहरुले सामानहरू असुरक्षित छैनन् भनी सुनिश्चित गर्न उपयुक्त उपया अवलम्बन गर्नुपर्नेछ।

४. उपभोक्तालाई सामानको उचित प्रयोग गर्न निर्देशन गरी प्रयोगमा संलग्न जोखिमहरूको बारेमा जानकारी दिनुपर्छ।सम्भव भएसम्म अन्तर्राष्ट्रिय रूपमा बुझ्न सकिने प्रतीकहरूद्वारा अत्यावश्यक सुरक्षा जानकारी उपभोक्ताहरूलाई दिनुपर्दछ।

५. निर्माता वा वितरकहरूले उत्पादनहरू बजारमा पठाएपछि अप्रत्याशित खतराहरूबारे ढिलाई नगरी सम्बन्धित निकाय र जनतालाई सूचित गर्ने कार्यको सुनिश्चित गर्नुपर्छ।

६. सरकारले उपभोक्ताहरूलाई अप्रत्याशित खतराहरूबारे राम्ररी जानकारी गराउने तरिकाहरू पनि सिकाउनु पर्दछ।

## परिच्छेद ४

## उपभोक्ता अधिकारका लागि विभिन्न मुलुकका कानूनी अभ्यासहरु

### ४.१ संयुक्त राज्य अमेरिका

संयुक्त राज्य अमेरिकाको आर्थिक व्यवस्था सधैभरि खुला एवं निजी प्रतिस्पर्धात्मक बजार व्यवस्थामा आधारित रहेको छ। उपभोक्ता युगको परम्परादेखि नै अमेरिकाले खुला बजारले उत्पादन, वितरण, आपूर्ति र मूल्यलाई निर्धारण र व्यवस्थापन गरिरहेको हुन्छ भन्ने आधारभूत मान्यता राखेको पाइन्छ। यस्तो मान्यतामा सरकारी हस्तक्षेपलाई अस्वीकार गरिएको हुन्छ। तर प्रथम विश्वयुद्धको समाप्ति तथा सन् १९३० को दशकको विश्वव्यापी आर्थिक मन्दीको कारणले उपरोक्त मान्यतामा परिवर्तन आयो र सीमित सरकारी हस्तक्षेपको आवश्यकता महसुस गरी सोही बमोजिम अमेरिकाले आफ्नो देशको उपभोक्ता कानूनमा परिवर्तन गरेको छ।

उद्योगी तथा व्यापारीहरूको षडयन्त्र, गुटबन्दी, जाली व्यापारिक गतिविधि तथा अवान्छित व्यापारिक क्रियाकलापको कारणले बजार व्यवस्थित, स्वस्थ र प्रतिस्पर्धी हुन सकेन र उपभोक्ताहरु व्यापारीको अनैतिक कार्यको नकारात्मक प्रभावमा रहन पुगे। तत्पश्चात अमेरिकामा उपभोक्तावादी सङ्घ संस्थाहरूको जन्म हुन पुग्यो। राल्फ नाडर लगायतका अभियन्ता तथा राजनीतिक व्यक्तिहरूद्वारा उपभोक्ता माथि भइरहेको अन्याय र शोषणको व्यापक रुपमा विरोध हुन थाल्यो। यसप्रकार सन् १९६०/७० को दशकमा आएको उपभोक्तावादी आन्दोलनको प्रभावका कारण अमेरिकामा उपभोक्ता हित संरक्षण गर्ने कानूनको निर्माण एवं विस्तार हुन थालेको पाइन्छ।

मार्च १५, १९६२ मा तत्कालीन राष्ट्रपति जोन एफ. केनेडीले काग्रेसलाई दिएको उपभोक्ता सम्बन्धी सन्देशले अमेरिकाको उपभोक्ता कानूनको क्षेत्रमा नयाँ क्षितिज र दिशाको आवश्यकता बोध गराएको मानिन्छ। उक्त सन्देशले उपभोक्ताका आधारभूत अधिकारहरूको संरक्षण हुनुपर्ने कुरालाई औंल्याएको थियो, जसलाई उपभोक्ता दर्शनको म्याग्नाकार्टाको रुपमा समेत लिने गरेको पाइन्छ।

राष्ट्रपति केनेडीले उपभोक्ताको जीउ, जीवन र स्वास्थ्यको लागि खतरापूर्ण वस्तुहरूको उत्पादन र वितरण बन्द गरिनुपर्ने, बजारमा उपलब्ध वस्तु तथा सेवाको वास्तविक गुण, परिमाण, मूल्य, शुद्धता आदिको बारेमा उपभोक्ताहरूलाई सूचित गरिनुपर्ने, प्रतिस्पर्धात्मक मूल्यमा आफूले चाहेको वस्तु तथा सेवा बजारमा खरिद गर्न पाउनुपर्ने र उपभोक्तालाई उत्पादक/बिक्रेताहरूले गरेको शोषण र पीडाको विरुद्ध उचित सुनुवाई हुनुपर्ने कुराहरु उठाएका थिए। उनले दिएको उक्त सन्देशले उपभोक्ताका

नेपाल कानून आयोग

चार वटा आधारभूत अधिकारहरूः सुरक्षाको अधिकार, सूचित हुन पाउने अधिकार, छनौट गर्न पाउने अधिकार र सुनुवाईको अधिकार संरक्षण हुनुपर्ने कुरालाई औंल्याएका थिए[18]।

### ४.१.१ उपभोक्ता अधिकार र उपभोक्ता हित संरक्षण गर्ने कानूनहरु

अमेरिकाले विश्वव्यापीरुपमा मान्यता प्राप्त उपभोक्ताका अधिकारहरूलाई विभिन्न कानूनका व्यवस्थाहरूले अप्रत्यक्ष रुपमा सुरक्षा प्रदान गर्न खोजेको देखिन्छ। उपभोक्ताको जीवन, स्वास्थ्य, सुरक्षा र कल्याणको विषय व्यक्तिगत स्वतन्त्रताको एक अभिन्न अङ्ग र कानूनको उचित प्रक्रिया (Due process of law) को एउटा अभिन्न तत्वको रुपमा स्थापित भएको छ। यी विषयलाई कार्यपालिका र न्यायपालिकाबाट संवर्द्धन, संरक्षण भई उपभोक्ताको जीउ, जीवन र स्वास्थ्यका लागि हानिकारक र खतरापूर्ण वस्तुहरूको उत्पादन तथा वितरणलाई रोक्नका लागि प्रभावकारी कानूनी र दण्डनीय व्यवस्थाको सुनिश्चित गरिएको छ[19]।

अस्वस्थ प्रतिस्पर्धालाई नियन्त्रण गरी स्वस्थ, व्यवस्थित र उच्च प्रतिस्पर्धात्मक बजार व्यवस्था कायम गर्न प्रतिस्पर्धा सम्बन्धी कानूनको प्रभावकारी कार्यान्वयनमा जोड दिइएको छ। उपभोक्ता हित संरक्षणको लागि उद्योगी व्यापारीको गुटबन्दी तथा जाली र अनुचित व्यापारिक गतिविधि रोक्न Federal Trade Commission Act १९१४ जारी भएको थियो, जसले Federal Trade Commission को स्थापना गरेको छ[20]। यस कमिसनले उपभोक्ताहरूले मालसामान किन्दा पहिचान गर्न सजिलो होस्, गुणस्तर कायम होस् तथा व्यापारीहरूमा स्वस्थ प्रतिस्पर्धाको अभिवृद्धि होस् भन्ने विषयमा आवश्यक उपाय अवलम्बन गर्दै आएको छ।[21]

खाद्यवस्तुको सुरक्षा कायम गर्ने, लेवलिङ्ग गर्ने, वस्तु तथा सेवाको गुणस्तर कायम गर्ने, निश्चित तौल निर्धारण गर्ने, भ्रममा पार्ने गरी वस्तु तथा सेवाको बारेमा विज्ञापन प्रचारप्रसारमा रोक लगाउने, ऋणपत्रहरूमा उपभोक्ताको हित संरक्षण गर्ने, मालसामानमा दिइएका ग्यारेन्टी तथा सेवा प्रदानका लागि गरिएको प्रत्यक्ष अप्रत्यक्ष सम्झौतालाई कार्यान्वयन गराउने आदि विषयमा छुट्टाछुट्टै कानूनी व्यवस्था गरिएको छ। यस्ता कानूनहरू सङ्घीयस्तरमा र राज्यहरूले पनि नमूना कानून (Uniform or Model Consumer Protection Law) को रुपमा लागू गरेको छ।

अमेरिकामा प्रचलित उपभोक्ता हित संरक्षण सम्बन्धी प्रमुख कानूनहरू मूलतः Federal Trade Commission Act १९१४, Clayton Act १९१४, Robinson- Pat Man Act १९३६, Wheeler-Lea Amendment Act १९३८, Wool Products Labeling Act १९३९, Fur Products Labeling Act १९५७, McGuire Fair Trade Act

18 https://www.mass.gov/service-details/consumer-bill-of-rights (accessed on 28 Dec 2022)
19 Dr. S.N. Dhyani. Fundamentals of Jurisprudence. (1997). Central Law Agency Allahabad. p.398.
20 Waller, Spencer & Brady, Jillian & Acosta, R.J.. (2011). *Consumer Protection in the United States: An Overview.* p.1.
21 ibid p.3

१९५२, The Fair Packaging and Labeling Act १९६६, The Truth in Lending Act १९६८, Fair Credit Reporting Act १९७०, The Consumer Product Warranty Act १९७५, The Petroleum Marketing Practices Act, Hobby Protection Act १९७३, Public Health Smoking Act १९७०, Poison Preventing Packaging Act १९७०, Consumer Product Safety Act १९७०, Food Drugs act etc. रहेका छन्।

### ४.१.२ **सङ्घीय व्यापारिक आयोग (The Federal Trade Commission)**[22]

अमेरिकामा उपभोक्ता हित संरक्षणको क्षेत्रमा काम गर्न सरकारी अङ्गको रुपमा सङ्घीय व्यापारिक आयोग स्थापित छ। सङ्घीय व्यापारिक आयोग ऐन, १९१४ अन्तर्गत स्थापित यो आयोगमा प्रमुख आयुक्त र आयुक्तहरू रहने व्यवस्था छ। उनीहरूको नियुक्ति राष्ट्रपतिबाट गरिन्छ, जसलाई सिनेटले अनुमोदन गर्नुपर्छ।

सङ्घीय व्यापारिक आयोग ऐनको कार्यान्वयन गर्ने आयोगको प्रमुख जिम्मेवारी भए तापनि अन्य उपभोक्ता हित संरक्षण सन्बन्धी दर्जनौं कानूनहरूको कार्यान्वयनको जिम्मेवारी पनि यसै आयोगमा निहित छ। उक्त ऐनको दफा ५ अनुसार आयोगले तीन वटा आचरणलाई अवैध घोषणा गर्ने अधिकार र शक्ति आयोगमा निहित रहेको छ :

(क) प्रतिस्पर्धाको अवस्थ पद्धति (Unfair Methods of Competition)

(ख) जाली काम कारबाहीहरू (Deceptive Acts or Practices)

(ग) अनुचित काम कारबाहीहरू (Unfair Acts or Practices)

### ४.१.३ **खाद्य, औषधि तथा सौन्दर्यता सम्बन्धी सङ्घीय ऐन, १९३८ (Federal Food, Drug and Cosmetic Act, 1938)**

अमेरिकाको सबै राज्यहरुको मार्गदर्शक उपभोक्ता ऐनको रुपमा आएको खाद्य, औषधि तथा सौन्दर्यता सम्बन्धी सङ्घीय ऐन, १९३८ ले खाद्य उपभोग्य वस्तु, औषधिजन्य उपभोग्य वस्तु तथा उपकरण र कस्मेटिक उत्पादन तथा वस्तुहरुलाई एउटै ऐन अन्तर्गत समावेश गरेको छ। यस ऐनले वस्तुहरुको उत्पादन, वितरण, उपभोग र नियमन सम्बन्धमा आवश्यक कानूनी व्यवस्था गर्दै उपभोक्ताको हित प्रवर्द्धन गर्न बृहत् विषयवस्तु र उत्पादन तथा व्यापारका सबै क्षेत्रहरुलाई सम्बोधन गरेको छ। यस ऐनमा प्रतिबन्धित कसूर र सजाय, खाद्य उत्पादन उपभोग, औषधि तथा उपकरणहरु, कस्मेटिक्स, आयात निर्यात, सुर्तीजन्य उत्पादन र विविध

[22] https://www.google.com/search?q=federal+trade+organization+in+america&rlz: The Federal Trade Commission works to prevent fraudulent, deceptive, and unfair business practices. They also provide information to help consumers spot, stop, and avoid scams and fraud.

भागमा उपभोग्य उत्पादन र वितरण सम्बन्धमा आवश्यक कानूनी व्यवस्थाहरु बृहत् रुपमा समावेश गरिएको छ।[23]

### ४.१.४ उपभोक्ता शिक्षा र उपभोक्तावादी सङ्घ संस्थाहरु

अमेरिकी उपभोक्ता शिक्षाले उपभोक्तालाई वस्तु तथा सेवाको बारेमा सूचना प्रदान गर्ने कुरालाई मात्र नसमेटी त्यो भन्दा विस्तृत कुराहरूलाई जोड दिएको पाइन्छ। वस्तुतः औद्योगिक उत्पादन तथा सेवाहरूको बारेमा उपभोक्तालाई आलोचनात्मक निर्णय गर्ने क्षमता (critical sense of judgement) को विकास गराउने तथा बजारमा (market place) उनीहरूको अधिकारको संरक्षण गर्ने कुरालाई जोड दिइन्छ। उपभोक्ताको व्यक्तिगत हितका साथै बृहत्तर सामाजिक हितको संरक्षण गर्ने पद्धति बसाल्ने कुरालाई अमेरिकाको उपभोक्ता शिक्षा र उपभोक्तावादी सङ्घ संस्थाहरुले महत्वका साथ अगाडि बढाएको पाइन्छ।

सन् १९६० को दशकदेखि नै अमेरिकामा उपभोक्ता शिक्षालाई महत्व दिने गरिएको छ। सङ्घीय सरकारले उपभोक्तालाई शिक्षित गर्न पर्चा, पम्प्लेट, बुलेटिन र सूचनामूलक कार्यक्रमहरूको प्रचारप्रसारमा जोड दिने गरेको छ। सङ्घीय व्यापार आयोगले उपभोक्ता शिक्षाको क्षेत्रमा विभिन्न क्रियाकलापहरूको सञ्चालन गर्दछ।अमेरिकी सरकारका हरेक तहबाट उपभोक्ता शिक्षा दिने कुरालाई प्रोत्साहन गरिन्छ। सन् १९७० को दशकमै आधाभन्दा बढी अमेरिकी राज्यहरूले माध्यमिक तहमा उपभोक्ता शिक्षालाई अनिवार्य गराएका थिए। हाल स्कुल तथा विश्वविद्यालयहरूमा उपभोक्ता शिक्षाको अध्ययन अध्यापन गराइन्छ।

उपभोक्ताहरूको अधिकारको संरक्षण गर्ने उद्देश्यले अमेरिकामा विभिन्न सङ्घसंस्थाहरू क्रियाशील छन्। यस्ता उपभोक्ता समर्थित सङ्गठनहरूले स्वतन्त्र, गैरनाफामूलक र स्वयंसेवी तवरले काम गर्छन्। औद्योगिक उत्पादनको परीक्षण गरेर उपभोक्ताहरूलाई त्यस बारेमा सूचित गराउनमा यिनीहरूको महत्वपूर्ण भूमिका रहँदै आएको छ। उपभोक्ता यूनियनले उपभोक्ता प्रतिवेदन भन्ने पत्रिका नै प्रकाशन गर्दछ। यसमा बजारमा उपलब्ध सेवाहरूमध्ये कुनचाहिँ उपभोक्ताहरूको लागि हितकारी हुन्छ भन्ने लगायतका उपभोक्तासँग सम्बन्धित समसामयिक विषयवस्तुहरूलाई समेत समेटिएको हुन्छ। एउटा उपभोक्ता हितसँग सम्बन्धित २५० भन्दा बढी समूहहरूको राष्ट्रिय महासङ्घको रुपमा उपभोक्ता महासङ्घ स्थापित छ। विभिन्न स्थानीय उपभोक्ता सङ्गठनहरू यसका सदस्य रहेका छन्।

## ४.२ अष्ट्रेलिया

अष्ट्रेलियामा उपभोक्ता अधिकारहरूको संरक्षण गर्न सङ्घीय व्यापारिक गतिविधि ऐन, १९७४ (Federal Trade Practice Act, १९७४) जारी गरिएको थियो[24]। यस ऐनले विश्वव्यापीरुपमा मान्यता

[23] https://www.fda.gov/regulatory-information/laws-enforced-fda/federal-food-drug-and-cosmetic-act-fdc-act

प्राप्त उपभोक्ताका अधिकारहरूलाई मान्यता दिएर उचित संरक्षण गर्न खोजेको देखिन्छ। यस ऐनले देहाय बमोजिमको अधिकार समावेश गरेको छ :-

१. आधारभूत आवश्यकताको सन्तुष्टिको अधिकार (Right to satisfaction of basic needs)

२. सुरक्षाको अधिकार (Right to safety)

३. सूचित हुन पाउने अधिकार (Right to be informed)

४. छनौट गर्न पाउने अधिकार (Right to Choose)

५. सुनुवाईको अधिकार (Right to be heared)

६. उचित उपचारको अधिकार (Right to redress)

७. स्वस्थ वातावरणको अधिकार (Right to healthy environment)

८. उपभोक्ता शिक्षाको अधिकार (Right to consumer education)

सन् २०१० भन्दा पहिले व्यापारिक कार्यहरू राज्यहरू र Common Wealth द्वारा नियमित गरिने प्रचलन रहेको पाइन्छ। अस्ट्रेलियाका आफ्ना राज्यहरुले आफ्नो अनुकूलको उपभोक्ता संरक्षण कानून बनाएका थिए। जस्तैः Fair Trading (Australian Consumer Law) Act १९९२, Fair Trading Act १९८७ (NSW), Consumer Affairs and Fair Trading Act १९९०, Australian Consumer Law (Tasmania) Act, २०१० आदि।

### ४.२.१ **Competition and Consumer Act, २०१०**

विभिन्न राज्य र क्षेत्रहरूमा फरक-फरक नियामक व्यवस्था भएकाले व्यवसाय सञ्चालन गर्न कठिनाइ भएको थियो। अन्ततः अष्ट्रेलिया सरकारले सबै राज्यहरुलाई एउटा अष्ट्रेलियन उपभोक्ता कानून, "Competition and Consumer Act २०१०" पारित गरेको छ। यो कानून उपभोक्ताको हितका लागि केन्द्रिय कानून हो। Competition and Consumer Act २०१०[25] को अनुसूची २ मा Australian Consumer Law (ACL) रहेको छ। यो ACL अष्ट्रेलियामा अहिले उपभोक्ता र व्यापारीलाई समग्रमा हेर्ने एउटै एकीकृत कानून हो। नयाँ Australian Consumer Law (ACL) ले विद्यमान राष्ट्रिय क्षेत्रीय कानूनहरू प्रतिस्थापन गरेको छ।

Australian Consumer and Competiton Commission (ACCC) र State and Territory Consumer Protection Agencies हरु उपभोक्ता संरक्षण कानून लागू गर्ने जिम्मेवार

---

24 Trade Practices Act,1974 https://www.legislation.gov.au/Details/C2010C00331 (accessed on 29 December 2022)
25 Competition and Consumer Act, 2010 https://www.legislation.gov.au/Details/C2011C00003 (accessed on 29 December 2022)



नेपाल कानून आयोग

निकायहरु हुन्। यसैगरी The Australian Securities and Investments Commission (ASIC) उपभोक्ताको वित्तीय सेवाहरूको विषयमा काम गर्ने अर्को निकाय हो। यो ऐन अन्तर्गत निम्न निकायहरूले उपभोक्ता संरक्षण कानून लागू गर्छन्:

१. चिकित्सीय सामान प्रशासन (Therapeutic Goods Administration);

२. अस्ट्रेलियन कीटनाशक र पशु चिकित्सा प्राधिकरण (Australian Pesticides and Veterinary Medicines Authority);

३. पूर्वाधार क्षेत्रीय विकास विभाग (Department of Infrastructure Regional Development)

बिक्रेता वा निर्माताले कुनै स्वैच्छिक वा विस्तारित वारेन्टी दिए वा नदिए तापनि अष्ट्रेलियामा बेचिएका कुनै पनि वस्तु वा सेवाहरूमा उपभोक्ता ग्यारेन्टीहरू लागू गरिएको पाइन्छ। अष्ट्रेलियामा आफ्नो व्यक्तिगत वा घरायसी प्रयोगको लागि खरिद गरेको सबै सामानहरूमा उपभोक्ता ग्यारेन्टी सुनिश्चित गरिएको हुन्छ। यदि खरिद गरेको सामानले गर्न खोजेको काम गर्दैन वा दिएको विवरणसँग मेल खाँदैन वा असुरक्षित हुन गएमा उपभोक्तासँग रिफन्ड, प्रतिस्थापन वा मर्मत गराउने अधिकार सुनिश्चित गरिएको हुन्छ।

## ४.३ भारत

अनैतिक र अनुचित व्यापार अभ्यासहरू विरुद्ध उपभोक्ताहरूको हित संरक्षण र प्रवर्द्धन गर्न भारतमा सन् १९६० को दशकमा नै सामाजिक शक्तिको रूपमा उपभोक्ता आन्दोलनको उदय भएको पाइन्छ। खाद्यान्न अभाव, अनुचित भण्डारण, कालोबजारी, खाद्यान्न र खाद्य तेलमा हुने मिसावटले सन् १९६० को दशकमा सङ्गठित रूपमा उपभोक्ता आन्दोलनलाई जन्म दिएको मानिन्छ। सन् १९७० सम्म उपभोक्ता सङ्गठनहरू धेरै हदसम्म लेख, बोल्न र प्रदर्शनीहरू आयोजना गर्न संलग्न हुन थाले। उनीहरूले रासन पसलमा हुने अनियमितता र सडक यात्रु यातायातमा हुने भीडभाडलाई हेर्न उपभोक्ता समूह बनाएका थिए। उपभोक्ता आन्दोलन बिक्रेताले धेरै अनुचित व्यवहार गरेको भन्दै उपभोक्ताको असन्तुष्टिबाट सुरु भएको थियो। यस आन्दोलनको दशक भन्दा अगाडि उपभोक्तालाई बजारमा हुने शोषणबाट जोगाउनका लागि भारतमा कुनै प्रभावकारी कानूनी व्यवस्था नभएको देखिन्छ।

### ४.३.१ उपभोक्ता संरक्षण ऐन १९८६

भारत सरकारले सन् १९८६ मा उपभोक्ता संरक्षण ऐन १९८६ जारी गर्‍यो। तत्कालीन समयमा जारी भएको उपभोक्ता संरक्षण ऐन एसियाली मुलुकहरुमा एक परिवर्तन र उपभोक्ता अधिकारको क्षेत्रमा ल्याएको क्रान्तिको रुपमा अन्तर्राष्ट्रिय समाजले ग्रहण गरेको पाइन्छ।

नेपाल कानून आयोग

भारतमा उपभोक्ता संरक्षण ऐन, १९८६[26] ले मुख्यरुपमा प्रतिस्पर्धी विरोधी सम्झौताहरूको निषेध, पदको दुरुपयोग विरुद्ध निषेध, बजारको नियमन र प्रतिस्पर्धा नीतिको वकालतका क्षेत्रहरूमा केन्द्रित गरेको छ। यसको प्रमुख उद्देश्य निम्न अनुसार रहेका छन्ः-

१. प्रतिस्पर्धामा प्रतिकूल प्रभाव पार्ने अभ्यासहरूलाई रोक्ने,
२. आयोगको स्थापनाको लागि आवश्यक कानूनी व्यवस्था गर्ने,
३. बजारमा प्रतिस्पर्धा प्रवर्द्धन गरी दिगो बनाउने,
४. भारतमा बजारहरूमा व्यापारको स्वतन्त्रता सुनिश्चित गर्ने,
५. उपभोक्तालाई अनुचित व्यापारिक अभ्यासबाट जोगाउन वस्तुको गुणस्तर, परिमाण, शक्ति, शुद्धता, मापदण्ड र मूल्यबारे जानकारी गराउने,
६. अनुचित व्यापार अभ्यास वा उपभोक्ताहरूको अनैतिक शोषण विरुद्ध समाधान खोज्ने,
७. उपभोक्ता शिक्षा प्रवर्द्धन गर्ने।

### ४.३.२ उपभोक्ता संरक्षण ऐन २०१९

उपभोक्ता संरक्षण ऐन, १९८६ ले उपभोक्ताको अधिकार सम्बन्धमा रहेका महत्वपूर्ण विषयहरूलाई सम्बोधन गर्न सफल भए तापनि केही कमजोरीहरू थिए। त्यो कमजोरीलाई सम्बोधन गर्दै भारतले उपभोक्ता संरक्षण ऐन २०१९ ल्याइएको थियो[27]। यो उपभोक्ता संरक्षण ऐनमा उपभोक्ता सम्बन्धमा प्रचलनमा रहेका नवीन अभ्यासहरू समावेश गरिएको थियो। यस ऐनले भारतमा पहिलो पटक Product Liability[28] को अवधारणा पनि समावेश गरेको थियो। यस ऐनले प्रत्यक्ष बिक्री र ई-कमर्सको लागि नयाँ आधारभूत उपभोक्ता अधिकारहरू पनि विस्तार गरेको छ। प्रदेश, जिल्ला र राष्ट्रियस्तरका आयोगहरूमा मध्यस्थता गर्ने क्षेत्राधिकार हुनुपर्छ भन्ने कुरालाई पनि जोड दिएको छ[29]। उपभोक्ता अधिकारको प्रवर्द्धन, संरक्षण र कार्यान्वयन गर्न **केन्द्रीय उपभोक्ता संरक्षण प्राधिकरणको** गठन पनि यस ऐनले गरेको छ।

भारतमा, उपभोक्ता संरक्षण ऐन, २०१९ र यस अन्तर्गत बनेका नियम र नियमहरूद्वारा उपभोक्ताको अधिकारको संरक्षण गरेको पाइन्छ। भारतमा उपभोक्ता संरक्षणको सम्बन्धमा काम गर्ने निकाय उपभोक्ता मामिला, खाद्य तथा सार्वजनिक वितरण मन्त्रालय अन्तर्गतको उपभोक्ता मामिला विभाग र उपभोक्ता संरक्षण प्राधिकरण रहेका छन्।

---

26 THE CONSUMER PROTECTION ACT, 1986 https://legislative.gov.in/sites/default/files/A1986-68_0.pdf (accessed on 28 December 2022)
27 Consumer Protection Act 2019 https://egazette.nic.in/WriteReadData/2019/210422.pdf (accessed on 28 December 2022)
28 Consumer Protection Act 2019, Section 6 vii
29 *ibid* Chapter 5

## ४.४ बेलायत

सन् १२१५ को म्यागनाकार्टामा अन्न, कपडा, रक्सी र वियरको नाप र तौलमा एकरुपता हुनुपर्ने सन्दर्भ उल्लेख गरिएको छ[30]। अत्यावश्यक खाद्यवस्तुमा अत्यधिक मूल्य लिएर बिक्री गर्ने, उपभोग्य वस्तुहरूको बिक्री गर्दा नाप र तौल कम गरेर बेच्ने र खाद्यान्नहरूमा मिसावट गर्ने कुराहरूलाई प्रतिबन्ध लगाउन बेलायतमा धेरै पहिलेदेखि कानूनी व्यवस्था गरिएको थियो[31]।

उपभोक्ताहरूले बजारमा बिक्री वितरण हुने वस्तु तथा सेवाहरूको बारेमा वास्तविक रुपमा जानकारी प्राप्त गर्न कठिन थियो। आवश्यक सूचनाको अभावमा सामान खरिद गर्दा खरिदकर्ता, उत्पादक र वितरकका बीचमा स्वच्छ र स्वतन्त्र रुपमा करार भइरहेको हुन्छ भन्ने परम्परागत मान्यता खण्डित हुन गयो। सामान खरिद गर्दा क्रेता सजग हुनुपर्छ (Caveat Emptor) भन्ने कमन लको परम्परागत सिद्धान्त हाउस अफ लर्डसले सन १९३२ मा Donoghue V. Stevenson[32] मुद्दामा दिएको निर्णयबाट अमान्य हुन पुग्यो।

उक्त मुद्दामा लर्ड एटकिनले व्यक्त गरेको रायको आधारमा उत्पादक र वितरकहरूले सामानहरुको बिक्री वितरण गर्दा सजग र होसियार हुनुपर्ने सिद्धान्त (Caveat Venditor)[33] स्थापित हुन गयो। उपभोक्तालाई हानिकारक र गुणस्तरहीन वस्तु तथा सेवा बिक्री गरेर अनुचित फाइदा लिन दिइनुहुन्न भन्ने विषयले व्यापक रुपमा मान्यता पाउन थाल्यो। फलतः उपभोक्ताको हित संरक्षण गर्नको लागि संसदले उपभोक्ता संरक्षण ऐन, १९६१ निर्माण गयो। उपभोक्ता अधिकारको संरक्षण सम्बन्धमा विस्तृत र व्यापक अध्ययन गर्न सन् १९६२ मा एउटा समिति गठन गरियो, जसलाई Molony Committee को नामले चिनिन्छ। उक्त समितिले उपभोक्ताको हित संरक्षणमा लिइने नीतिको सम्बन्धमा दिएको सिफारिसका मुख्य बुँदाहरू निम्न बमोजिम थिए:

१. उपभोक्ताहरूलाई बिक्री वितरण गर्न बजारमा ल्याएका उपभोग्य वस्तुहरू सुरक्षित, उच्च गुणस्तरका छन् भन्ने कुराको विश्वास दिलाउन आवश्यक व्यवस्था गरिनुपर्ने,

२. बजारमा बिक्रीका लागि ल्याइएका वस्तुहरू उपभोक्ताले चाहे अनुसारको हो वा होइन भनेर पहिचान गर्न सक्ने गरी आवश्यक जानकारी र सूचना लेवल गरिनु पर्ने,

३. वस्तुको गुणस्तरको बारेमा स्वतन्त्र निकायले परीक्षण गरेर बिक्रीको लागि स्वीकृति दिएको हुनुपर्ने,

30 Brian W. Harvey. The Law of Consumer Protection and Fair Trading. (1983). Butterworths. p.7.
31 *ibid p.* 1-6.
32 https://www.lawteacher.net/cases/donoghue-v-stevenson.php
33 https://vidhilegalpolicy.in/research/enforcing-caveat-venditor/:***Caveat Venditor* is a Latin maxim meaning 'let the seller beware'. The maxim fosters consumer welfare by making the seller, manufacturer, and service providers accountable for the quality of goods produced or services offered.**

४. मर्का पर्ने खरिदकर्ताले निष्पक्ष उपचार प्राप्त गर्ने व्यवस्थाको लागि उचित संयन्त्रको स्थापना गरिनु पर्ने,

५. वस्तुहरुको विशेषताको बारेमा झुक्याउने गरी प्रचारप्रसार गर्न रोकिनु पर्ने,

६. उपभोक्ताहरुलाई झुक्याउने विज्ञापन प्रचारप्रसार गरेर वा अन्य उपायवाट प्रलोभनमा पारी खरिद गर्न उक्साउन नहुने,

७. उपभोक्ताको हित संरक्षण गर्न सरकारले स्वतन्त्र निकायको रुपमा उपभोक्ता परिषदको स्थापना गर्नुपर्ने, आदि।

बेलायतमा उपभोक्ताको हित संरक्षण सम्बन्धमा विभिन्न कानूनहरू प्रचलित रहेका पाइन्छन्। प्रतिस्पर्धा ऐन, १९८०, उपभोक्ता संरक्षण ऐन, १९८७, उपभोक्ता सुरक्षा ऐन, १९७८, स्वच्छ व्यापार ऐन, १९७३, खाद्य सुरक्षा ऐन, १९९० आदि बेलायतको उपभोक्ता संरक्षण सम्बन्धी महत्वपूर्ण कानूनहरू हुन्।

### ४.४.१ उपभोक्ता संरक्षण ऐन, २०१५ (Consumer Protection Act, २०१५)

नयाँ उपभोक्ता ऐन, २०१५ लागू हुनुअघि उपभोक्ताका अधिकारहरू समेट्ने गरी बेलायतमा १२ भन्दा बढी अलग-अलग कानूनहरू थिए। उपभोक्ता संरक्षणको उच्च मापदण्ड र कानून निर्माण गर्ने प्रयत्नको परिणामस्वरुप पुरानो कानूनको अप्रभावकारिता, कमीकमजोरी र नवीन मागको सम्बोधनस्वरुप बेलायतमा नवीन कानून तर्जुमा गरिएको पाइन्छ। प्राविधिक क्षेत्रमा आएको विकास र परिवर्तनलाई निरन्तरता दिन पनि पुराना कानून असफल भएकोले पनि नयाँ कानूनको आवश्यकता बोध भएको मानिन्छ।यस कानूनले समेटेका महत्वपूर्ण विषयहरु यसप्रकार रहेका छन्:

१. उपभोक्ताले वस्तु तथा सेवा फिर्ता, मर्मत वा प्रतिस्थापन[34] गर्न सक्ने,
२. वस्तु तथा सेवाको सन्तोषजनक गुणस्तर,
३. उपभोक्ताले वस्तुलाई प्राप्त गर्दा क्षतिग्रस्त वा दोषपूर्ण हुन नहुने,
४. वस्तु तथा सेवाको उचित प्रयोग,
५. वस्तु तथा सेवाको लेबल, विवरणसँग गुणस्तर मिल्नुपर्ने,
६. उपभोक्तालाई डिजिटल खरिदको अधिकार,
७. वस्तु तथा सेवाको प्रतिस्थापनको अधिकार,
८. उपभोक्ताको छनोट र अस्वीकार गर्ने अधिकार,
९. गुनासो सुनुवाई र क्षतिपूर्तिको अधिकार, आदि।

[34] Consumer Protection Act 2015. Section 23



नेपाल कानून आयोग

### ४.५ बङ्गलादेशः

बङ्गलादेशमा उपभोक्ता संरक्षण कानूनको सन् १९८८ मा मस्यौदा गरेको थियो। त्यहाँको कानून आयोगले अक्टोबर २००० मा उक्त कानूनमा विभिन्न परिवर्तनहरू गर्न सुझाव दियो। सन् २००६ मा उपभोक्ता संरक्षण ऐनको संशोधित मस्यौदा तयार भयो। सन् २००८ मा सरकारले अध्यादेश मार्फत कानून पारित गरेको थियो। उक्त अध्यादेश संसदबाट स्वीकृत भएन। त्यसपछि बङ्गलादेशले उपभोक्ता मामिलाहरू सम्बोधन गर्न उपभोक्ता अधिकार संरक्षण ऐन, २००९ लागू गरेको छ। छिटपुट रूपमा उपभोक्ता अधिकार र तिनीहरूको संरक्षण संयन्त्रहरूसँग सम्बन्धित कानून लगभग ६१ वटा सङ्ख्यामा रहेका छन्। जस्तैः

The Essential Commodity Act, १९५६,

The Pure Food Ordinance, १९५९,

The Price and Distribution of Essential Commodity Ordinance, १९७०,

The Drug Control Ordinance, १९८२,

The Breast Milk Substitute (Regulation of Marketing) Ordinance, १९८४,

The Tobacco Goods Marketing (Control) Act, १९८८,

The Special Powers Act, १९७४,

The Dangerous Drug Act, १९३०,

The Trade Marks Act, १९४०,

The Standard of Weights and of measures Ordinance, १९८२,

The Food Grain Supply Ordinance, १९५६,

The Penal Code, १८६०,

The Sale of Goods Act, १९३०,

The Bangladesh Standards and Testing Institution Ordinance, १९८५

The Essential Commodity Act, १९९०,

Fish and Fish Product Rules, १९९७, etc.

#### ४.५.१ बङ्गलादेशको संविधानमा उपभोक्ता अधिकारः उपभोक्ताहरूको लागि संवैधानिक सुरक्षा

बङ्गलादेशको संविधानको धारा ८-२५ मा राज्यको नीति (गैरन्यायिक अधिकार) र धारा २६-४७ मा मौलिक अधिकार (न्याययोग्य अधिकार) को आधारभूत सिद्धान्त रहेको छ। बङ्गलादेशको संविधानको धारा १५ र १८ लाई उपभोक्ता संरक्षण कानूनको आधारको रूपमा उल्लेख गर्न सकिन्छ। धारा १५ मा खाद्यान्न, लत्ताकपडा, काम गर्ने अधिकार, उचित

नेपाल कानून आयोग

पारिश्रमिकको हक, कामको मात्रा र गुणस्तर, सामाजिक सुरक्षा जस्ता आधारभूत आवश्यकताहरूको व्यवस्था गरिएको छ।

#### ४.५.२ फौजदारी संहितामा उपभोक्ता संरक्षण सम्बन्धी कानूनहरुः

फौजदारी संहिता, १८६० ले उपभोक्ता अधिकारलाई पनि संरक्षण गर्दछ। उपभोक्ता अधिकार संरक्षण गर्ने फौजदारी संहिताका विशेष दफाहरू २६४-२६७, २७२-२७६, ४७८-४८९ मा उल्लेख गरिएको छ।

## ४.६ उपभोक्ताको अधिकार संरक्षण सम्बन्धमा न्यायिक दृष्टिकोण

### ४.६.१ नेपालको सर्वोच्च अदालतबाट स्थापित नजिरहरुः

#### ४.६.१.१ अधिवक्ता अमरबहादुर शाह विरूद्ध प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार, काठमाडौंसमेत, नि. नं — १०४५२

सर्वसाधारण नागरिकको स्वास्थ्य र सुविधा कायम राख्न नेपालको संविधानले मौलिक हकको रूपमा व्यवस्था गरेको विषय कुनै अन्तर्राष्ट्रिय सन्धि, सम्झौता वा अनुबन्धमा पक्ष राष्ट्र नभएकै कारणबाट राज्य आफ्नो आधारभूत जिम्मेवारीबाट पन्छिन नसक्ने।

खानेपानी मानिसको बाँच्न पाउने (Right to Life) सँग प्रत्यक्ष रूपमा जोडिएको विषयलाई राज्यले संवेदनशील रूपमा लिई यसलाई आम मानिसको पहुँचमा रहने गरी सहज रूपमा उपलब्ध गराउनु पर्दछ।

#### ४.६.१.२ वाणिज्य तथा आपूर्ति व्यवस्थापन विभागको अनुगमन प्रतिवेदन पत्र जाहेरीले नेपाल सरकार विरूद्ध समुल ग्रुप इन्डष्ट्रिज प्रा.लि. समेत, निर्णय नं. १०४५०

समुल ग्रुप इन्डष्ट्रिजबाट उत्पादित **जारको पानीमा लेदो भेटिएकोले** उक्त कम्पनीमा छानबिन गरी कारबाही गरिपाउँ भनी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा परेको उजुरी पत्र वाणिज्य तथा आपूर्ति व्यवस्थापन विभागमा प्राप्त भएको। कम्पनी सञ्चालनमा जिम्मेवार रहेका सञ्चालक प्रतिवादी बुद्धिराम पौडेल समुल ग्रुप इन्डष्ट्रिज प्रा.लि.ले उत्पादन गर्ने पिउने पानीमा नेपाल सरकारले तोकेको मापदण्ड पूरा गर्न नसकी गुणस्तरहीन पिउने पानीको उत्पादन गरी उपभोक्ताको स्वास्थ्यमा प्रतिकूल असर पारेको कसूरमा कसूरदार रहेको देखिएको।

उपभोक्ताको स्वास्थ्यमा प्रतिकूल असर गर्ने छुट प्रचलित कानून र संविधानले कसैलाई पनि नदिएको। प्रतिवादीलाई दोषी ठहर गरी उपभोक्ता संरक्षण ऐन, २०५४ बमोजिम सुरु जिल्ला अदालतबाट भएको जरिबाना हुने फैसला मिलेकै देखिएकोले सदर।



नेपाल कानून आयोग

### ४.६.१.३ अधिवक्ता विष्णुप्रसाद पोखरेल समेत विरूद्ध प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार काठमाडौं समेत, निर्णय नं. १०१८६

विद्यमान मदिरा ऐनले सर्वसाधारणको स्वास्थ्य, सार्वजनिक हित, क्षतिपूर्तिको अधिकार, उपभोक्ताको अधिकारहरूको संरक्षण प्रवर्द्धन गर्न पर्याप्त नरहेको र गैरकानूनी कार्यलाई नियन्त्रण एवं दण्डनीय बनाउन तथा अवाञ्छित वा नैतिकता प्रतिकूल काम कार्यलाई निषेध गर्न, रोक लगाउन तथा नियमन नियन्त्रण गर्न पर्याप्त नरहेको, विद्यमान मदिरा ऐन समेतको सक्रिय कार्यान्वयन नभएको भन्ने देखिन आएकोले विद्यमान मदिरा ऐन समेतमा आवश्यक संशोधन परिमार्जन गरी उपभोक्ताको अधिकार, वातावरणीय अधिकार, जीवनको अधिकार समेतको संवैधानिक मौलिक अधिकार तथा मानव अधिकारको कार्यान्वयन हुनु जरूरी देखिने।

### ४.६.१.४ अधिवक्ता दलबहादुर धामी समेत विरूद्ध प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार काठमाडौं समेत, निर्णय नं. ९९९७

राज्यले नागरिकलाई औषधि/खोप लगायतका स्वास्थ्य सेवाहरू उपलब्ध गराउनु मात्रै पर्याप्त हुँदैन र यसो गर्दैमा नागरिकहरूको स्वास्थ्य सम्बन्धी अधिकार प्रत्याभूत भएको भनी मान्न मिल्दैन। राज्यले उपलब्ध गराएका यसप्रकारका सेवाहरू कुन गुणस्तरका छन् र तिनले लक्षित वर्गको स्वास्थ्य सम्बन्धी समस्या समाधान गर्न सक्छन् वा सक्दैनन् भन्ने सवाल पनि उत्तिकै महत्त्वपूर्ण हुन्छ। गुणस्तरीय सेवा पाउनु नागरिकको हक हो भने गुणस्तरीय सेवा उपलब्ध गराउनु राज्यको कर्तव्य हुने। बिरामीलाई खोप दिई उपचार गर्ने कार्य उपभोक्ता संरक्षण ऐनको प्रयोजनको लागि "सेवा" भित्र पर्ने भएकोले उपभोक्तालाई वितरण गरिने वस्तु तथा सेवामा गुणस्तर कायम गर्ने दायित्व राज्यमा रहेको हुने।

### ४.६.१.५ अधिवक्ता कञ्चनकृष्ण न्यौपाने विरूद्ध प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार काठमाडौं समेत, निर्णय नं. १०१२५

सिमेन्टको कणहरूबाट श्रमिकको स्वास्थ्य लगायत अन्य सर्वसाधारण मानिस, जीवजन्तु, वनस्पति समेतमा प्रतिकूल प्रभाव पर्ने भएकाले त्यसप्रकारको नकारात्मक प्रभावलाई यथाशक्य कम गरी स्वच्छ तथा स्वस्थ वातावरण कायम गर्नु वाञ्छनीय हुने। कमजोर प्याकिङ भएमा सिमेन्टको परिमाणमा ह्रास हुने हुँदा उपभोक्ताको अहित हुने अर्थात् उपभोक्ताको हक हितको संरक्षण नहुने अवस्था रहन्छ। त्यसैले पनि सिमेन्टको प्याकिङ कार्य भरपर्दो र उपभोक्ताको हित अनुकूल गरिनु वाञ्छनीय हुन जाने।

### ४.६.१.६ भूपेन्द्रबहादुर तामाङ थिङ समेत विरूद्ध नेपाल सरकार, मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार काठमाडौं समेत, निर्णय नं. ९८७६

खाद्यको हक भन्नाले प्रथमतः खाद्यमा पहुँचको हक भन्ने बुझिन्छ। नागरिकले पर्याप्त खाद्यान्न पाउनुपर्छ वा खाद्यान्न खरिद गर्न सक्ने उपाय उनीहरूलाई उपलब्ध हुनुपर्छ। साथै उपलब्ध खाद्यान्न पोषणयुक्त र प्रदुषणमुक्त हुनुपर्छ, कुहेको सडेको हुनुहुँदैन। अर्थात् शारीरिक एवं मानसिकरूपमा स्वस्थ रहनको निम्ति जे जस्तो खाद्यान्न आवश्यक पर्छ त्यस्तो उपलब्ध खाद्यान्न गुणयुक्त हुनुपर्छ। यो पनि खाद्य सम्बन्धी हक अन्तर्गत नै पर्ने।

### ४.६.१.७ राजिया खातुनको हकमा ऐ.को एकाघरको ससुरा नेसार अहमद मियाँ विरूद्ध डा.प्रमोद पौडेल समेत, निर्णय नं. १००६१

स्वास्थ्यको सेवा उपभोक्ताले पाउने एउटा सेवा हो। चाहे सरकारी वा गैरसरकारी वा निजी संस्था वा व्यक्तिगत तवरबाट प्रदान गरिएको नै किन नहोस्, यस्तो सेवा हरेक तरहले गुणस्तरयुक्त हुनु जरूरी हुन्छ। गुणस्तरीय स्वास्थ्य सेवा नहुँदा व्यक्तिका अन्य हकहरू जस्तो स्वास्थ्य, शिक्षा, रोजगारी, आय आर्जन र सम्मानपूर्वक बाँच्न पाउने हक समेत निस्तेज र निरर्थक हुन पुग्ने।

### ४.६.१.८ निर्मलकुमार श्रेष्ठ विरूद्ध भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय सिंहदरबार, काठमाडौं समेत, ९९२६

सिन्डिकेट प्रथाले स्वच्छ र प्रतिस्पर्धात्मक खुला अर्थ व्यवस्थालाई निषेधित गर्दछ। विश्व भूमण्डलीकरण (Globalization) को युगमा नेपालले समेत आर्थिक उदारीकरणको अर्थतन्त्र अङ्गीकार गरेको सन्दर्भमा उपभोक्तालाई बजार छनौटको अधिकार रहेको हुन्छ। जस अन्तर्गत स्वच्छ, गुणस्तरीय र प्रतिस्पर्धात्मक सेवा छनौटको अधिकार उपभोक्तालाई रहन्छ। संविधान र कानूनप्रदत्त सर्वसुलभ, स्वच्छ र गुणस्तरीय प्रतिस्पर्धाका आधारमा सञ्चालन गर्ने सार्वजनिक यातायात सेवाको अधिकारलाई कुण्ठित गर्दै बजारलाई एकाधिकार कायम गरी उपभोक्तालाई जबरजस्ती सेवा लिन बाध्य पार्न सक्ने अधिकार कसैलाई नरहने।

## ४.६.२ उपभोक्ता अधिकार सम्बन्धमा भारतको न्यायिक दृष्टिकोण <u>(Indian cases)</u>

४.६.२.१ **In Bansidhar vs the State of Rajasthan** (१९५८) the applicant was a licensed opium dealer in the town of Sambhar and was prosecuted under Section २६६ of the IPC for keeping two sets of

नेपाल कानून आयोग

weights in his shop and that one set of the weights was less in weight than the standard weight, and he intentionally deceived his customers by using false weights. The true and false weights were found beneath the gunny bag on which the accused was sitting. The court held that the accused possessed false weights knowing that these weights are false and with the intention that the same might be fraudulently used to deceive others. Hence, the accused was found guilty.

According to **Section 266 of IPC**, 1860, 'whoever is in possession of any instrument for weighing, or any of weight, or of any measure of length or capacity, which he knows to be false, intending that the same may be fraudulently used, shall be punished with the imprisonment of either description for a term which may extend to one year, or with fine or with both."[35]

भारतको राजस्थान उच्च अदालतबाट बंशीधर विरुद्ध राजस्थानको मुद्दामा एक जना व्यापारीले जानी जानी नियतबश २ वटा वस्तु तथा पदार्थको तौल लिने मेशिन राखी एक वटा तौल लिने मेशिनबाट कम तौल परिमाण हुने गरी उपभोक्तालाई ठगी गरेको प्रमाणित गरी भारतीय अपराध संहिता, १८६० को दफा २६६ बमोजिम दण्डित गरिएको।

### ४.६.२.२ Maggie noodle's famous scandal (२०१५)[36]

The Indian Supreme Court revived the government's case in National Consumer Disputes Redressal Commission (NCDRC) against Nestle India seeking damages of Rs 640 crore on charges of unfair trade practices, false labelling and misleading advertisements. The Consumer Affairs Ministry had in 2015 filed a complaint against Nestle India before the NCDRC using a provision in Consumer Protection Act (Section 12-1-D). It had filed a complaint against Nestle for causing harm to Indian consumers by allegedly indulging

[35] https://blog.ipleaders.in/offences-pertaining-to-weights-and-measures-under-the-indian-penal-code-1860/#:~:text=For%20example%2C%20sometimes%20the%20traders,not%20be%20used%20accurately%20etc.

[36] https://www.outlookindia.com/website/story/india-news-sc-revives-case-against-nestles-maggi-seeks-damages-of-rs-640-crore/322866

in unfair trade practices and false labelling related to the Maggi noodles product. In the petition filed before the NCDRC, the ministry had charged that Nestle India misled consumers claiming that its Maggi noodle was healthy. Maggi was banned by FSSAI in June 2015 for allegedly containing lead beyond permissible limits, forcing Nestle India to withdraw the product from the market. FSSAI had also said Nestle violated labelling regulations on taste enhancer 'MSG' and ordered the company to submit a compliance report on its orders.

भारतको सर्वोच्च अदालतले भारतीय उपभोक्ता मामिला मन्त्रालय विरुद्ध नेशनल इन्डिया कम्पनीको मुद्दामा म्यागी चाउचाउको भ्रामक विज्ञापन र लेबुलको प्रयोग गरी उपभोक्ता ठगी गरेको आरोपमा कसूर प्रमाणित गरी कम्पनीलाई दण्डित गरिएको। उक्त कम्पनीले करिब ३८,००० टन म्यागी चाउचाउ बजारबाट फिर्ता लिन बाध्य भएको थियो।

**४.६.२.३ Nizam Institute of Medical Sciences v Prasanth S. Dhananka & Others** (२००९)[37]

This case of consumer protection arises out of a complaint of medical negligence where a २०-year-old engineering student was admitted to the Nizam Institute of Medical Sciences (NIMS) after he complained about an acute chest pain. After several tests and x-rays, a tumour was revealed. Though, it could not be diagnosed whether the tumour was malignant or not, the patient was advised to undergo surgical removal of the same. After the surgery, the patient developed paralysis. There was a complete loss of control over the lower limbs and other related complications also raised leading to urinary tract infections, bedsores, etc. The family of the patient held NIMS and the State of Andhra Pradesh statutorily liable (being a government hospital) liable for this utmost negligence. Family also claimed that no pre-operative tests were conducted and no neurosurgeon was present during operation. Consent was only taken

37 https://www.legitquest.com/legal-guide/top-7-consumer-protection-act-cases



नेपाल कानून आयोग

for the tumour excision, but the doctors also removed ribs, tumour mass and destroyed blood vessels leading to condition of paralysis.

**Judgment**: The court held Nizam Institute of Medical Sciences and its doctors liable for the charges framed against them for negligence. The court found that the surgery had neurological implications and it should have been conducted under the presence of a Neuro-surgeon. A Neuro-surgeon÷s guidance at the time of the surgery might have avoided the risk of Prashant getting paralyzed for life. The court ordered the hospital to pay a compensation of 1 crore 5 thousand rupees to Prashant and his family which is the highest paid medical negligence settlement.

**Explanation**: Since medical service is something you receive on the basis of payment, cases of medical negligence also fall under violation of consumer protection.

निजाम इन्स्टिच्युट्स अफ मेडिकल साइन्स विरुद्ध प्रशान्त एस. धनका समेतको मुद्दामा भारतको सर्वोच्च अदालतले बिरामीलाई उचित उपचार नगरी लापारवाहीपूर्वक रोगसँग सम्बन्धित विज्ञको अनुपस्थितिमा सर्जरी लगायत उपचार गरी बिरामीको स्वास्थ्यमा गम्भीर क्षति गरेको ठहर गरी उचित क्षतिपूर्ति दिन आदेश दिइएको। यो उपचारमा लापरवाही मात्र नभएर उपभोक्ता कानूनको पनि उल्लङ्घन भएको ठहर गरिएको थियो।

नेपाल कानून आयोग

## परिच्छेद- ५

## नेपालमा उपभोक्ता अधिकार सम्बन्धी विद्यमान कानूनहरु

| क्र. सं. | संविधान / ऐन / नियम | उपभोक्तासँग सम्बन्धित प्रावधान |
|---|---|---|
| १. | **नेपालको संविधान** | (क) धारा ४४: उपभोक्ताको हक:<br>(१) प्रत्येक उपभोक्तालाई गुणस्तरीय सामान र सेवाहरू प्राप्त गर्ने अधिकार हुनेछ।<br>(२) गुणस्तरहीन वस्तु वा सेवाबाट चोटपटक लागेको व्यक्तिलाई कानून बमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ।<br>(ख) धारा ५१(घ७): राष्ट्रिय अर्थतन्त्रलाई प्रतिस्पर्धी बनाउँदै कालोबजारी, एकाधिकार, कृत्रिम अभाव र प्रतिस्पर्धालाई सीमित गर्ने जस्ता क्रियाकलापको अन्त्य गर्दै व्यापार निष्पक्षता र अनुशासन कायम गरी उपभोक्ताको हितको रक्षा गर्ने। |
| २. | **वस्तुको प्रत्यक्ष बिक्री (व्यवस्थापन तथा नियमन गर्ने) ऐन,** २०७४ | "वस्तुको प्रत्यक्ष बिक्री वा वितरण" भन्नाले इजाजतपत्रवालाले कुनै उत्पादक कम्पनी वा वितरक कम्पनीबाट उपलब्ध वस्तु प्रत्यक्ष रुपमा उपभोक्तालाई बिक्री वा वितरण गर्ने कार्यलाई सम्झनु पर्छ।<br>इजाजतपत्र प्राप्त नगरी कसैले पनि तोकिएका वस्तुको प्रत्यक्ष बिक्री वा वितरण सम्बन्धी कार्य गर्न वा गराउन हुँदैन।<br><br>दफा ११. पिरामिडमा आधारित व्यवसाय गर्न नहुने :<br>"पिरामिडमा आधारित व्यवसाय" भन्नाले देहायको कुनै कार्यसँग सम्बन्धित व्यवसाय हो :<br>(क) वस्तु खरिद गर्नु पूर्व अनिवार्य रुपमा कुनै किसिमको सदस्यता लिनु पर्ने अवस्था भएको सञ्जालयुक्त कार्य,<br>(ख) एक वस्तु खरिद गर्दा अन्य वस्तु समेत एकमुष्ट प्याकेजमा खरिद गर्नु पर्ने सञ्जालयुक्त कार्य,<br>(ग) वस्तु खरिद गर्ने व्यक्तिले आफू मातहत अर्को प्रत्यक्ष बिक्रेता वा वितरक बनाउन नसकेको अवस्थामा आफूले भुक्तानी गरेको रकम वा लाभ बराबरको वस्तु प्राप्त गर्न नसक्ने स्थितिको सञ्जालयुक्त कार्य,<br>(घ) वस्तुको कारोबार नगरी केवल प्रत्यक्ष बिक्रेता वा वितरक बनाई शुल्क मात्र लिने गरी गरिने सञ्जालयुक्त कार्य,<br>(ङ) कम्पनीले वस्तु बिक्री गर्ने प्रयोजनको लागि व्यावसायिक दृष्टिले अनुचित र असम्भव देखिने आकर्षक उपहार दिई वा कमिशनको प्रलोभन देखाई सदस्य बनाउने वा महङ्गो वस्तु खरिद गर्न लगाउने सञ्जालयुक्त कार्य,<br>(च) वस्तुको खुद्रा बिक्रीलाई निरुत्साहित गर्ने व्यापारिक कार्ययोजना भएको सञ्जालयुक्त कार्य, वा |

नेपाल कानून आयोग

| | | |
|---|---|---|
| | | (छ) कुनै वस्तुलाई अप्रत्याशित लाभ हुने वा चिकित्सा विज्ञानबाट निको नहुने भनी प्रमाणित भएको रोग निको हुने अलौकिक वस्तु हो भनी विश्वासमा पारी बिक्री वा वितरण गर्ने सञ्जालयुक्त कार्य।<br>दफा १७. <u>खरिद गरेको वस्तु फिर्ता गर्न सक्ने:</u><br>प्रत्यक्ष बिक्रेता वा वितरकबाट खरिद गरेको वस्तुको मूल्य, गुणस्तर, परिमाण वा उपयोगितामा चित्त नबुझेमा उपभोक्ताले त्यस्तो वस्तु खरिद गरेको मितिले तीस दिनभित्र सम्बन्धित प्रत्यक्ष बिक्रेता वा वितरकलाई फिर्ता गर्न सक्नेछ।<br>उपभोक्ताले खरिद गरेको वस्तु फिर्ता गरेमा इजाजतपत्रवाला तथा वस्तुको प्रत्यक्ष बिक्रेता वा वितरकले वस्तु बिक्री वा वितरण गर्दाका बखत लिई सकेको सेवा शुल्क र कानून बमोजिम लाग्ने कर कट्टी गरी बाँकी रकम फिर्ता गर्नु पर्नेछ।कर कट्टी गरेको रकम सम्बन्धित कर कार्यालयमा दाखिला गर्नु पर्नेछ।<br>उपभोक्ताले खरिद गरेको वस्तु फिर्ता सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।<br>दफा ३४. <u>अभिमुखीकरण तालीम दिनु पर्ने :</u><br>इजाजतपत्रवालाले वस्तुको प्रत्यक्ष बिक्री वा वितरणसँग सम्बन्धित विषयमा जानकारी दिन वस्तुको प्रत्यक्ष बिक्रेता वा वितरकलाई आवश्यकता अनुसार अभिमुखीकरण तालीम दिनु पर्नेछ।<br>दफा ३५. <u>सचेतना कार्यक्रम सञ्चालन गर्ने:</u><br>इजाजतपत्रवालाले उपभोक्ताको चेतनाको स्तर र वस्तुको प्रत्यक्ष बिक्री वा वितरणको अवस्था समेतलाई दृष्टिगत गरी आवश्यकता अनुसार उपभोक्ता सचेतना सम्बन्धी कार्यक्रम सञ्चालन गर्नु पर्नेछ। कार्यक्रम सञ्चालन गर्दा स्थानीय सञ्चार माध्यमलाई प्राथमिकता दिनु पर्नेछ। |
| ३. | **नेपाल गुणस्तर (प्रमाण-चिन्ह ) ऐन, २०३७** | सर्वसाधारण जनताको हितको लागि कुनै पदार्थको गुणस्तर निर्धारण गर्न र त्यस्तो पदार्थहरुमा गुणस्तरको प्रमाण—चिन्ह प्रयोग गर्ने व्यवस्था गर्ने यो ऐनको उद्देश्य हो।<br>क. कुनै पदार्थ नेपाल गुणस्तर अनुरूप छ भनी प्रचार गर्न चाहेमा गुणस्तर कार्यालयको स्वीकृति लिनुपर्ने।<br>ख. इजाजतपत्र प्राप्त नगरी कुनै व्यक्तिले कुनै पदार्थका सम्बन्धमा प्रमाण चिन्हको प्रयोग गर्न र प्रमाण चिन्हको आकारको भ्रम हुन सक्ने कुनै चिन्ह प्रयोग गर्न नहुने।<br>निरीक्षकहरू प्रमाण चिन्ह प्रयोग भएको कुनै पदार्थ वा प्रकृयाको सम्बन्धमा इजाजतपत्र प्राप्त गरेको वा नगरेको र सो इजाजतपत्रको शर्त अनुकूल काम गरे नगरेको र गुणस्तरको प्रमाणपत्र प्रयोग भएको पदार्थ वा प्रकृयाको सम्बन्धमा सो प्रमाणपत्रको शर्त अनुकूल काम गरे वा नगरेको जाँचबुझ गर्ने। |
| ४ | **खाद्य ऐन, २०२३** | दुषित खाद्य पदार्थ वा न्यूनस्तरको खाद्य पदार्थको उत्पादन, बिक्री वितरण वा पैठारी गर्न, सोमध्ये कुनै प्रयोजनका लागि त्यस्तो खाद्य पदार्थ राख्न नहुने र<br>कुनै खाद्य पदार्थलाई अर्को कुनै खाद्य पदार्थ हो भनी वा कुनै न्यूनस्तरको खाद्य पदार्थलाई |

नेपाल कानून आयोग

| | | |
|---|---|---|
| | | गुणस्तरीय खाद्य पदार्थ हो भनी ढाँटी वा झुक्याई बिक्री वितरण गर्न नहुने भनी खाद्य पदार्थको गुणस्तर कायम गर्न खोजिएको छ र त्यस्ता कार्यलाई दण्डनीय बनाइएको छ।<br>फर्म वा सङ्गठित संस्थाले त्यस्ता कसूर गरेमा त्यसको दायित्व संस्थाका संस्थाको कामकाज गर्ने मुख्य प्रशासकीय अधिकारी बहन गर्नुपर्ने व्यवस्था गरिएको छ।<br>नेपाल सरकारले खाद्य पदार्थको गुण, स्तर वा मात्रा तोक्न सक्ने र प्रतेक आदेश राजपत्रमा प्रकाशित हुनुपर्ने। |
| ५ | **आमाको दूधलाई प्रतिस्थापन गर्ने वस्तु (बिक्री वितरण नियन्त्रण) ऐन, २०४९** | स्तनपानको संरक्षण र संवर्द्धन तथा आमाको दूधलाई प्रतिस्थापन गर्ने वस्तु लगायत बाल आहारको बिक्री वितरणलाई नियमित गरी बच्चाहरूको लागि सुरक्षित एवं पर्याप्त पोषणको व्यवस्था गर्ने उद्देश्यले यो ऐन लागू गरिएको पाइन्छ।<br>यस ऐनले स्तनपानलाई दुरुत्साहन गर्ने किसिमबाट कुनै काम गर्न नहुने, बच्चालाई खुवाइने पूरक खाद्य पदार्थ अर्थात शिशीबाट खुवाइने खाद्य पदार्थ स्तनपान जत्तिकैउपयोगी वा त्यो भन्दा पनि विशिष्ट छ भन्ने विश्वास उत्पन्न गर्ने खालबाट विज्ञापन गर्न नहुने र आमाको दूधलाई प्रतिस्थापन गर्ने वस्तु वा अन्य दुग्ध पदार्थको भाँडोमा वा भाँडाबाट छुट्टिन नसक्ने लेवलमा बच्चाहरूको लागि स्तनपान सबैभन्दा असल दूध हो भन्ने लगायतका बेहोरा नेपाली भाषामा छाप्नु पर्ने व्यवस्थागरेको छ।<br>उत्पादित देशमा प्रयोगको लागि सुरक्षा स्तर नपुग्ने उत्पादन नेपालमा बिक्री गर्न नपाइने, अन्तिम मिति पुगेको उत्पादन बजारमा ल्याउन, बिक्री गर्न वा वितरण गर्न नहुने र गुणको हास, मिलावट र दूषित हुन नदिन दूधदानी र मुन्टो बाहेक अन्य उत्पादन मूल भाँडोमा मात्र बिक्री गर्नुपर्ने गरी गुणस्तर कायम गर्ने व्यवस्था गरिएको छ।<br>माथि उल्लिखित कार्यहरूको उल्लङ्घनलाई दण्डनीय बनाइएको छ र त्यस्तो कसूरबाट क्षति पुगेको व्यक्ति वा निजको हकदारलाई त्यस्तो कसूर गर्ने पच्चीस हजार रूपैयाँदेखि एक लाख रूपैयाँसम्म क्षतिपूर्ति समेत भराई दिन सक्ने व्यवस्था गरी उपभोक्ता अधिकारलाई स्थापित गरिएको छ। |
| ६ | **आयोडिनयुक्त नुन (उत्पादन तथा बिक्री वितरण) ऐन, २०५५** | आयोडिनको कमीबाट जनस्वास्थ्यमा पर्न जाने व्यापक र गम्भीर असरलाई कम खर्चिलो र सरल तरिकाले निवारण र निर्मूल गर्न आयोडिनयुक्त नूनको समुचित मात्रामा उत्पादन, पैठारी, आपूर्ति, बिक्री वितरण तथा नुनमा आयोडिन मिश्रण गर्ने व्यवस्थाका लागि ऐन तर्जुमा गरिएको पाइन्छ।<br>आयोडिनयुक्त नुनको उत्पादन, पैठारी, आपूर्ति तथा बिक्री वितरण गर्न अनुमति पत्र प्राप्त गर्नुपर्ने, आयोडिन नभएको नुन पैठारी, खरिद तथा बिक्री गर्न नहुने, आयोडिनयुक्त नुन उत्पादन, पैठारी, आपूर्ति र बिक्री वितरण गर्दाको अवस्थामा आयोडिनयुक्त नुनमा हुनुपर्ने गुणस्तर समितिबाट निर्धारित गरिए बमोजिमको हुनुपर्ने, उत्पादक, पैठारीकर्ता वा वितरकले नेपालमा डिलर मार्फत आयोडिनयुक्त नुन बिक्री वितरण गर्नु अघि केन्द्रीय खाद्य अनुसन्धानशालाबाट जाँच गराई गुणस्तर प्रमाणीकरण गराउनु पर्ने र नेपालमा उत्पादित वा पैठारी गरिएको आयोडिनयुक्त नुन बिक्री वितरण गर्नु अघि उत्पादक वा पैठारीकर्ता वा |

नेपाल कानून आयोग

| | | |
|---|---|---|
| | | वितरकले त्यस्तो नुनको लेबल स्वीकृत गराउन पर्ने गरी जिम्मेवारी सुम्पिएको छ।<br>नुनको लेबलमा उत्पादक र प्याकिङ गर्ने व्यक्ति वा संस्थाको पूरा नाम र ठेगाना, तौल, प्याकेज गरेको साल र महिना, आयोडिनको मात्रा (पि.पि.एम.मा), गुणस्तर कायम रहने अन्तिम मिति जस्ता कुराहरू स्पष्ट रूपमा नेपाली तथा आवश्यकता अनुसार अंग्रेजी भाषामा छापिएको हुनुपर्ने गरी तोकिएको छ।<br>आयोडिनयुक्त नुन सम्बन्धी सूचना तथा शैक्षिक सामग्रीहरूको प्रचार प्रसार गर्ने र सर्वसाधारणलाई आयोडिनयुक्त नूनको उपयोगमा प्रोत्साहन गर्ने कार्यक्रमहरू सञ्चालन गरिने व्यवस्था समेत गरिएको छ।<br>ऐनमा उल्लेख गरिएका कुराहरूको उल्लङ्घनलाई कसूरका रूपमा दण्डनीय बनाइएको छ र कुनै संस्थाबाट त्यस्तो कसूर भएमा संस्था प्रमुखले जिम्मेवारी लिनु पर्ने गरी व्यवस्था गरिएको छ। केन्द्रीयस्तरमा आयोडिन अभावजन्य विकार निवारण समिति रहने व्यवस्था समेत ऐनमा गरिएको छ।<br>ऐनमा उल्लेख गरिएका कुराहरूको उल्लङ्घनलाई कसूरका रूपमा दण्डनीय बनाइएको छ र कुनै संस्थाबाट त्यस्तो कसूर भएमा संस्था प्रमुखले जिम्मेवारी लिनुपर्ने गरी व्यवस्था गरिएको छ। केन्द्रीयस्तरमा आयोडिन अभावजन्य विकार निवारण समिति रहने व्यवस्था समेत ऐनमा गरिएको छ। |
| ७ | **आवश्यक पदार्थ (अधिकार) नियन्त्रण ऐन, २०१७** | समाजको दैनिक चलन, व्यवहार र आहारको लागि चाहिने खाद्यान्न, मालसामानको वितरण, बिक्री र व्यापारमा आवश्यकता अनुसार नियन्त्रण गर्ने यस ऐनको प्रस्तावनाको उद्देश्य रहेको पाइन्छ।<br>आवश्यक पदार्थको वितरण बढाउन, कायम राख्न वा सामान वितरण गराउन वा सुपथ मोलमा प्राप्त गराउन नेपाल सरकारले सूचित आदेशद्वारा देहाय बमोजिम गर्न सक्ने देखिन्छः<br>▪ कुनै आवश्यक पदार्थको सञ्चय, वितरण, परिवहन, उत्पादन, व्यापार उपभोगलाई अनुमतिपत्र जारी गरी वा अरु किसिमबाट नियमित वा नियन्त्रण गर्न,<br>▪ कुनै आवश्यक पदार्थको बिक्री गर्ने वा खरिद गर्ने मोल निर्धारण गर्न वा सूचित आदेशद्वारा तोकिएको अधिकारीको स्वीकृति बेगर कुनै आवश्यक पदार्थको प्रचलित मोलमा वृद्धि गर्न नपाउने गरी नियन्त्रण गर्न, सामान्यतः बिक्रीको निमित्त राखेको आवश्यक पदार्थलाई बिक्री गर्दिन भनी अड्डि लिनेलाई सो गर्न नदिन,<br>▪ आवश्यक पदार्थ सञ्चय गरी राख्ने व्यक्तिलाई त्यस्तो सञ्चित पदार्थको सम्पूर्ण वा तोकिए बमोजिमको हिस्सा वा भाग नेपाल सरकार वा प्रदेश सरकार वा कुनै अधिकारी वा कनै व्यक्ति वा वर्गलाई तोकिएको इलाकामा तोकिएको अवस्थामा बिक्री गर्न बाध्य गराउन,<br>▪ सर्वसाधारणको हितको निमित्त आवश्यक देखिएमा कुनै आवश्यक पदार्थ सम्बन्धी व्यापारिक वा आर्थिक कारोवारलाई नियमित वा निषेध गर्न।<br>यसरी निकालिएको सूचित आदेश विरुद्ध काम गर्ने कसूरदारलाई पाँच वर्षसम्म कैद वा |

नेपाल कानून आयोग

| | | |
|---|---|---|
| | | पन्ध्र हजार रूपैयाँसम्म वा कसूरसँग सम्बन्धित पदार्थको बिगोमा जुन बढी सोही अङ्कसम्म जरिबाना वा दुवै सजाय हुने व्यवस्था गरिएको छ।<br>यस किसिमको कसूर सङ्गठित संस्था वा कम्पनीबाट भएमा त्यसका जिम्मेवार अधिकारीलाई दण्डित गरिने व्यवस्था समेत ऐनमा रहेको पाइन्छ। |
| ८ | **होटल व्यवस्था तथा मदिराको बिक्री वितरण (नियन्त्रण) ऐन, २०२३** | सर्वसाधारण जनताको सदाचार, सुविधा, स्वास्थ्य एवं आर्थिक हित कायम राख्ने उद्देश्य बोकेको यस ऐनले होटल मालिकको कर्तव्यका रूपमा उल्लेख गरेको केही व्यवस्थाहरू उपभोक्ता अधिकारसँग सम्बन्धित देखिन्छन्:<br>• होटलमा आएका ग्राहकलाई मुनासिव माफिकको दाममा शुद्ध तथा पवित्र भोजन खुवाउने,<br>• ग्राहकलाई आफूले सक्दो सुरक्षा वा हेर विचार गर्ने, गराउने,<br>• होटल सफा सुग्घर राख्न लगाउने, ग्राहकलाई मदिरा खुवाउँदा होस हवास हराउने गरी वा ग्राहकले आफूलाई नियन्त्रण राख्न नसक्ने गरी धेरै मात्रामा मदिरा खुवाउन नहुने।<br>माथि उल्लिखित बुँदाहरू उपभोक्ताको अधिकार भन्दा पनि होटल मालिकको जिम्मेवारीका रूपमा रहेका छन्, जसको महत्त्व उपभोक्ता अधिकारको दृष्टिबाट पनि त्यत्तिकै वजनदार रहेको छ। |
| ९ | **उपभोक्ता संरक्षण ऐन, २०७५ (२०१८)** | उद्देश्य : गुणस्तरीय वस्तु तथा सेवा प्राप्त गर्ने उपभोक्ताको संवैधानिक अधिकारको संरक्षण र प्रवर्द्धन गर्ने, उपभोक्ताले प्राप्त गरेको अधिकारको कार्यान्वयनका लागि न्यायिक उपचार उपलब्ध गराउने र उपभोक्ताहरूलाई हुन सक्ने हानि र चोटको लागि क्षतिपूर्ति प्रदान गर्न।<br>दफा ३: उपभोक्ता अधिकार<br>(१) प्रत्येक उपभोक्तालाई गुणस्तरीय वस्तु तथा सेवा प्राप्त गर्ने हक हुनेछ।<br>(२) उपदफा (१) को सामान्यतालाई पूर्वाग्रह नदिई उपभोक्ताको हक, हित र सरोकारको रक्षा गर्ने उद्देश्यले प्रत्येक उपभोक्तालाई देहायका हक हुनेछः<br>(क) वस्तु वा सेवाहरूमा सहज पहुँचको अधिकार,<br>(ख) उचित प्रतिस्पर्धी मूल्यमा गुणस्तरीय वस्तु वा सेवा छनोट गर्ने अधिकार<br>(ग) वस्तु वा सेवाको मूल्य, परिमाण, शुद्धता, गुणस्तर आदि बारे जानकारी पाउने अधिकार,<br>(घ) दुई वा दुईभन्दा बढी पदार्थको मिश्रणबाट बनेको वा उत्पादित वस्तुमा रहेको पदार्थको परिमाण, अंश वा प्रतिशतका सम्बन्धमा उत्पादक, पैठारी वा बिक्रेताबाट जानकारी लिने अधिकार,<br>(ङ) मानव शरीर, जीवन, स्वास्थ्य र सम्पत्तिमा हानि पुर्‍याउने वस्तु तथा सेवाको बिक्री वितरणबाट सुरक्षित हुने अधिकार,<br>(च) अनुचित व्यापार र व्यापारिक गतिविधिहरू विरुद्ध उपयुक्त कानूनी कारबाही पाउने अधिकार,<br>(छ) वस्तु वा सेवाको प्रयोगबाट हुने हानि र चोट विरुद्ध क्षतिपूर्ति प्राप्त गर्ने अधिकार, |

नेपाल कानून आयोग

(ज) उपभोक्ताको हक र हितको संरक्षणमा सक्षम अधिकारी वा निकायबाट उपचार वा सुनुवाई पाउने अधिकार,

(झ) उपभोक्ता शिक्षा प्राप्त गर्ने अधिकार।

<u>वस्तु वा सेवाको नियमन (दफा ४)</u>

नेपाल सरकारले उपभोक्ताको अधिकारको रक्षा गर्न वस्तु तथा सेवाको आपूर्ति, मूल्य, गुणस्तर, मापन, लेबल, विज्ञापन नियमित रूपमा नियमन गर्छ।

उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले यस्ता नियमहरू सञ्चालन गर्न देहायका कार्यहरू गर्दछः

(क) वस्तु वा सेवाको गुणस्तर, मूल्य निर्धारण र आपूर्ति प्रणाली सम्बन्धी नीति कार्यान्वयन गर्ने,

(ख) उपभोक्ताको हक र हितमा प्रतिकूल असर पार्ने वा सम्भावित असर पार्ने एकाधिकार वा अनुचित व्यापार गतिविधिलाई रोक्न वा नियन्त्रण गर्ने वा यस सम्बन्धमा कार्ययोजना तर्जुमा गरी कार्यान्वयन गर्ने,

(ग) देशभित्र प्रयोग हुने वस्तु वा सेवाको माग र आपूर्तिको अवस्थाको निरन्तर विश्लेषण र समीक्षा गरी निष्पक्ष बजार कायम गर्ने,

(घ) वस्तु वा सेवाको उत्पादक, बिक्रेता वा वितरकले अनिच्छित रूपमा तोकेको वा बढेको मूल्यलाई रोक्न र नियन्त्रण गर्न आवश्यक व्यवस्था गर्ने,

(ङ) उपभोक्तालाई खाद्यान्न तथा अन्य वस्तुको सहज मूल्य र सहज रूपमा आपूर्ति सुनिश्चित गर्न नेपाल सरकारको पूर्ण वा आंशिक स्वामित्व भएका संस्था वा निजी फर्म वा कम्पनीहरूमार्फत आपूर्ति व्यवस्थालाई सहजीकरण गर्ने,

(च) भण्डारणको अधिकतम परिमाण निर्धारण गर्न,

(छ) थोक वा खुद्रा व्यवसायको व्यवस्थापन गरी सामान्य मूल्यमा एकरूपता कायम राख्न आवश्यक व्यवस्था गर्ने,

(झ) उपभोक्ताको हकको संरक्षण र आपूर्ति व्यवस्थालाई व्यवस्थित गर्न कुनै पनि वस्तु वा सेवाको कृत्रिम अभाव हुन नदिन वा सबै ठाउँमा नियमित रूपमा वस्तु वितरण गर्न सम्बन्धित निकायसँग समन्वय गर्ने,

नेपाल सरकारले उपभोक्ताको हकको संरक्षण, आपूर्ति व्यवस्थालाई नियमन गर्न र वस्तु तथा सेवाको मूल्य र गुणस्तर नियन्त्रण गर्न समय समयमा आवश्यक नीतिगत र संस्थागत व्यवस्था गर्न सक्नेछ।

दफा ५ : <u>वस्तु र सेवाहरूको गुणस्तर</u>

कुनै पनि वस्तुमा निहित कुनै वस्तुको गुणस्तर वा मापदण्ड निर्धारण नभएको अवस्थामा नेपाल सरकारले तोकिए बमोजिमको प्रक्रिया पूरा गरी त्यस्ता वस्तु वा सेवाको मापदण्ड वा गुणस्तर निर्धारण गर्न सक्छ।

कुनै पनि वस्तु वा सेवाको मापदण्ड वा गुणस्तर सम्बन्धी सूचना नेपाल राजपत्रमा प्रकाशित गर्नुपर्नेछ।

नेपाल कानून आयोग

दफा ६ : <u>उत्पादन लेबलिङ</u>

उत्पादकले उत्पादित सामानहरूमा लेबल टाँस्नुपर्छ

निम्न कुराहरू लेबलमा उल्लेख गर्न आवश्यक छः

(क) उत्पादकको नाम, ठेगाना र उद्योगको दर्ता नम्बर,

(ख) खाना, औषधि र सौन्दर्य प्रसाधन जस्ता वस्तुहरूमा मिश्रण, मिश्रणको सामग्री, वस्तुको मात्रा र तौल,

(ग) कुन वस्तुको गुणस्तर निर्धारण गरिएको छ भने त्यस्ता वस्तुको गुणस्तर,

(घ) सामान प्रयोग गर्ने तरिका र त्यस्ता सामानको प्रयोगबाट हुन सक्ने साइड इफेक्ट,

(ङ) निश्चित समयसीमाभित्र प्रयोग गर्नुपर्ने वस्तुको हकमा त्यस्तो म्याद,

(च) खुद्रा मूल्य, ब्याच नम्बर र सामानको उत्पादन मिति,

(छ) लामो समयसम्म प्रयोगमा रहेको विद्युतीय, हार्डवेयर, विद्युतीय वा मेसिनरी वा मालसामानको ग्यारेन्टी वा वारेन्टी र त्यस्ता वस्तुको ग्यारेन्टी वा वारेन्टी मिति र त्यस्ता वस्तुसँग सम्बन्धित कानून बमोजिम अन्य आवश्यक वस्तुहरू भएमा,

(ज) खण्ड (छ) मा उल्लिखित अवस्थामा कुनै त्रुटि देखिएमा निश्चित अवधिसम्म क्षतिपूर्ति वा मर्मत गर्ने व्यवस्था,

(झ) ज्वलनशील, खतरनाक वा सजिलै भाँच्न सक्ने सामानको हकमा त्यस्ता सामानको सुरक्षाको लागि अपनाउनु पर्ने सावधानी सम्बन्धी विवरण,

दफा ७ : <u>उत्पादकको दायित्व</u>

वस्तु वा सेवाहरू उत्पादन गर्दा, उत्पादकले प्रचलित कानून अन्तर्गत लगाइएका दायित्वहरूको अतिरिक्त निम्न दायित्वहरू वहन गर्न आवश्यक छः

(क) गुणस्तरीय वस्तु वा सेवा उत्पादन गर्ने,

(ख) सामानको लेबल निर्धारण गर्न,

(ग) लेबलमा माथि उल्लेख गरिएबमोजिम कुराहरू निर्दिष्ट गर्न,

(घ) दोषपूर्ण वस्तु उत्पादन नगर्ने,

(ङ) दोषपूर्ण रूपमा उत्पादन भई बजारमा रहेको जानकारी भएमा निजले उत्पादन गरेको मालसामान सङ्कलन गरी नष्ट गर्ने,

(च) वस्तु तथा सेवाको उत्पादनबाट उपभोक्तालाई कुनै किसिमको नोक्सानी पुगेमा उचित क्षतिपूर्ति दिने,

(छ) वस्तु वा सेवाको गलत वा भ्रामक विज्ञापन वा प्रचार नगर्ने,

(ज) दुई वा दुईभन्दा बढी पदार्थको मिश्रणबाट बनाइएका वा उत्पादन गरिएका वस्तुहरूमा रहेका पदार्थहरूको मात्रा, सामग्री वा प्रतिशतको जानकारी उपभोक्तालाई उपलब्ध गराउने।

(झ) कानूनले तोकेका अन्य सर्तहरू पूरा गर्ने।

दायित्व पूरा भएन भने, वा उत्पादन, निर्माण, परिष्करण, डिजाइन, सूत्र, तयारी, आयात, प्याकिङ, लेबलिङको प्रक्रियामा कुनै गल्ती, कमी र दोष देखा परेमा त्यस्तो वस्तु वा सेवा प्रयोग

नेपाल कानून आयोग

| | | |
|---|---|---|
| | | गरेपछि कसैको शरीर, जीवन, सम्पत्तिमा हानि पुगेमा त्यस्ता वस्तु वा सेवाहरूको उत्पादक त्यस्तो हानि र चोटको लागि जिम्मेवार हुन्छन् र त्यसको लागि क्षतिपूर्ति उपलब्ध गराउने दायित्व वहन गर्दछन्।<br>यद्यपि, वस्तु वा सेवाहरूको वास्तविक उत्पादक जसको प्रयोगले हानि र चोट पुर्‍याएको छ, उही मात्र उत्तरदायी हुन्छ। हानि वा चोट दाबी गर्ने व्यक्तिले वस्तु वा सेवाहरूको उपभोग वा प्रयोगबाट हानि र चोट लागेको प्रत्यक्ष कारण स्थापित गर्नुपर्छ।<br>यसरी आयातकर्ताको दायित्व, वाहकको दायित्व, स्टक राख्ने व्यक्तिको दायित्व, बिक्रेताको दायित्व, सेवा प्रदायकको दायित्वका बारे पनि ऐनले समावेश गरिएको छ।<br>वस्तु वा सेवाको मूल्य निर्धारण<br>दफा १९ः <u>अत्यावश्यक खाद्यान्न र अन्य वस्तु र सेवाहरूको सूची</u><br>नेपाल सरकारले समय समयमा नेपाल राजपत्रमा सूचना प्रकाशित गरी अत्यावश्यक खाद्यान्न र अन्य वस्तु वा सेवाहरूको सूची निर्धारण गर्छ। सूचीमा अत्यावश्यक खाद्यवस्तु र अन्य वस्तु वा सेवाको अधिकतम मूल्य तोक्नुपर्छ। वस्तु वा सेवा बिक्री गर्दा बिक्रेताले सूचीमा उल्लेख भएभन्दा बढी मूल्यमा बिक्री गर्न वा बिक्री गराउनु हुँदैन।<br>दफा २०ः <u>मूल्य सूची र दर्ता प्रमाणपत्र राख्नः</u><br>मूल्य सूचीमा उत्पादकले प्रत्येक वस्तुको कारखाना मूल्य, बिक्रेताले बेच्ने र वितरण गर्ने वस्तुको थोक वा खुद्रा मूल्य र सेवा प्रदायकले उपलब्ध गराउने सेवाको मूल्य स्पष्ट रूपमा तोकेर राख्नुपर्छ।<br>सामान उत्पादन गर्ने उद्योग भएमा उद्योग दर्ता प्रमाणपत्र र व्यापार, व्यवसाय दर्ताको हकमा सर्वसाधारणले देख्ने गरी बिक्री गर्ने ठाउँमा इजाजतपत्र देखाउनुपर्छ।<br>नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकिए बमोजिम मूल्य सूचना केन्द्र स्थापना गर्न सक्नेछ।<br>सम्बन्धित जिल्लामा रहेका उत्पादक तथा थोक व्यापारी वा खुद्रा बिक्रेताले मूल्य सूचना केन्द्रमा क्रमशः कारखाना मूल्य र थोक वा खुद्रा मूल्य उपलब्ध गराउनु पर्नेछ। |
| १० | **उपभोक्ता संरक्षण नियमावली, २०७६** | <u>प्रदेश बजार अनुगमन समितिको काम, कर्तव्य र अधिकार :</u><br>ऐनको अधिनमा रही उपभोक्ताको हक, हित संरक्षणको लागि नियमित रूपमा बजार अनुगमन, गराउने,<br>उपभोक्ताको हक, हित संरक्षण गर्ने नेपाल सरकार, प्रदेश सरकार, परिषद् वा मन्त्रालयले दिएको निर्देशन बमोजिम अनुगमन कार्यलाई प्रभावकारी रूपमा कायान्वयन गर्ने गराउने,<br>बजार अनुगमन गर्दा कसैले ऐन तथा यस नियमावली विपरीत कार्य गरेको देखिएमा कारबाहीको लागि तुरून्त विभाग वा सम्बन्धित निरीक्षण अधिकृत समक्ष लेखी पठाउने।<br>स्थानीय बजार अनुगमन समितिले स्थानीय बजार अनुगम गर्न सक्ने।<br>१९. <u>बजार अनुगमन टोली गठन गर्न सक्ने :</u><br>(१) ऐनको दफा २९ को प्रयोजिको लागि विभागले कम्तीमा राजपत्राङ्कित तृतीय श्रेणीको |

नेपाल कानून आयोग

| | | |
|---|---|---|
| | | कर्मचारीको नेत्तृतवो अनुगमन गरिने वस्तु वा सेवा सम्बन्धी विज्ञ, निरीक्षण अधिकृत, सरुक्षा निकायका पदानिकारी एवं अन्य निकाय वा संस्थाका प्रतिनिधि समेत रहेको आवश्यक सङ्खख्यामा बजार अनुगमन टोली गठन सक्नेछ।<br>२०. <u>आकस्मिक निरीक्षण गर्न सक्ने :</u> (१) ऐन वा यस नियमावली विपरीत कुनै कार्य भइरहेको हुन लागेको जानकारी कुनै माध्यमबाट विभागमा प्राप्त हुन आएमा महानिर्देशकले त्यस्तो कार्य भइरहेको वा हुन लागेको स्थानको तत्काल आकस्मिक निरीक्षण गर्न सम्बन्धित निरीक्षण अधिकृतलाई आदेश दिन सकिनेछ। |
| ११ | **मुलुकी देवानी संहिता, २०७४** | दफा ६८५ को स्पस्टीकरण<br>(२) "उत्पादक" भन्नाले त्रुटिपूर्ण वस्तु वा सेवा अन्तिम रुपमा उत्पादन गरी बिक्री वितरण गर्ने उत्पादक सम्झनु पर्छ र सो शब्दले देहाएको व्यक्ति समेतलाई जनाउनेछ।<br>• उत्पादक पत्ता नलागेकोमा त्रुटिपूर्ण वस्तु बिक्री वितरण गर्ने वितरक वा बिक्रेता,<br>• पैठारी गरिएको वस्तु भए त्रुटिपूर्ण वस्तु पैठारी गर्ने पैठारीकर्ता वा त्यस्तो वस्तु बिक्री वितरण गर्ने वितरक वा बिक्रेता।<br>दफा ६८५<br>(१) त्रुटिपूर्ण उत्पादन गरी कुनै वस्तु वा सेवा बिक्री, वितरण गर्न, गराउन नहुने। त्रुटिपूर्ण उत्पादन कसैले बिक्री वा वितरण गरी त्यस्तो वस्तुको उपभोग गर्दा कसैको जीउ, ज्यान वा सम्पति उपर हानि, नोक्सानी भएमा त्यस बापत उत्पादक यस परिच्छेद बमोजिम दायित्व व्यहोर्नु पर्नेछ।<br>दफा ६८६ <u>दावीकर्ताले उत्पादन दोषपूर्ण छ भनेर प्रमाणित गर्नु पर्ने :</u><br>कुनै व्यक्तिले कुनै वस्तु वा सेवा दोषपूर्ण उत्पादन हो भनी दाबी गरेमा र त्यसको उपभोगबाट निजको शरीर, जीवन वा सम्पत्तिमा हानि पुगेको भए, सो व्यक्तिले चोट दोषपूर्ण उत्पादनको उपभोगबाट भएको हो भन्न दोषपूर्ण उत्पादन र चोट बीचको सम्बन्ध छ भनेर प्रमाणित गर्नु पर्नेछ।<br>दफा ६८७: <u>दायित्व निर्वाह गर्ने:</u><br>उत्पादकले देहायका कुनै तथ्यहरू प्रमाणित गरेमा उत्तरदायी हुने छैनः<br>(क) दोषपूर्ण वस्तु उत्पादन, बिक्री वा वितरण नगरेको,<br>(ख) उत्पादन, पैठारी, बिक्री वा वितरण गरेको वस्तु वा सेवा उत्पादन, पैठारी, बिक्री वा वितरणको समयमा दोषपूर्ण थिएन वा बिक्री वा वितरण पछि दोषपूर्ण भएमा,<br>(ग) उत्पादन गरेको वस्तु वा सेवाको बजारीकरण, बिक्री वा वितरण नगरिएको,<br>(घ) उत्पादित वस्तु वा सेवा उपभोग गर्दा उपभोक्ताले पालना गर्नुपर्ने निर्देशन पालना नगरेको कारणले चोटपटक लागेको,<br>(ङ) उपभोक्ताले उपभोग्य गरेको वस्तुको उचित उपभोग नगरेको वा अन्यथा उपभोग गरेको कारणले चोटपटक लागेको,<br>(च) वस्तु वा सेवाको उत्पादन वा वितरण गर्दा त्यस्तो वस्तु वा सेवा दोषपूर्ण छ भनी कुनै |

| | | |
|---|---|---|
| | | वैज्ञानिक वा प्राविधिक ज्ञान नभएको,<br>(छ) उत्पादन बिक्री गर्दा जुन वस्तुबाट चोटपटक लागेको हो, ठीकसँग उपभोग नगर्दा चोटपटक लाग्न सक्छ भनी पुर्व जानकारी दिइएको,<br>दफा ६८८ : <u>दायित्वको मात्रा घटाउन सकिनेः</u><br>दोषपूर्ण उत्पादनको उत्पादक र उपभोक्ता दुवैको कारणले चोटपटक लागेको प्रमाणित भएमा उत्पादकको दायित्व समानुपातिक रूपमा कम हुन सक्छ। तर त्यस्तो चोटपटकबाट तेस्रो पक्षलाई नोक्सान वा नोक्सानी भएको भए त्यस्तो पक्षको हकमा दायित्वको परिमाण नघटाउने। |

नेपाल कानून आयोग

## परिच्छेद- ६

## उपभोक्तासँग सम्बन्धित कानूनी व्यवस्थाको तुलनात्मक विवरण

### ६.१ नेपालमा प्रचलनमा रहेका उपभोक्ता अधिकारसँग सम्बन्धित मुख्य केही ऐनहरुः

(१) उपभोक्ता संरक्षण ऐन, २०७५

(२) खाद्य ऐन, २०२३

(३) औषधि ऐन, २०३५

(४) स्टाण्डर्ड नाप र तौल ऐन, २०२५

(५) सुर्तीजन्य पदार्थ ऐन, २०६८

(६) कालोबजारी तथा केही अन्य सामाजिक अपराध तथा सजाय ऐन, २०३२

(७) वस्तुको प्रत्यक्ष बिक्री (व्यवस्थापन तथा नियमन गर्ने) ऐन, २०७४

(८) मुलुकी देवानी संहिता, २०७४

(९) पशु वधशाला र मासु जाँच ऐन, २०५५

(१०) आमाको दूधलाई प्रतिस्थापन गर्ने वस्तु (बिक्री वितरण नियन्त्रण) ऐन, २०४९

(११) आयोडिनयुक्त नून (उत्पादन तथा बिक्री वितरण) ऐन, २०५५

### ६.२ उपभोक्ता सम्बन्धी केही ऐनहरुमा दोहोरिएका मुख्य प्रावधानको विवरणः

**१. प्रस्तावना**

| क्र.सं. | ऐन | प्रावधान |
|---|---|---|
| १. | उपभोक्ता संरक्षण ऐन, २०७५ | गुणस्तरीय वस्तु तथा सेवा प्राप्त गर्ने उपभोक्ताको संवैधानिक अधिकारको संरक्षण तथा संवर्द्धन गर्न, उपभोक्तालाई प्राप्त हकको प्रचलनका लागि न्यायिक उपचार प्रदान गर्न र उपभोक्तालाई हुन सक्ने हानि, नोक्सानी बापत क्षतिपूर्ति उपलब्ध गराउन उपभोक्ता संरक्षण सम्बन्धी कानूनी व्यवस्था गर्न। |
| २. | खाद्य ऐन, २०२३ | सर्वसाधारण जनताको स्वास्थ्य तथा सुविधा कायम राख्न खाद्य पदार्थमा कुनै अवान्छनीय मिसावट रोक्न वा खाद्य पदार्थमा रहेको स्वाभाविक कुनै गुण वा उपयोगिता घटाउन वा झिक्न नपाउने गर्न |

नेपाल कानून आयोग

| | | |
|---|---|---|
| | | र खाद्य पदार्थको उचितस्तर बनाई राख्नको निमित्त कानूनी व्यवस्था गर्न। |
| ३. | औषधि ऐन, २०३५ | औषधि वा औषधिका साधक पदार्थहरूको अनुचित प्रयोग वा दुरूपयोग हुन नदिन त्यसको उपयोगिता एवं प्रयोग सम्बन्धी झुट्टा वा भ्रमात्मक प्रचार हुन नदिन र जनसुरक्षित, असरयुक्त तथा गुणयुक्त नहुने औषधि उत्पादन, बिक्री, वितरण, निकासी पैठारी, सञ्चय र सेवनको नियन्त्रण गर्न। |
| ४. | स्टाण्डर्ड नाप र तौल ऐन, २०२५ | नेपालभरी मेट्रिक पद्धतिमा आधारित नाप र तौलको स्टाण्डर्ड कायम गरी प्रचलनमा ल्याउने व्यवस्था गर्न |
| ५. | सुर्तीजन्य पदार्थ ऐन, २०६८ | धूम्रपान तथा सुर्ती सेवनले मानव जीवनको आर्थिक, सामाजिक र सांस्कृतिक क्रियाकलापमा समेत नकारात्मक असर पार्ने भएकोले सो कार्यलाई नियन्त्रण गरी सर्वसाधारण जनताको स्वास्थ्य, सुविधा र आर्थिक हितको अभिवृद्धि गर्न सुर्तीजन्य पदार्थको आयात, उत्पादन, बिक्री, वितरण तथा सेवन गर्ने कार्यलाई न्यूनीकरण, नियन्त्रण तथा नियमन गर्ने सम्बन्धमा कानूनी व्यवस्था गर्न। |
| ६. | कालोबजारी तथा केही अन्य सामाजिक अपराध तथा सजाय ऐन, २०३२ | सर्वसाधारण जनताको स्वास्थ्य, सुविधा र आर्थिक हित कायम राख्न कालोबजार, नाफाखोरी, जम्माखोरी, मिसावट र केही अन्य सामाजिक अपराध नियन्त्रण गर्न। |
| ७. | वस्तुको प्रत्यक्ष बिक्री (व्यवस्थापन तथा नियमन गर्ने) ऐन, २०७४ | वस्तुको प्रत्यक्ष बिक्री वा वितरण सम्बन्धी व्यवसायलाई नियमन गरी भर पर्दो र, पारदर्शी एवं प्रतिस्पर्धात्मक बनाई सर्वसाधारण उपभोक्ताको हक हित संरक्षण गर्न। |
| ८. | मुलुकी देवानी संहिता २०७४ | मुलुकमा कानून र व्यवस्था कायम गरी सर्वसाधारणको नैतिकता, शिष्टाचार, सदाचार र सुविधा एवं आर्थिक हित कायम राख्न तथा आर्थिक, सामाजिक र साँस्कृतिक क्षेत्रमा न्यायपूर्ण व्यवस्था कायम गरी विभिन्न जात, जाति वा सम्प्रदायहरू बीचको सुसम्बन्ध कायम राख्नको लागि मुलुकी ऐन तथा अन्य कानूनमा रहेका देवानी सम्बन्धी व्यवस्थालाई संशोधन र एकीकरण समेत गरी समयानुकूल बनाउन। |
| ९. | पशु वधशाला र मासु जाँच ऐन, २०५५ | सर्वसाधारण जनताको स्वास्थ्य र हित कायम राख्न मासु तथा मासुबाट बन्ने खाद्य पदार्थमा मिसावट रोक्न र मासुमा हुने स्वस्थता तथा मासुको स्वाभाविक गुण विग्रन नदिई उपयुक्त स्तर कायम |

नेपाल कानून आयोग

| | | |
|---|---|---|
| | | राख्नको लागि पशु वधशाला स्थापना गर्ने र मासु जाँच गर्ने सम्बन्धमा व्यवस्था गर्न। |
| १०. | आमाको दूधलाई प्रतिस्थापन गर्ने वस्तु (बिक्री वितरण नियन्त्रण) ऐन, २०४९ | स्तनपानको संरक्षण तथा संबर्द्धन गर्न तथा आमाको दूधलाई प्रतिस्थापन गर्ने वस्तु लगायत बाल आहारको बिक्री वितरणलाई नियमित गरी बच्चाहरुको लागि सुरक्षित एवं पर्याप्त पोषणको व्यवस्था गर्न। |
| ११. | आयोडिनयुक्त नून (उत्पादन तथा बिक्री वितरण) ऐन, २०५५ | आयोडिनको कमीबाट जनस्वास्थ्यमा पर्न जाने व्यापक र गम्भीर असरलाई कम खर्चिलो र सरल तरिकाले निवारण र निर्मूल गर्न आयोडिनयुक्त नूनको समुचित मात्रामा उत्पादन, पैठारी, आपूर्ति, बिक्री वितरण तथा नूनमा आयोडिन मिश्रण गर्ने व्यवस्था गर्न। |

## २. अनुमति तथा सिफारिस

| क्र.सं. | ऐन | प्रावधान |
|---|---|---|
| १. | उपभोक्ता संरक्षण ऐन, २०७५ | |
| २. | खाद्य ऐन, २०२३ | **दफा ४(ख).**<br>अनुज्ञापत्र लिनु पर्ने: तोकिएको खाद्य पदार्थको उत्पादन, बिक्री, वितरण, सञ्चय वा प्रशोधन गर्न चाहने व्यक्तिले तोकिए बमोजिम अनुज्ञापत्र लिनु पर्नेछ। |
| ३. | औषधि ऐन, २०३५ | **दफा ७.**<br>औषधिको उद्योग स्थापना गर्न सिफारिसपत्र लिनु पर्ने : कुनै व्यक्तिले औषधिको उत्पादन गर्नको लागि उद्योग स्थापना गर्न प्रचलित कानूनबमोजिम नेपाल सरकारको स्वीकृति लिनुभन्दा अघि तोकिएबमोजिम विभागबाट सिफारिसपत्र लिनु पर्नेछ।<br>**दफा ८.**<br>उत्पादन अनुज्ञापत्र लिनु पर्ने : (१) दफा ७ बमोजिम विभागको सिफारिस लिई औषधि उद्योगको स्थापना गरिसकेपछि औषधि उत्पादन गर्नुभन्दा अघि औषधि उत्पादन गर्ने व्यक्तिले तोकिएको दस्तुर तिरी तोकिए बमोजिम विभागबाट उत्पादन अनुज्ञापत्र (प्रोडक्ट लाइसेन्स) लिनु पर्नेछ। |
| ४. | स्टाण्डर्ड नाप र तौल ऐन, २०२५ | **दफा २६.**<br>इजाजतपत्र नलिई गर्न नहुने: निरीक्षकबाट तोकिएको दस्तुर तिरेर |

नेपाल कानून आयोग

| | | |
|---|---|---|
| | | तोकिए बमोजिम इजाजत प्राप्त नगरी कुनै व्यक्तिले आफ्नो व्यापारको सिलसिलामा व्यापारिक नाप वा तौल वा नाप्ने यन्त्र वा तौलने यन्त्र बनाउन, मर्मत गर्न बिक्री गर्न वा तोकिएको नाप्ने वा तौलने सेवाको व्यवसाय गर्न हुँदैन। |
| ५. | वस्तुको प्रत्यक्ष बिक्री (व्यवस्थापन तथा नियमन गर्ने) ऐन, २०७४ | **दफा ३.**<br>इजाजतपत्र प्राप्त नगरी वस्तुको प्रत्यक्ष बिक्री वा वितरण सम्बन्धी कार्य गर्न नहुने: यस ऐन बमोजिम इजाजतपत्र प्राप्त नगरी कसैले पनि तोकिएका वस्तुको प्रत्यक्ष बिक्री वा वितरण सम्बन्धी कार्य गर्न वा गराउन हुँदैन। |
| ६. | मुलुकी देवानी संहिता २०७४ | **दफा ६८६.**<br>त्रुटिपूर्ण उत्पादन भएको प्रमाणित गर्नु पर्ने: कसैले कुनै वस्तु वा सेवा त्रुटिपूर्ण उत्पादन भएको र त्यसको उपभोग गरेको कारणले आफ्नो जीउ, ज्यान वा सम्पत्ति उपर क्षति पुगेको दाबी गरेमा त्यस्तो त्रुटिपूर्ण उत्पादन तथा क्षतिको सम्बन्ध र त्यस्तो उत्पादन उपभोग गरेको कारणले नै त्यस्तो क्षति भएको कुरा निजले प्रमाणित गर्नु पर्नेछ। |
| ७. | पशु वधशाला र मासु जाँच ऐन, २०५५ | **दफा ३.**<br>इजाजतपत्र नलिई पशु वधशाला स्थापना गर्न वा मासु बिक्री गर्न नपाइने : यस ऐन बमोजिम इजाजतपत्र नलिई कसैले पनि पशु वधशाला स्थापना गर्न वा मासु बिक्रेताको काम गर्न पाउने छैन। |
| ८. | आयोडिनयुक्त नून (उत्पादन तथा बिक्री वितरण) ऐन, २०५५ | **दफा ४.**<br>आयोडिनयुक्त नूनको उत्पादन, पैठारी, आपूर्ति तथा बिक्री वितरण गर्न अनुमतिपत्र प्राप्त गर्नु पर्ने: आयोडिनयुक्त नूनको उत्पादन, पैठारी, आपूर्ति तथा बिक्री वितरण गर्न चाहने व्यक्ति वा संस्थाले यस ऐन बमोजिम अनुमतिपत्र प्राप्त गर्नु पर्नेछ |

## ३. अनुसन्धानशाला /प्रयोगशाला

| क्र.सं. | ऐन | प्रावधान |
|---|---|---|
| १. | खाद्य ऐन, २०२३ | **दफा ८.**<br>कुनै खाद्य पदार्थ दूषित वा न्यून स्तरको खाद्य पदार्थ हो वा होइन भन्ने कुराको परीक्षण तोकिएको अनुसन्धानशालामा गराइनेछ र त्यस सम्बन्धमा सो अनुसन्धानशालाको तोकिएको अधिकारी वा |



नेपाल कानून आयोग

| | | |
|---|---|---|
| | | अधिकारीहरुबाट प्रतिवेदन लिइनेछ। |
| २. | औषधि ऐन, २०३५ | **दफा ६.**<br>नेपाल औषधि अनुसन्धानशाला र अन्य अनुसन्धानशालाः (१) नेपाल सरकारले स्थापना गरेको नेपाल औषधि अनुसन्धानशाला औषधिको वैज्ञानिक अनुसन्धान, परीक्षण र विश्लेषण गर्ने नेपाल सरकारको प्रमुख अङ्ग हुनेछ।<br>**दफा १२.**<br>औषधि जनसुरक्षित, असरयुक्त र गुणयुक्त हुनु पर्ने : प्रत्येक औषधि तोकिएको स्तर कायम रहने गरी जनसुरक्षित, असरयुक्त र गुणयुक्त हुनु पर्नेछ। |
| ३. | स्टाण्डर्ड नाप र तौल ऐन, २०२५ | **दफा २२.**<br>व्यापारिक नाप र तौलमा परिमाण र संज्ञा अङ्कित हुनु पर्नेः व्यापारिक नाप वा तौलमा नाप्ने नाप र तौलने तौलको संज्ञा र परिमाण स्पष्टरुपले अङ्कित भएको हुनुपर्छ र तोकिए बमोजिम जाँचको स्पष्ट छाप लगाइएको हुनुपर्छ। |
| ४. | पशु वधशाला र मासु जाँच ऐन, २०५५ | **दफा १०.**<br>वध गरिएको पशुको मासु जाँच गर्नु पर्ने : (१) दफा ९ बमोजिम वध गरिएको पशुको मासु मासु निरीक्षकले तोकिए बमोजिम जाँच गर्नु पर्नेछ।<br>(२) मासु निरीक्षकले उपदफा (१) बमोजिम वध गरिएको पशुको मासु जाँच गर्दा त्यस्तो मासुमा केही खराबी वा रोग भएको पाइएमा त्यस्तो मासु आंशिक वा पूर्णरुपमा बिक्री वितरणको लागि निषेध गर्न सक्नेछ।<br>(३) यस दफाको प्रयोजनको लागि नेपाल सरकारले मासु जाँच गर्ने प्रयोगशाला तोक्न सक्नेछ। |
| ५. | आयोडिनयुक्त नून (उत्पादन तथा बिक्री वितरण) ऐन, २०५५ | **दफा १६.**<br>गुणस्तर प्रमाणीकरणः (१) उत्पादक, पैठारीकर्ता वा वितरकले नेपालमा डिलर मार्फत आयोडिनयुक्त नून बिक्री वितरण गर्नु अघि केन्द्रीय खाद्य अनुसन्धानशालाबाट जाँच गराई गुणस्तर प्रमाणीकरण गराउनु पर्नेछ। |

नेपाल कानून आयोग

## ४. मुख्य कानूनी प्रावधान

| क्र.सं. | ऐन | प्रावधान |
|---|---|---|
| १. | उपभोक्ता संरक्षण ऐन, २०७५ | **दफा ३.**<br><u>उपभोक्ताको अधिकारः</u> (१) प्रत्येक उपभोक्तालाई गुणस्तरीय वस्तु वा सेवा प्राप्त गर्ने अधिकार हुनेछ।<br>(२) उपदफा (१) को सर्वसामान्यतामा प्रतिकूल प्रभाव नपर्ने गरी उपभोक्ताको हक, हित र सरोकार संरक्षण गर्ने प्रयोजनको लागि प्रत्येक उपभोक्तालाई देहायको अधिकार हुनेछः-<br>(क) वस्तु वा सेवामा सहज पहुँचको अधिकार,<br>(ख) स्वच्छ प्रतिस्पर्धात्मक मूल्यमा गुणस्तरीय वस्तु वा सेवाको छनौट गर्न पाउने अधिकार,<br>(ग) वस्तु वा सेवाको मूल्य, परिमाण, शुद्धता, गुणस्तर आदि बारे सूचित हुने अधिकार,<br>(घ) दुई वा दुईभन्दा बढी पदार्थको समिश्रणबाट बनेको वा उत्पादित वस्तुमा रहेका त्यस्ता पदार्थको मात्रा, तत्व वा प्रतिशतको सम्बन्धमा उत्पादक, पैठारीकर्ता वा बिक्रेताबाट जानकारी पाउने अधिकार,<br>(ङ) मानव जीउ, ज्यान, स्वास्थ्य तथा सम्पत्तिमा हानि पुर्‍याउने वस्तु तथा सेवाको बिक्री वितरणबाट सुरक्षित हुन पाउने अधिकार,<br>(च) अनुचित व्यापारिक तथा व्यवसायजन्य क्रियाकलाप विरुद्ध उचित कानूनी कारबाही गराउन पाउने अधिकार,<br>(छ) वस्तु वा सेवाको प्रयोगबाट भएको हानि, नोक्सानी विरुद्ध क्षतिपूर्ति पाउने अधिकार,<br>(ज) उपभोक्ताको हक, हितको संरक्षणका सम्बन्धमा अधिकारप्राप्त अधिकारी वा निकायबाट उपचार पाउने वा सुनुवाई हुने अधिकार,<br>(झ) उपभोक्ता शिक्षा पाउने अधिकार।<br>**दफा ४.**<br><u>वस्तु वा सेवाको नियमनः</u> (१) नेपाल सरकारले उपभोक्ताको अधिकारको संरक्षण गर्न नियमित रूपमा वस्तु वा सेवाको आपूर्ति मूल्य, गुणस्तर, नापतौल, लेबल, विज्ञापन आदिको नियमन गर्नेछ। |
| २. | औषधि ऐन, २०३५ | **दफा १५.** |

नेपाल कानून आयोग

| | | |
|---|---|---|
| | | <u>क्षतिपूर्ति दिनु पर्ने</u> : जनसुरक्षित, असरयुक्त र गुणयुक्त नहुने गरी उत्पादन गरिएको औषधिबाट कुनै व्यक्तिको मृत्यु भएमा वा स्वास्थ्यलाई हानि हुन गएमा औषधिको उत्पादन गर्ने व्यक्ति जवाफदेही हुनेछ र त्यस्तो मृत्यु भए बापत मर्नेको हकदारलाई र हानि हुन गए बापत सो व्यक्तिलाई तोकिएबमोजिम क्षतिपूर्ति उत्पादन गर्ने व्यक्तिले दिनु पर्नेछ।<br>**दफा ३२.**<br><u>औषधि उत्पादन गर्दा औषधिको प्रणाली र अन्य कुरा खुलाउनु पर्ने:</u><br>(१) औषधिको उत्पादन गर्दा त्यस्तो औषधि एलोप्याथिक, आयुर्वेदिक, होमियोप्याथिक र यूनानी प्रणालीमध्ये कुन प्रणालीको औषधि हो सो खुलाई लेबुलमा उल्लेख गर्नु पर्नेछ।<br>(२) औषधि उत्पादन गर्दा त्यसको सेवनबाट हुन सक्ने सम्भावित प्रतिकूल असरको सम्बन्धमा तोकिएबमोजिम उल्लेख गर्नु पर्नेछ। |
| ३. | सुर्तीजन्य पदार्थ ऐन, २०६८ | **दफा ४.**<br><u>सार्वजनिक स्थलमा धूम्रपान तथा सुर्ती सेवन गर्न नहुने</u> : (१) कसैले पनि सार्वजनिक स्थलमा धूम्रपान तथा सुर्ती सेवन गर्न पाउने छैन।<br>(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि व्यवस्थापकले कारागार, विमानस्थल वा पर्यटकीय स्तरको होटलको कुनै खास ठाउँमा अन्य व्यक्तिलाई प्रतिकूल असर नपर्ने गरी धूम्रपान तथा सुर्तीजन्य पदार्थ सेवन गर्ने सम्बन्धमा आवश्यक व्यवस्था गर्न सक्नेछ।<br>(३) उपदफा (२) बमोजिम धूम्रपान तथा सुर्ती सेवनको लागि छुट्याइएको ठाउँमा कायम गर्नु पर्ने आधारभूत कुराहरु तोकिए बमोजिम हुनेछन्। |
| ४. | कालोबजारी तथा केही अन्य सामाजिक अपराध तथा सजाय ऐन, २०३२ | सर्वसाधारण जनताको स्वास्थ्य, सुविधा र आर्थिक हित कायम राख्न कालोबजार, नाफाखोरी, जम्माखोरी, मिसावट र केही अन्य सामाजिक अपराध नियन्त्रण गर्ने मुख्य उद्देश्य। |
| ५. | वस्तुको प्रत्यक्ष बिक्री (व्यवस्थापन तथा नियमन गर्ने) ऐन, २०७४ | **दफा ११**<br><u>पिरामिडमा धारित व्यवसाय गर्न नहुने:</u> यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कसैले पनि पिरामिडमा आधारित व्यवसाय सञ्चालन गर्न हुँदैन।<br><u>स्पष्टीकरण:</u> यस दफाको प्रयोजनको लागि “पिरामिडमा आधारित |

नेपाल कानून आयोग

व्यवसाय" भन्नाले देहायको कुनै कार्यसँग सम्बन्धित व्यवसाय सम्झनुपर्छः

(१) वस्तु खरिद गर्नु पूर्व अनिवार्य रुपमा कुनै किसिमको सदस्यता लिनु पर्ने अवस्था भएको सञ्जालयुक्त कार्य,

(२) एक वस्तु खरिद गर्दा अन्य वस्तु समेत एकमुष्ट प्याकेजमा खरिद गर्नु पर्ने सञ्जालयुक्त कार्य,

(३) वस्तु खरिद गर्ने व्यक्तिले आफू मातहत अर्को प्रत्यक्ष बिक्रेता वा वितरक बनाउन नसकेको अवस्थामा आफूले भुक्तानी गरेको रकम वा लाभ बराबरको वस्तु प्राप्त गर्न नसक्ने स्थितिको सञ्जालयुक्त कार्य,

(४) वस्तुको कारोबार नगरी केवल प्रत्यक्ष बिक्रेता वा वितरक बनाई शुल्क मात्र लिने गरी गरिने सञ्जालयुक्त कार्य,

(५) कम्पनीले वस्तु बिक्री गर्ने प्रयोजनको लागि व्यावसायिक दृष्टिले अनुचित र असम्भव देखिने आकर्षक उपहार दिई वा कमिशनको प्रलोभन देखाई सदस्य बनाउने वा महङ्गो वस्तु खरिद गर्न लगाउने सञ्जालयुक्त कार्य,

(६) वस्तुको खुद्रा बिक्रीलाई निरुत्साहित गर्ने व्यापारिक कार्ययोजना भएको सञ्जालयुक्त कार्य

(७) कुनै वस्तुलाई अप्रत्याशित लाभ हुने वा चिकित्सा विज्ञानबाट निको नहुने भनी प्रमाणित भएको रोग निको हुने अलौकिक वस्तु हो भनी विश्वासमा पारी बिक्री वा वितरण गर्ने सञ्जालयुक्त कार्य।

**दफा १३**

भौतिक पूर्वाधार सम्बन्धी व्यवस्थाः (१) कुनै वस्तुको प्रत्यक्ष बिक्री वा वितरण सम्बन्धी व्यवसाय सञ्चालन गर्न छुट्टै भौतिक पूर्वाधारको आवश्यकता पर्ने रहेछ भने इजाजतपत्रवालाले त्यस्तो भौतिक पूर्वाधारको व्यवस्था गरेर मात्र व्यवसाय सञ्चालन गर्नु पर्नेछ।

**दफा १४**

सम्झौता गर्नु पर्नेः इजाजतपत्रवालाले प्रत्यक्ष बिक्रेता वा वितरकलाई वस्तुको प्रत्यक्ष बिक्री वा वितरण सम्बन्धी कारोबार गर्न लगाउनु पूर्व निजसँग तत्सम्बन्धी सम्झौता गर्नु पर्नेछ।

नेपाल कानून आयोग

| | | |
|---|---|---|
| | | <u>**दफा १८**</u><br><u>खरिद गरेको वस्तु फिर्ता गर्न सक्नेः</u><br>(१) प्रत्यक्ष बिक्रेता वा वितरकबाट खरिद गरेको वस्तुको मूल्य, गुणस्तर, परिमाण वा उपयोगितामा चित्त नबुझेमा उपभोक्ताले त्यस्तो वस्तु खरिद गरेको मितिले तीस दिनभित्र सम्बन्धित प्रत्यक्ष बिक्रेता वा वितरकलाई फिर्ता गर्न सक्नेछ।<br>(२) उपदफा (१) बमोजिम उपभोक्ताले खरिद गरेको वस्तु फिर्ता गरेमा इजाजतपत्रवाला तथा वस्तुको प्रत्यक्ष बिक्रेता वा वितरकले वस्तु बिक्री वा वितरण गर्दाका बखत लिई सकेको सेवा शुल्क र कानून बमोजिम लाग्ने कर कट्टी गरी बाँकी रकम फिर्ता गर्नु पर्नेछ।<br>(३) उपदफा (२) बमोजिम कर कट्टी गरेको रकम सम्बन्धित कर कार्यालयमा दाखिला गर्नु पर्नेछ।<br>(४) उपभोक्ताले खरिद गरेको वस्तु फिर्ता सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ। |
| ६. | मुलुकी देवानी संहिता २०७४ | **दफा ६८५.**<br><u>त्रुटिपूर्ण उत्पादन वापत दायित्व व्यहोर्नु पर्नेः</u> (१) कसैले त्रुटिपूर्ण उत्पादन गरी कुनै वस्तु वा सेवा बिक्री, वितरण गर्न गराउन हुँदैन।<br>(२) उपदफा (१) बमोजिमको त्रुटिपूर्ण उत्पादन कसैले बिक्री वा वितरण गरी त्यस्तो वस्तुको उपभोग गर्दा कसैको जीउ, ज्यान वा सम्पत्ति उपर हानि, नोक्सानी भएमा त्यस वापत उत्पादकले यस परिच्छेद बमोजिम दायित्व व्यहोर्नु पर्नेछ।<br>यस परिच्छेदको प्रयोजनका लागिः-<br>१".त्रुटिपूर्ण उत्पादन "भन्नाले कुनै उत्पादन उपभोग गर्दा सामान्य मानिसले मनासिब तवरले अपेक्षा गर्ने न्यूनतम सुरक्षाका उपायहरु देहायको कुनै कारणबाट नभएको कुनै वस्तु वा सेवा सम्झनु पर्छः-<br>क. त्रुटिपूर्ण डिजाइन, निर्माण, प्रशोधन वा जडान,<br>ख. त्रुटिपूर्ण प्याकिङ्ग, संरक्षण वा भण्डारण,<br>ग. त्रुटिपूर्ण प्रस्तुति,<br>घ. उत्पादित वस्तु वा सेवाको प्रकृति अनुसार सम्भावित जोखिम वा खतरालाई नियन्त्रण गर्ने पर्याप्त उपाय वा पूर्व सावधानीको अभाव।<br>२. "उत्पादक" भन्नाले त्रुटिपूर्ण वस्तु वा सेवा अन्तिम रुपमा उत्पादन |

नेपाल कानून आयोग

| | | |
|---|---|---|
| | | गरी बिक्री वितरण गर्ने उत्पादक सम्झनु पर्छ र सो शब्दले देहाएको व्यक्ति समेतलाई जनाउने छः-<br>क. उत्पादक पत्ता नलागेकोमा त्रुटिपूर्ण वस्तु बिक्री वितरण गर्ने वितरक वा बिक्रेता,<br>ख. पैठारी गरिएको वस्तु भए त्रुटिपूर्ण वस्तु पैठारी गर्ने पैठारीकर्ता वा त्यस्तो वस्तु बिक्री वितरण गर्ने वितरक वा बिक्रेता।<br><br>**दफा ६८७.**<br><u>दायित्व निर्वाह गर्नः उत्पादकले देहायका कुनै तथ्यहरू प्रमाणित गरेमा उत्तरदायी हुने छैनः</u><br>(क) दोषपूर्ण वस्तु उत्पादन, बिक्री वा वितरण नगरेको,<br>(ख) उत्पादन, पैठारी, बिक्री वा वितरण गरेको वस्तु वा सेवा उत्पादन, पैठारी, बिक्री वा वितरणको समयमा दोषपूर्ण थिएन वा बिक्री वा वितरण पछि दोषपूर्ण भएमा,<br>(ग) उत्पादन गरेको वस्तु वा सेवाको बजारीकरण, बिक्री वा वितरण नगरिएको,<br>(घ) उत्पादित वस्तु वा सेवा उपभोग गर्दा उपभोक्ताले पालना गर्नुपर्ने निर्देशन पालना नगरेको कारणले चोटपटक लागेको,<br>(ङ) उपभोक्ताले उपभोग्य गरेको वस्तुको उचित उपभोग नगरेको वा अन्यथा उपभोग गरेको कारणले चोटपटक लागेको,<br>(च) वस्तु वा सेवाको उत्पादन वा वितरण गर्दा त्यस्तो वस्तु वा सेवा दोषपूर्ण छ भनी कुनै वैज्ञानिक वा प्राविधिक ज्ञान नभएको,<br>(छ) उत्पादन बिक्री गर्दा जुन वस्तुबाट चोटपटक लागेको हो, ठीकसँग उपभोग नगर्दा चोटपटक लाग्न सक्छ भनी पुर्व जानकारी दिइएको,<br><br>**दफा ६८८.**<br><u>दायित्वको मात्रा घटाउन सकिन्छः</u> दोषपूर्ण उत्पादनको उत्पादक र उपभोक्ता दुवैको कारणले चोटपटक लागेको प्रमाणित भएमा उत्पादकको दायित्व समानुपातिक रूपमा कम हुन सक्छ। तर त्यस्तो चोटपटकबाट तेस्रो पक्षलाई नोक्सान वा नोक्सानी भएको भए त्यस्तो पक्षको हकमा दायित्वको परिमाण नघटाउने। |
| ७. | आमाको दूधलाई | **दफा ७.** |

नेपाल कानून आयोग

| | | |
|---|---|---|
| | प्रतिस्थापन गर्ने वस्तु (बिक्री वितरण नियन्त्रण) ऐन, २०४९ | <u>बाल आहार सम्बन्धी सूचना र शिक्षाः</u><br>(२) बाल आहार सम्बन्धी सूचना तथा शैक्षिक सामग्रीहरुले देहायका बुँदाहरुमा स्पष्ट जानकारी दिनु पर्नेछ<br>(क)स्तनपानको फाईदा र विशिष्टता,<br>(ख)आमाको पोषण लगायत स्तनपान तयार गर्ने र स्तर कायम राख्ने तरिका।<br>(ग) शिशिबाट दूध खुवाउँदा वा छुट्टै पूरक खाद्य पदार्थ खुवाउँदा स्तनपानलाई प्रतिकूल असर पार्ने कुराहरु,<br>(घ)केही अवधि शिशिबाट दूध खुवाई पुनः स्तनपान गराउँदा पर्ने कठिनाई।<br>(३) बच्चाहरुलाई पूरक खाद्य पदार्थ वा आमाको दूधलाई प्रतिस्थापन गर्ने वस्तु खुवाउने विषय समावेश भएको सूचना तथा शैक्षिक सामग्रीहरुले उपदफा (२) मा उल्लिखित जानकारीको अतिरिक्त देहायका बुँदाहरु पनि प्रष्ट गर्नु पर्नेछः-<br>(क) आमाको दूधलाई प्रतिस्थापन गर्ने वस्तुको उचित प्रयोग,<br>(ख)बच्चाहरुलाई स्तनपान गराउँदा लाग्ने खर्चको दाँजोमा आमाको दूधलाई प्रतिस्थापन गर्ने वस्तु खुवाउँदा लाग्ने खर्च,<br>(ग) आमाको दूधलाई प्रतिस्थापन गर्ने वस्तुको अनुचित तयारीबाट तथा<br>अनुपयुक्त खाना खुवाउँदा र शिशीबाट खुवाउँदा स्वास्थ्यमा पर्ने खराबी,<br>(घ)बच्चाहरुलाई कचौरा र चम्चाबाट खुवाउने तरिका।<br>(ङ) घरमा पूरक खाद्य पदार्थ तयार गर्ने तरिका। |
| ८. | आयोडिनयुक्त नून (उत्पादन तथा बिक्री वितरण) ऐन, २०५५ | **दफा १५.**<br><u>गुणस्तरः</u> (१) आयोडिनयुक्त नून उत्पादन, पैठारी, आपूर्ति र बिक्री वितरण गर्दाको अवस्थामा आयोडिनयुक्त नूनमा हुनुपर्ने गुणस्तर समितिबाट निर्धारण गरिएको वा सिफारिस गरे बमोजिमको हुनु पर्नेछ।<br><br>**दफा १७.**<br><u>लेबल स्वीकृत गर्नेः</u> (१) नेपाल मा उत्पादित वा पैठारी गरिएको आयोडिनयुक्त नून बिक्री वितरण गर्नु अघि उत्पादक वा पैठारीकर्ता वा वितरकले त्यस्तो नूनको लेबल स्वीकृतिको लागि तोकिए |

नेपाल कानून आयोग

| | | |
|---|---|---|
| | | बमोजिमको ढाँचामा तोकिए बमोजिमको दस्तुर सहित समिति समक्ष दरखास्त दिनु पर्नेछ। |

## ५. लेबल लगाउनुपर्ने

| क्र.सं. | ऐन | प्रावधान |
|---|---|---|
| १. | उपभोक्ता संरक्षण ऐन, २०७५ | **दफा6 (1)** उत्पादकले आफूले उत्पादन गरेको वस्तुमा लेबल लगाउनु पर्नेछ। |
| २. | औषधि ऐन, २०३५ | |
| ३. | स्टाण्डर्ड नाप र तौल ऐन, २०२५ | **दफा २७-**<br>मोहोर बन्दी गरिएका प्याकेजमा नाप वा तौल अङ्कित हुन पर्नेः मोहोर बन्द प्याकेजमा रहेका वस्तुहरुको नाप वा तौल स्पष्ट उल्लेख गरी सो प्याकेजमा लेवल लगाएको हुनुपर्छ। यसरी लेवल नलगाइएको वस्तुको प्याकेज कसैले बेच्न, बेच्न लगाउन वा बेच्ने उद्देश्यले राख्न हुँदैन।<br>तर, साधारणतया नाप वा तौलद्वारा कारोवार वा बिक्री नगरिने वस्तुहरुको सम्बन्धमा यो दफा लागू हुने छैन। |
| ४. | सुर्तीजन्य पदार्थ ऐन, २०६८ | **दफा ७-**<br>लेबुल, ट्रेडमार्क, र्‍यापर्स तथा प्याकिङ्ग : (१) उत्पादकले सुर्तीजन्य पदार्थको प्याकेट तथा र्‍यापर्समा देहायको विवरण उल्लेख गर्नु पर्नेछः-<br>(क)प्रचलित कानून बमोजिम दर्ता गराइएको लेबुल तथा ट्रेडमार्क चिन्ह,<br>(ख)उत्पादकको नाम, ठेगाना र सुर्तीजन्य पदार्थमा रहेको निकोटिनको मात्रा,<br>(ग) तोकिएका अन्य हानिकारक तत्व एवं आवश्यक कुराहरु।<br><br>**दफा ९-**<br>चेतावनीमूलक सन्देश तथा चित्र उल्लेख गर्नु पर्ने : (१) उत्पादकले सुर्तीजन्य पदार्थको बट्टा, र्‍यापर्स, प्याकेट तथा पार्सलको प्याकेजिङ्ग र लेबुलको बाहिरी कुल भागमध्ये कम्तीमा पचहत्तर प्रतिशत भागमा सुर्तीजन्य पदार्थ स्वास्थ्यलाई हानिकारक छ भन्ने जस्ता व्यहोराको मन्त्रालयले तोके बमोजिम चेतावनीमूलक सन्देश र सुर्तीजन्य |

नेपाल कानून आयोग

| | | |
|---|---|---|
| | | पदार्थको सेवनको असरबाट भएको घातक, रङ्गिन चित्र प्रष्ट रुपमा बुझ्ने र देख्ने गरी नेपाली भाषामा छाप्नु तथा अङ्कित गर्नु पर्नेछ। |
| ५. | आमाको दूधलाई प्रतिस्थापन गर्ने वस्तु (बिक्री वितरण नियन्त्रण) ऐन, २०४९ | **दफा ११.**<br><u>लेवल लगाउने:</u> उत्पादनको लेवल उत्पादनको उपयुक्त प्रयोग बारे आवश्यक जानकारी दिने र स्तनपानलाई दुरुत्साहन नगर्ने किसिमले तयार गरेको हुनु पर्नेछ। उत्पादनको लेवलमा उत्पादक तथा सम्भव भए वितरकको पनि नाम र ठेगाना हुनु पर्नेछ। आमाको दूधलाई प्रतिस्थापन गर्ने वस्तुको लेवलमा नेपाली भाषामा देहायका सबै जानकारी सहितको सफा, स्पष्ट एवं सजिलै सँग बुझ्न सकिने सन्देश छापिएको हुनु पर्नेछ। जस्तै बच्चाहरुको लागि स्तनपान सबैभन्दा असल दूध हो भन्ने व्यहोरा, आवश्यकता र प्रयोग गर्ने तरिकाको सम्बन्धमा स्वास्थ्य कार्यकर्ताको सल्लाह बिना उत्पादन प्रयोग गर्न नहुने व्यहोरा, सजिलै सँग बुझ्न सकिने ग्राफीक वा शब्दमा उपयुक्त तयारी गर्ने निर्देशन आदि।<br>अन्य उत्पादनको लेवलमा देहायका कुराहरु पनि उल्लेख हुनु पर्नेछ। जस्तै साधकहरु, उत्पादनको विश्लेषण र बनावट, ब्याच सङ्ख्या, सञ्चय स्थिति, उत्पादन मिति र मौसमी अवस्थालाई विचार गरी उत्पादन उपभोग गरी सक्नु पर्ने मिति आदि। |

**६. कसूर र दण्ड (नापतौल)**

| क्र.सं. | ऐन | प्रावधान |
|---|---|---|
| १. | उपभोक्ता संरक्षण ऐन, २०७५ | **दफा १६ (२) (क)-**<br>वस्तु वा सेवाको वास्तविक गुणस्तर, परिमाण, मूल्य, नापतौल, ढाँचा वा बनावट आदि ढाँटी, लुकाई, छिपाई वा झुक्याई त्यस्तो वस्तु वा सेवा बिक्री वा प्रदान गरेमा, अनुचित व्यापारिक तथा व्यवसायजन्य क्रियाकलाप गरेको मानिनेछ।<br>**दफा ३८(ङ)-**<br>दफा १६ (२)(क) को कार्य गरेमा कसूर मानिने,<br>**दफा ३९ (१)(ख)-**<br>उक्त कसूर गरे वा गराएमा दुई लाखदेखि तीन लाख रुपैयाँसम्म तत्काल जरिबाना गर्न सक्ने। |
| २. | स्टाण्डर्ड नाप र तौल | **१९क(१) —** |

नेपाल कानून आयोग

| | | |
|---|---|---|
| | ऐन, २०२५ | नाप्ने वा तौलने साधन नक्कली बनाउन वा चलन गर्न नहुने : कसैले नाप्ने, तौलने वा गुणस्तर निर्धारण गर्ने कुनै साधन निर्धारित स्तर भन्दा घटी वा बढी हुने गरी बनाउन वा बनाउन लगाउन वा त्यसरी बनाएको नाप्ने, तौलने, गुणस्तर निर्धारण गर्ने साधन जानीजानी सक्कली सरह चलन गर्न वा चलन गर्ने नियतले राख्न वा बिक्री गर्न वा त्यस्तो साधनमा लगाउने छाप वा टाँचा नक्कली बनाउन वा नाप्ने, तौलने वा बदनियतपूर्वक गुणस्तर निर्धारण गर्ने साधनको छाप वा टाँचा जानीजानी विगार्न वा अर्को कुनै साधनको मद्दतले त्यस्तो साधनको नाप्ने, तौलने वा गुणस्तर निर्धारण क्षमतामा प्रभाव पार्न वा त्यस्तो साधनमा नक्कली छाप वा टाँचा लगाउन वा अन्य कुनै उपायद्वारा चलन चल्तीको नाप वा तौललाई घटी बढी हुन सक्ने बनाउन हुँदैन।<br>**१९ख(१) —**<br>नाप्ने, तौलने वा गुणस्तर निर्धारण गर्ने साधन कपटपूर्ण प्रयोग गर्न नहुने: कसैले कुनै व्यवसाय, कारोवार वा व्यापारको सिलसिलामा नाप्ने, तौलने वा गुणस्तर निर्धारण गर्ने साधन प्रयोग गर्नु पर्दा कानून बमोजिम त्यस्तो साधनको चलन चल्तीमा निर्धारण गरिएको नाप, तौल वा स्तरभन्दा घटी वा बढी हुने गरी कपटपूर्ण रूपमा प्रयोग गर्न, अर्को कुनै साधन वा उपायको मद्दतले त्यस्तो साधनको चलन चल्तीको नाप्ने, तौलने वा गुणस्तर निर्धारण गर्ने कुरामा प्रतिकूल प्रभाव पार्न हुँदैन।<br>**१९(क)२, १९(ख)२-** १९(क)१ र १९(ख)१ को कसूर गर्ने वा गराउने व्यक्तिलाई तीन वर्षसम्म कैद र तीस हजार रुपैयाँसम्म जरिबाना हुनेछ। |

**७. कसूर र दण्ड (कृत्रिम अभाव)**

| **क्र.सं.** | **ऐन** | **प्रावधान** |
|---|---|---|
| १. | उपभोक्ता संरक्षण ऐन, २०७५ | **१६ (२)(छ)-**<br>कुनै वस्तुको कृत्रिम अभाव सृजना, जम्माखोरी गर्ने वा बिक्री गरेमा अनुचित व्यापारिक तथा व्यवसायजन्य क्रियाकलाप गरेको मानिनेछ।<br>**दफा ३८(ङ)-** १६ (२)(छ) को कार्य गरेमा कसूर मानिने,<br>**३९ (१)(ख)-** उक्त कसूर गरे वा गराएमा दुई लाखदेखि तीन लाख |

| | | |
|---|---|---|
| | | रुपैयाँसम्म तत्काल जरिबाना गर्न सक्ने। |
| २. | कालोबजारी तथा केही अन्य सामाजिक अपराध तथा सजाय ऐन, २०३२ | **दफा ५-**<br><u>जम्माखोरी तथा कृत्रिम अभावः</u> बजारमा कुनै मालको कृत्रिम अभाव हुने गरी सो मालको मूल्य वृद्धि गराएर अनुचित नाफा लिई बजारमा बिक्री गर्ने नियतले त्यस्तो माल वस्तु सङ्ग्रह गरी बिक्री नगरी जम्माखोरी गरेमा निजलाई, एक वर्षसम्म कैद वा दुई लाख पचास हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुनेछ। |

## ८. कसूर र दण्ड (गुणस्तर)

| क्र.सं. | ऐन | प्रावधान |
|---|---|---|
| १. | उपभोक्ता संरक्षण ऐन, २०७५ | **१६(२)(ग)(१)**-वस्तु वा सेवाको हकमा मौखिक, लिखित वा दृश्यबाट कमसल वस्तुलाई विशिष्ठ वा गुणस्तर भएको स्तरमान, गुणस्तर, मात्रा, श्रेणी, संरचना, डिजाइन देखाई बिक्री गरेमा, अनुचित व्यापारिक तथा व्यवसायजन्य क्रियाकलाप गरेको मानिनेछ।<br>**दफा ३८(च)-** दफा १६ को उपदफा (२) को खण्ड (ग), बमोजिमको अनुचित व्यापारिक क्रियाकलाप गरे वा गराएमा कसूर गरेको मानिनेछ।<br>**दफा ४० (३) ख-** दफा ३८ को खण्ड (च) बमोजिमको कसूर गर्ने वा गराउनेलाई दुई वर्षदेखि पाँच वर्षसम्म कैद वा चार लाखदेखि छ लाख रुपैयाँसम्म जरिबाना वा दुवै सजाय, |
| २. | कालोबजारी तथा केही अन्य सामाजिक अपराध तथा सजाय ऐन, २०३२ | **दफा ६-** कमसल माललाई असल माल हो भनी वा एक माल वस्तुलाई अर्को माल वस्तु हो भन्ने भान पारी वा कुनै माल वस्तुमा सो माल वस्तुको स्तर घट्ने गरी मिसावट गरी सो कुरा नबताई कसैले बिक्री वितरण गरेमा निजलाई नौ महिनासम्म कैद वा दुई लाख रुपैयाँसम्म जरिबाना वा दुवै हुन सक्नेछ। |

## ९. कसूर र दण्ड (औषधि सङ्ग सम्बन्धित)

| क्र.सं. | ऐन | प्रावधान |
|---|---|---|
| १. | औषधि ऐन, २०३५ | **दफा २९-**<br><u>औषधिमा मिसावट र मिसावट भएको औषधि बिक्री गर्न नहुने :</u><br>(१)औषधिको प्रभाव शून्य हुने, घटी हुने वा बदलिने वा हानिकारक हुने गरी कसैले कुनै औषधिमा मिसावट गर्न वा त्यस्तो मिसावट भएको हो भन्ने जानी जानी त्यस्तो औषधि बिक्री गर्न वा बिक्रीको लागि राख्न वा उपचारको निमित्त कसैलाई दिन हुँदैन।<br>(२) कसैले कुनै अरू थोकलाई औषधि भनि बिक्री गर्न हुँदैन। |

| | | |
|---|---|---|
| | | **दफा ३०-** म्याद नाघेको औषधि बिक्री-वितरण गर्न नहुने : म्याद नाघेको औषधि कसैले बिक्री-वितरण गर्न हुँदैन।<br><br>**दफा ३४ (२)-** दफा २९ विपरीत कसैले औषधिमा मिसावट गरेमा वा मिसावट भएको औषधि बिक्री गरेमा वा कुनै अरु थोकलाई औषधि भनी बिक्री गरेमा वा दफा ३० विपरीत म्याद नाघेको औषधि बिक्री वितरण गरेमा निजलाई देहाय बमोजिम सजाय हुनेछ-<br>(क) त्यस्तो औषधि सेवन गरेको कारणले ज्यान मरिसकेकोमा कसूरको मात्रा अनुसार जन्मकैदसम्म,<br>(ख) त्यस्तो औषधि सेवन गरेको कारणले ज्यान मर्न सक्ने गरी खतरा पुगेको वा पुग्ने सम्भावना भएकोमा ज्यान मार्ने उद्योग गरे सरह,<br>(ग) त्यस्तो औषधि सेवन गरेको कारणले शरीरको कुनै अङ्गभङ्ग हुने वा सोको शक्ति क्षीण वा हरण हुन सक्ने भएमा दश वर्षसम्म कैद र एक लाख रुपैयाँसम्म जरिबाना,<br>(घ) खण्ड (क), (ख) वा (ग) बाहेकको अन्य अवस्थामा पाँच वर्षसम्म कैद र पचास हजार रुपैयाँसम्म जरिबाना। |
| २. | कालोबजारी तथा केही अन्य सामाजिक अपराध तथा सजाय ऐन, २०३२ | **दफा ७-** औषधिमा मिसावट र मिसावट भएको औषधिको बिक्री: (१) शुद्ध औषधि सरह बिक्री वा प्रयोग गराउने नियतले वा त्यसरी बिक्री वा प्रयोग गरिने सम्भव छ भन्ने जानी जानी औषधिको प्रभाव शून्य हुने, घटी हुने वा बदलिने वा हानीकारक हुने गरी कसैले कुनै औषधिमा मिसावट गरेमा वा त्यस्तो मिसावट भएको वा म्याद नाघेको औषधि हो भन्ने जानी जानी बिक्री गरेमा वा बिक्री गर्न उद्योग गरेमा वा बिक्री गर्न राखेमा वा उपचारको निमित्त कसैलाई दिएमा वा मिसावटको सम्बन्धमा जानकारी नभएका कुनै व्यक्तिलाई त्यस्तो औषधि सेवन गर्न लगाएमा निजलाई देहाय बमोजिम सजाय हुनेछः-<br>(क) ज्यानलाई खतरा पुग्ने सम्भावना भएमा जन्म कैद वा दश वर्षसम्म कैद र जरिबाना,<br>(ख) शरीरको कुनै अङ्गको शक्ति क्षीण वा हरण हुनसक्ने भएमा दश वर्षसम्म कैद र जरिबाना,<br>(ग) अन्य अवस्थामा पाँच वर्षसम्म कैद वा जरिबाना वा दुवै। |

नेपाल कानून आयोग

| | | |
|---|---|---|
| | | (२) कुनै अरू थोकलाई औषधि भनी बिक्री गरेमा समेत उपदफा (१) बमोजिमको कसूर गरेको ठहरी सजाय हुनेछ। |

**१०. कसूर र दण्ड (वस्तुको मूल्य)**

| क्र.सं. | ऐन | प्रावधान |
|---|---|---|
| १. | उपभोक्ता संरक्षण ऐन, २०७५ | **दफा १९-**<br><u>अत्यावश्यक खाद्य तथा अन्य वस्तु र सेवाको सूची:</u> (१) नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी समय समयमा अत्यावश्यक खाद्य तथा अन्य वस्तु वा सेवाको सूची निर्धारण गर्नेछ।<br>(२) उपदफा (१) बमोजिमको सूचीमा अत्यावश्यक खाद्य तथा अन्य वस्तु वा सेवाको अधिकतम मूल्य समेत तोक्नु पर्नेछ।<br>(३) बिक्रेताले उपदफा (१) बमोजिमको वस्तु वा सेवा बिक्री गर्दा उपदफा (२) बमोजिमको मूल्यभन्दा बढी हुने गरी बिक्री गर्न वा गराउनु हुँदैन।<br>**दफा ३८(ञ)-** दफा १९ को उपदफा (३) विपरीत नेपाल सरकारले तोकेको मूल्यभन्दा बढी हुने गरी बिक्री गरे वा गराएमा कसूर गरेको मानिनेछ।<br>**दफा ४० (१) (ग)**-दफा ३८ को खण्ड (ञ) बमोजिमको कसूर गरेमा तीन महिनादेखि छ महिनासम्म कैद वा पचास हजार रुपैयाँदेखि एकलाख रुपैयाँसम्म जरिबाना वा दुवै सजाय।<br>**दफा ६-**<br><u>लेबल लगाउनु पर्ने:</u> (१) उत्पादकले आफूले उत्पादन गरेको वस्तुमा लेबल लगाउनु पर्नेछ।<br>(२) उपदफा (१) बमोजिमको लेबलमा देहायका कुराहरू उल्लेख गर्नु पर्नेछ:-<br>(क) उत्पादकको नाम, ठेगाना र उद्योगको दर्ता नम्बर,<br>(ख) खाद्य पदार्थ, औषधि र सौन्दर्य सामग्री जस्ता वस्तुमा त्यस्ता वस्तुको मिश्रण, मिश्रणका तत्व, परिमाण र तौल,<br>(ग) गुणस्तर निर्धारण भएको वस्तु भएमा त्यस्तो वस्तुको गुणस्तर,<br>(घ) वस्तु उपभोग गर्ने तरिका र त्यस्तो वस्तु उपभोग गरेबाट हुन सक्ने नकारात्मक प्रभाव (साइड इफेक्ट),<br>(ङ) निश्चित अवधिभित्र उपभोग गरिसक्नु पर्ने वस्तु भए त्यस्तो अवधि,<br>(ठ) मानव स्वास्थ्यलाई हानि, पुर्‍याउने खालका पदार्थहरूको लेबलमा **चेतनामूलक सन्देश, चित्र वा चिह्नको प्रयोग**,<br>(ड) तोकिए बमोजिमका अन्य कुरा।<br><u>दुवै</u> |

नेपाल कानून आयोग

| | | |
|---|---|---|
| २. | स्टाण्डर्ड नाप र तौल ऐन, २०२५ | **दफा २७-**<br><u>मोहोर बन्दी गरिएका प्याकेजमा नाप वा तौल अङ्कित हुन पर्नेः</u><br>मोहोर बन्द प्याकेजमा रहेका वस्तुहरुको नाप वा तौल स्पष्ट उल्लेख गरी सो प्याकेजमा लेवल लगाएको हुनुपर्छ। यसरी लेवल नलगाइएको वस्तुको प्याकेज कसैले बेच्न, बेच्न लगाउन वा बेच्ने उद्देश्यले राख्न हुँदैन।<br>तर, साधारणतया नाप वा तौलद्वारा कारोवार वा बिक्री नगरिने वस्तुहरुको सम्बन्धमा यो दफा लागू हुने छैन। |
| ३. | सुर्तीजन्य पदार्थ ऐन, २०६८ | **दफा ७-** <u>लेबुल, ट्रेडमार्क, र्‍यापर्स तथा प्याकिङ्ग :</u> (१) उत्पादकले सुर्तीजन्य पदार्थको प्याकेट तथा र्‍यापर्समा देहायको विवरण उल्लेख गर्नु पर्नेछ :-<br>(क) प्रचलित कानून बमोजिम दर्ता गराइएको लेबुल तथा ट्रेडमार्क चिन्ह,<br>(ख)उत्पादकको नाम, ठेगाना र सुर्तीजन्य पदार्थमा रहेको निकोटिनको मात्रा,<br>(ग) तोकिएका अन्य हानिकारक तत्व एवं आवश्यक कुराहरु।<br><br>**दफा ९-** <u>चेतावनीमूलक सन्देश तथा चित्र उल्लेख गर्नु पर्ने :</u> (१) उत्पादकले सुर्तीजन्य पदार्थको बट्टा, र्‍यापर्स, प्याकेट तथा पार्सलको प्याकेजिङ्ग र लेबुलको बाहिरी कुल भागमध्ये कम्तीमा पचहत्तर प्रतिशत भागमा सुर्तीजन्य पदार्थ स्वास्थ्यलाई हानिकारक छ भन्ने जस्ता व्यहोराको मन्त्रालयले तोके बमोजिम चेतावनीमूलक सन्देश र सुर्तीजन्य पदार्थको सेवनको असरबाट भएको घातक, रङ्गीन चित्र प्रष्ट रुपमा बुझ्ने र देख्ने गरी नेपाली भाषामा छाप्नु तथा अङ्कित गर्नु पर्नेछ। |
| ४. | कालोबजारी तथा केही अन्य सामाजिक अपराध तथा सजाय ऐन, २०३२ | **दफा २-** कालोबजारः कसैले देहायको कुनै काम गरे गराएमा कालोबजार गरेको ठहरी निजलाई देहायमा लेखिएबमोजिम सजाय हुनेछः-<br>(क) नेपाल सरकारले मोल निर्धारित गरिदिएकोमा सो मोलमा र नेपाल सरकारले मोल निर्धारित नगरेकोमा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकिदिएको माल वस्तुको उत्पादक, आयातक वा मुख्य वितरकले निर्धारित गरेको मोलभन्दा बढी मोल लिई कसैले कुनै माल वस्तु बिक्री गरेमा सो माल वस्तुको लिएको मोल फिर्ता गराई सो माल वस्तु जफत गरी निजलाई एक वर्षसम्म कैद हुनेछ र दश लाख रुपैयाँसम्म जरिबाना समेत हुन सक्नेछ। |
| **५.** | आमाको दूधलाई | **दफा ११.** लेवल लगाउनेः उत्पादनको लेवल उत्पादनको उपयुक्त |

नेपाल कानून आयोग

| | | |
|---|---|---|
| | प्रतिस्थापन गर्ने वस्तु (बिक्री वितरण नियन्त्रण) ऐन, २०४९ | प्रयोग बारे आवश्यक जानकारी दिने र स्तनपानलाई दुरुत्साहन नगर्ने किसिमले तयार गरेको हुनु पर्नेछ। उत्पादनको लेवलमा उत्पादक तथा सम्भव भए वितरकको पनि नाम र ठेगाना हुनु पर्नेछ। आमाको दूधलाई प्रतिस्थापन गर्ने वस्तुको लेवलमा नेपाली भाषामा देहायका सबै जानकारी सहितको सफा, स्पष्ट एवं सजिलै सँग बुझ्न सकिने सन्देश छापिएको हुनु पर्नेछ। जस्तै बच्चाहरुको लागि स्तनपान सबैभन्दा असल दूध हो भन्ने व्यहोरा, आवश्यकता र प्रयोग गर्ने तरिकाको सम्बन्धमा स्वास्थ्य कार्यकर्ताको सल्लाह बिना उत्पादन प्रयोग गर्न नहुने व्यहोरा, सजिलै सँग बुझ्न सकिने ग्राफीक वा शब्दमा उपयुक्त तयारी गर्ने निर्देशन आदि।<br>अन्य उत्पादनको लेवलमा देहायका कुराहरु पनि उल्लेख हुनु पर्नेछ। जस्तै साधकहरु, उत्पादनको विश्लेषण र बनावट, ब्याच सङ्ख्या, सञ्चय स्थिति, उत्पादन मिति र मौसमी अवस्थालाई विचार गरी उत्पादन उपभोग गरी सक्नु पर्ने मिति आदि।<br>**दफा १६(३)-**<br>दफा ११ उल्लङ्घन गर्ने उत्पादक वा वितरकलाई पन्ध्रहजार रुपैयाँसम्म जरीबाना वा चार महीनासम्म कैद वा दुवै सजाय हुनेछ। |

## ११. कसूर र दण्ड (लेबल)

| क्र.सं. | ऐन | प्रावधान |
|---|---|---|
| १. | उपभोक्ता संरक्षण ऐन, २०७५ | **दफा ३८ (क)-** दफा ६ बमोजिम लेबलिङ्ग नगरेमा वा लेबलमा झुठा कुरा उल्लेख गरेमा कसूर गरेको मानिनेछ।<br>**दफा ४० (१)(क)** - दफा ३८ को खण्ड (क) बमोजिमको कसूर गरे वा गराएमा कसूरको मात्रा हेरी विभागको महानिर्देशकले <u>तीन महिनादेखि छ महिनासम्म कैद वा पचास हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय गर्न सक्ने।</u> |
| २. | स्टाण्डर्ड नाप र तौल ऐन, २०२५ | **दफा ३० (१)-** कसैले दफा २७ को बर्खिलाप कुनै काम गरेमा वा गर्न उद्योग गरेमा वा सो गर्न अरु कसैलाई दुरुत्साहन दिएमा एक वर्षसम्म कैद र दश हजार रुपैयाँसम्म जरिबाना हुनेछ। |
| ५. | सुर्तीजन्य पदार्थ ऐन, २०६८ | **दफा १७ (५)(ख)-** दफा ७ र ९ बमोजिमको कुनै काम नगरेमा त्यस्तो सुर्तीजन्य <u>पदार्थ जफत गरी पचास हजार रुपैयाँसम्म जरिबाना</u> |

## १२. कसूर र दण्ड (विज्ञापन)

| क्र.सं. | ऐन | प्रावधान |
|---|---|---|
| १. | उपभोक्ता संरक्षण ऐन, २०७५ | **दफा १६(२) (ख)** झुठा वा भ्रमपूर्ण विज्ञापन गर्ने वा भ्रमपूर्ण विज्ञापन गरी वस्तु बिक्री गरेमा र **दफा १६(२)(ग)(३)**-घोषित गरिएका कुनै फाइदा नहुने अवस्थामा पनि वस्तु वा सेवाको बिक्री |

नेपाल कानून आयोग

| | | |
|---|---|---|
| | | गर्दा झुठा र भ्रमपूर्णरूपमा विज्ञापन वा सूचना प्रसार गरेमा अनुचित व्यापारिक तथा व्यवसायजन्य क्रियाकलाप गरेको मानिनेछ।<br>**दफा ३८(च)-** दफा १६ को उपदफा (२) को खण्ड (ख), (ग), बमोजिमको अनुचित व्यापारिक क्रियाकलाप गरे वा गराएमा कसूर गरेको मानिनेछ।<br>**दफा ४० (३)(ख)**-दफा ३८ को खण्ड (च) बमोजिमको कसूर गर्ने वा गराउनेलाई दुई वर्षदेखि पाँच वर्षसम्म कैद वा चार लाखदेखि छ लाख रुपैयाँसम्म जरिबाना वा दुवै सजाय |
| २. | औषधि ऐन, २०३५ | **दफा १९(१)** - कुनै व्यक्तिले औषधिको प्रयोग उपयोगिता वा प्रभावकारिता सम्बन्धमा झुट्टा वा भ्रमात्मक प्रचार वा विज्ञापन गर्न हुँदैन।<br><br>**दफा ३४ (३)** - यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियम बर्खिलाप कुनै काम कारवाई गर्ने व्यक्तिलाई एक वर्षसम्म कैद वा पाँच हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुनेछ। |

## १३. कसूर र दण्ड (झुक्याउने/ ढाँट्ने/ मिसावट)

| क्र.सं. | ऐन | प्रावधान |
|---|---|---|
| १. | उपभोक्ता संरक्षण ऐन, २०७५ | **दफा १८**- वस्तु वा सेवाको सम्बन्धमा गर्न नहुने अन्य काम: कसैले कुनै वस्तु वा सेवाको सम्बन्धमा देहायका कुनै काम गर्न वा गराउन हुँदैनः–<br>(क) जानीजानी कमसल वस्तुको उत्पादन, बिक्री वा पैठारी गर्न,<br>(ख) कुनै वस्तु वा सेवालाई अर्को वस्तु वा सेवा हो भनी वा न्यूनस्तरको वस्तु वा सेवालाई उच्चस्तरको वस्तु वा सेवा हो भनी ढाँटी वा झुक्याई बिक्री गर्न,<br>(ग) उपभोक्ताको स्वास्थ्यमा प्रतिकूल असर पर्ने वस्तु वा सेवाको उत्पादन वा बिक्री गर्न<br><br>**दफा ३८ (झ)-** दफा १८ विपरीत हुने गरी काम गरे वा गराएमा कसूर गरेको मानिनेछ।<br>**४० (१) (ख)** -दफा ३८ को खण्ड (झ) बमोजिमको कसूर गरेमा तीन महिनादेखि एक वर्षसम्म कैद वा एक लाख रुपैयाँदेखि तीन लाख रुपैयाँसम्म जरिबाना वा दुवै सजाय |
| २. | खाद्य ऐन, २०२३ | **दफा ३ -** दुषित खाद्य पदार्थ वा न्यूनस्तरको खाद्य पदार्थको उत्पादन तथा बिक्री वितरण गर्न मनाही: कुनै व्यक्तिले दुषित खाद्य पदार्थ वा न्यूनस्तरकको खाद्य पदार्थ उत्पादन, बिक्री वितरण, निकासी पैठारी गर्न वा सो मध्ये कुनै कामका लागि त्यस्तो खाद्य पदार्थ राख्न् हुँदैन। |

नेपाल कानून आयोग

| | | |
|---|---|---|
| | | **दफा ४-** झुक्यानमा पारी खाद्य पदार्थ बिक्री वितरण गर्न नहुनेः कसैले कुनै एक खाद्य पदार्थलाई अर्को खाद्य पदार्थ भनी वा न्यून गुणस्तरको खाद्य पदार्थलाई उच्च गुणस्तरको खाद्य पदार्थ हो भनी ढाँटी वा झुक्याई वा अखाद्य पदार्थ वा कुनै उच्च गुणस्तरको खाद्य पदार्थ मिसावट गरी बिक्री वितरण गर्न हुँदैन।<br>**दफा ५(१)** - दण्ड सजायः दफा ३ वा ४ विपरीतको कार्य गर्ने व्यक्तिलाई पाँच वर्षसम्म कैद वा पचास हजार रुपैंयासम्म जरिबाना वा दुवै सजाय हुनेछ। |
| ३. | मुलुकी देवानी संहिता २०७४ | **दफा १३.** मिसावट गरी मासु बिक्री गर्न नहुनेः (१) एक जातको पशुको मासुलाई अर्को जातको पशुको मासु हो भनी वा एक जातको पशुको मासु र अर्को जातको पशुको मासु मिसावट गरी बिक्री गर्न पाइने छैन।<br>(२) मासुको स्वाभाविक गुण वा स्वाद परिवर्तन गर्ने वा तौल बढाउने गरी कुनै पदार्थ मासुमा मिसाई बिक्री गर्न पाइने छैन।<br><br>**दफा १७(२)-**<br>दफा १३ उल्लङ्घन गर्ने व्यक्तिलाई पहिलो पटक भए दश हजार रुपैयाँसम्म र दोस्रो पटकदेखि पटकै पिच्छे बीस हजार रुपैयाँसम्म जरिबाना वा तीन महिनासम्म कैद वा दुवै सजाय हुनेछ। |

## १४. कसूर र दण्ड (मूल्यसूची)

| क्र.सं. | ऐन | प्रावधान |
|---|---|---|
| १. | उपभोक्ता संरक्षण ऐन, २०७५ | **दफा २०.**<br>मूल्य सूची तथा दर्ता प्रमाणपत्र राख्नु पर्नेः (१) उत्पादकले प्रत्येक वस्तुको कारखाना मूल्य तथा बिक्रेताले बिक्री वितरण गर्ने प्रत्येक वस्तुको थोक वा खुद्रा मूल्य र सेवा प्रदायकले प्रदान गर्ने सेवाको मूल्य स्पष्ट रूपमा उल्लेख गरी मूल्यसूची राख्नु पर्नेछ।<br>**दफा ३८ (ट).**<br>दफा २० को उपदफा (१) वा (२) बमोजिमको काम नगरेमा यस ऐन अन्तर्गतको कसूर गरेको मानिनेछ।<br><br>**दफा ३९.**<br>तत्काल जरिबाना गर्न सक्नेः दफा ३८ को खण्ड (ट) बमोजिमको कसूर गरे वा गराएमा पचास हजारदेखि एक लाख रुपैयाँसम्म। कसूर पटक पटक गरेमा पटकै पिच्छे दोब्बर जरिबाना हुनेछ। |
| २. | कालोबजारी तथा केही अन्य सामाजिक अपराध | **दफा ३.**<br>नाफाखोरीः प्रत्येक थोक वा खुद्रा बिक्रेताले नेपाल सरकारले |

नेपाल कानून आयोग

| | | |
|---|---|---|
| | तथा सजाय ऐन, २०३२ | तोकिदिएको माल वस्तुको मूल्यसूची सबैले देखिने गरी बिक्री स्थलमा टाँग्नु पर्दछ।<br>सो नगर्नेलाई १ वर्षसम्म कैद वा जरिबाना वा दुवै हुन सक्नेछ। |

## १५. अन्य कसूर

| क्र.सं. | ऐन | प्रावधान |
|---|---|---|
| १. | उपभोक्ता संरक्षण ऐन, २०७५ | **दफा ५५.**<br>संस्थाको दायित्वः (१) कुनै व्यापारिक संस्थाले यो ऐन बमोजिम कसूर हुने कुनै कार्य गरेमा त्यस्तो कार्यको जिम्मेवारी र दायित्व त्यस्तो संस्थाको मुख्य प्रशासकीय अधिकारीको हैसियतमा काम गर्ने अधिकारीको हुनेछ। |
| २. | खाद्य ऐन, २०२३ | **दफा ६.**<br>फर्म वा सङ्गठित संस्थाले गरेको अपराधको दायित्वः कुनै फर्म वा सङ्गठित संस्थाले यो ऐन वा यस ऐन अन्तर्गतको नियम वा आदेश उल्लङ्घन गरेमा फर्मको हकमा सो फर्माका हिस्सेदार र कुनै सङ्गठित संस्था भए सो संस्थाको कामकाज गर्ने मुख्य प्रशासकीय अधिकारी दफा **५(१)** को प्रयोजनको लागि सजायको भागी हुनेछ।<br><br>**दफा ५(१) —**<br>सजायः दफा ३ वा ४ विपरीतको कार्य गर्ने व्यक्तिलाई पाँच वर्षसम्म कैद वा पचास हजार रुपैंयासम्म जरिबाना वा दुवै सजाय हुनेछ। |
| ३. | औषधि ऐन, २०३५ | **दफा १३.** तोकिएको स्तर नभएको औषधिको उत्पादन, बिक्री–वितरण, निकासी–पैठारी सञ्चय, वा सेवन गर्न मनाहीः जनसुरक्षित, असरयुक्त र गुणयुक्त नभएको औषधिको उत्पादन, बिक्री वितरण, निकासी–पैठारी, सञ्चय गर्न गराउन वा सेवन गराउन हुँदैन। |
| ४. | स्टाण्डर्ड नाप र तौल ऐन, २०२५ | **दफा ३२.**<br>सङ्गठित संस्था वा फर्मले गरेको कसूरको दायित्वः (१)यो ऐन अन्तर्गतको कसूर कुनै सङ्गठित संस्था वा फर्मले गरेमा सो कसूर गरेको समयमा फर्मको हकमा सो फर्मको हिस्सेदार र सङ्गठित संस्था भए सो संस्थाको सञ्चालन गर्ने मुख्य प्रशासकीय अधिकारी वा अधिकारीहरु कसूरदार ठहरी सजायको भागी हुनेछन्।<br>(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै सङ्गठित संस्था वा फर्मले यो ऐन अन्तर्गतका कसूर गरेमा र त्यस्तो कसूर फर्मको हकमा सो फर्मको हिस्सेदार वा सङ्गठित संस्था भए सो संस्थाको मुख्य प्रशासकीय अधिकारी वा अधिकारीहरुको स्वीकृति वा लापरवाहीले भएको भन्ने प्रमाणित भएमा त्यस्तो हिस्सेदार वा मुख्य प्रशासकीय अधिकारी वा अधिकारीहरुले कसूर गरेको मानी |

नेपाल कानून आयोग

| | | |
|---|---|---|
| | | सजायको भागी हुनेछ। |
| ५. | सुर्तीजन्य पदार्थ ऐन, २०६८ | **दफा ६.**<br>घर तथा निजी सवारी साधनभित्र धूम्रपान गर्न नहुने : कसैले पनि अन्य व्यक्तिलाई असर पर्ने गरी घर तथा निजी सवारी साधनभित्र धूम्रपान गर्न हुँदैन।<br>**दफा १७ (५) (ङ)-**<br>पाँच हजार रुपैयाँसम्म जरिबाना।<br><br>**दफा ११.**बिक्री वितरण तथा प्रदर्शनमा बन्देज : (१) कसैले पनि अठार वर्ष नपुगेका व्यक्ति र गर्भवती महिलालाई सुर्तीजन्य पदार्थ बिक्री वितरण गर्न वा गर्न लगाउन वा निःशुल्क उपलब्ध गराउन पाउने छैन।<br>(२) उपदफा (१) बमोजिमको प्रयोजनको लागि सुर्तीजन्य पदार्थको बिक्रेताले कुनै क्रेताको उमेरको बारेमा यकिन हुन चाहेमा निजसँग आवश्यक प्रमाण माग गर्न सक्नेछ र बिक्रेताले माग गरेको प्रमाण पेश गर्नु सम्बन्धित क्रेताको कर्तव्य हुनेछ।<br>(३) कसैले पनि शिक्षण तथा स्वास्थ्य संस्था, बाल कल्याण गृह, शिशु स्याहार केन्द्र, बृद्धाश्रम, अनाथालय र नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकिदिएको सार्वजनिक स्थलबाट कम्तीमा एक सय मिटरभित्रको घर, पसलबाट सुर्तीजन्य पदार्थ बिक्री वितरण गर्न गराउन पाउने छैन।<br>(४) कसैले पनि फुटकर रुपमा चुरोट, बिंडी वा सिगारको खिल्ली बिक्री वितरण गर्न नपाउने गरी नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी व्यवस्था गर्न सक्नेछ।<br>(५) कसैले पनि निःशुल्क रुपमा सुर्तीजन्य पदार्थ वितरण गर्न वा उपहार दिन पाउने छैन।<br>(६) नेपाल सरकारले चाहेमा सुर्तीजन्य पदार्थ बिक्री वितरण गर्न इजाजतपत्र लिनु पर्ने व्यवस्था गर्न सक्नेछ।<br>(७) कसैले पनि सुर्तीजन्य पदार्थप्रति आकर्षण हुने गरी बिक्रीस्थल सजावट गर्न तथा त्यस्तो पदार्थको प्रदर्शन गर्न पाउने छैन।<br><br>**दफा १७ (५)(घ)-** दफा ११ विपरीत कुनै काम गरेमा दश हजार रुपैयाँसम्म जरिबाना. |
| ६. | कालोबजारी तथा केही अन्य सामाजिक अपराध तथा सजाय ऐन, २०३२ | **दफा ९.**<br>सङ्गठित संस्थाले कसूर गरेको सम्बन्धमा: (१) यस ऐन बमोजिम कसूर गर्ने व्यक्ति कुनै सङ्गठित संस्था वा कम्पनी भएमा सो कसूर भएको कुरा आफूलाई थाहा थिएन वा कसूर रोक्न आफूले सकभर प्रयत्न गरेको थियो भन्ने कुरा प्रमाणित गर्न नसकेमा बाहेक त्यस्तो |

नेपाल कानून आयोग

| | | |
|---|---|---|
| | | कसूरका लागि सम्बन्धित सङ्गठित संस्था वा कम्पनीको काम कारवाई उपर नियन्त्रण राख्ने सञ्चालक, महाप्रबन्धक, अन्य कुनै अधिकारी वा व्यक्तिलाई सजाय हुनेछ।<br>(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै सङ्गठित संस्था वा कम्पनीले गरेको कसूर त्यस्तो सङ्गठित संस्था वा कम्पनीको सञ्चालक, महाप्रबन्धक वा अरू कुनै अधिकारीको जानाजान वा लापरवाहीको कारण भएको हो भन्ने प्रमाणित भएमा त्यस्तो निर्देशक, महाप्रबन्धक वा अधिकारी पनि यस ऐनबमोजिम सजायको भागी हुनेछ।<br><br>**दफा २.**<br>कालोबजारः कसैले देहायको कुनै काम गरे गराएमा कालोबजार गरेको ठहरी निजलाई देहायमा लेखिएबमोजिम सजाय हुनेछः–<br>(क) नेपाल सरकारले मोल निर्धारित गरिदिएकोमा सो मोलमा र नेपाल सरकारले मोल निर्धारित नगरेकोमा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकिदिएको माल वस्तुको उत्पादक, आयातक वा मुख्य वितरकले निर्धारित गरेको मोलभन्दा बढी मोल लिई कसैले कुनै माल वस्तु बिक्री गरेमा सो माल वस्तुको लिएको मोल फिर्ता गराई सो माल वस्तु जफत गरी निजलाई एक वर्षसम्म कैद हुनेछ र दश लाख रुपैयाँसम्म जरिबाना समेत हुन सक्नेछ।<br><br>**दफा ३.**<br>नाफाखोरीः (१) दफा २ अन्तर्गत मोल निर्धारित भएकोमा बाहेक नेपाल सरकारले तोकेको कुनै माल वस्तुको व्यापार गर्ने व्यक्तिले माल वस्तु र व्यापारको प्रचलन अनुसार सामान्यतया सयकडा २० भन्दा बढी मुनाफा लिएको अवस्थामा वा अभावको लाभ उठाई सो माल वस्तुको अनुचित नाफा लिई बिक्री गरेमा निजलाई एकवर्षसम्म कैद वा दुई लाख पचास हजार रुपैयाँसम्म जरिबाना वा दुवै हुन सक्नेछ।<br>(२) दफा २ मा जुनसुकै कुरा लेखिएको भए तापनि निर्यातमा घाटा उठाई पैठारी गरेका माल वस्तुको हकमा निर्यात गर्दा परेको घाटा समेत उठ्ने गरी उपदफा (१) बमोजिम मुनाफा लिन पाउनेछ। |
| ७. | पशु वधशाला र मासु जाँच ऐन, २०५५ | **दफा ११.**<br>मासु बिक्री गर्ने नपाइने : (१) दफा २ को खण्ड (क) मा उल्लिखित पशु बाहेक अन्य पशुको मासु बिक्री गर्न पाइने छैन।<br>(२) रोग लागि वा नलागि कालगतिले मरेको पशुको मासु बिक्री गर्न पाइने छैन।<br>(३) छाला सहितको मासु बिक्री गर्न पाइने छैन। |

नेपाल कानून आयोग

| | | |
|---|---|---|
| | | तर पंक्षी, सुंगुर, बंगुर वा बँदेलको मासु र पशुको जात चिनाउन आवश्यक पर्ने जति हिस्साको मासु वा पशुको टाउको वा खुट्टा छाला सहित बिक्री गर्न यस दफाले बाधा पुर्‍याएको मानिने छैन।<br><br>**दफा १२.**<u>मासुमा छाप वा चिह्न लगाउनु पर्ने</u> : (१) मासु निरीक्षकले पशुको मासु जाँच गरी मासु बिक्री गर्न अनुमति दिँदा त्यस्तो मासुमा तोकिए बमोजिमको छाप वा चिह्न स्पष्ट देखिने गरी लगाउनु पर्नेछ।<br>(२) मासु बिक्रेताले उपदफा (१) बमोजिम छाप वा चिह्न नलगाएको मासु बिक्री गर्न पाउने छैन।<br><br>**दफा १७. <u>सजाय</u>**<br>दफा ११ को उपदफा (३) वा दफा १२ को उपदफा (२) उल्लङ्घन गर्ने व्यक्तिलाई पहिलो पटक भए पाँचहजार रुपैयाँसम्म र दोस्रो पटकदेखि पटकै पिच्छे दश हजार रुपैयाँसम्म जरिबाना वा एक महिनासम्म कैद वा दुवै सजाय हुनेछ। |
| ७. | आमाको दूधलाई प्रतिस्थापन गर्ने वस्तु (बिक्री वितरण नियन्त्रण) ऐन, २०४९ | **दफा ९.**<br><u>उत्पादक तथा वितरकले गर्नु नहुने कार्य :</u> (१) उत्पादक वा वितरकले देहाय बमोजिम हुने गरी कुनै विज्ञापन गर्नु हुँदैन :-<br>(क) कुनै उत्पादनको प्रवर्द्धन हुने गरी,<br>(ख) शिशीबाट खुवाउनु स्तनपान गराउनु बराबर छ वा त्यो भन्दा विशिष्ट छ भन्ने जनाउने गरी वा विश्वास पर्ने गरी।<br><br>विज्ञापन तथ्यपूर्ण र वैज्ञानिक कुराहरुमा मात्र सीमित हुनु पर्नेछ र शिशिबाट खुवाउनु स्तनपान गराउनु बराबर छ वा त्यो भन्दा विशिष्ट छ भन्ने विश्वास उत्पन्न गर्ने खालको हुनु हुँदैन र त्यस्तो विज्ञापनमा दफा ७ मा उल्लिखित जानकारी समावेश हुनु पर्नेछ।<br><br>**दफा १६(२).**<br><u>सजायः</u> दफा ९ उल्लङ्घन गर्ने उत्पादक वा वितरकलाई दश हजार रुपैयाँसम्म जरीबाना वा तीन महिनासम्म कैद वा दुवै सजाय हुनेछ।<br><br>**दफा १७.**<br><u>फर्म वा सङ्गठित संस्थाको दायित्व</u> : कुनै फर्म वा सङ्गठित संस्थाले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम उल्लङ्घन गरेमा त्यसरी उल्लङ्घन गर्ने कुनै फर्म भए फर्मको धनी वा साझेदार र कुनै सङ्गठित संस्था भए सो संस्थाको कामकाज गर्ने मुख्य प्रशासकीय अधिकारी दफा १६ बमोजिमको सजायको भागी हुनेछ। |
| ८. | आयोडिनयुक्त नून (उत्पादन तथा बिक्री | **दफा २४.** <u>संस्थाको दायित्वः</u> कुनै संस्थाले यो ऐन बमोजिम कसूर हुने कार्य गरेमा त्यस्तो संस्थाको मुख्य प्रशासकीय |

नेपाल कानून आयोग

| | | |
|---|---|---|
| | वितरण) ऐन, २०५५ | अधिकारीको हैसियतमा काम गर्ने अधिकारी सजायको भागी हुनेछ। |

**१६. हदम्याद**

| क्र.सं. | ऐन | प्रावधान |
|---|---|---|
| १. | उपभोक्ता संरक्षण ऐन, २०७५ | छैन |
| २. | खाद्य ऐन, २०२३ | छैन |
| ३. | औषधि ऐन, २०३५ | छैन |
| ४. | स्टाण्डर्ड नाप र तौल ऐन, २०२५ | छैन |
| ५. | सुर्तीजन्य पदार्थ ऐन, २०६८ | छैन |
| ६. | कालोबजारी तथा केही अन्य सामाजिक अपराध तथा सजाय ऐन, २०३२ | छैन |
| ७. | वस्तुको प्रत्यक्ष बिक्री (व्यवस्थापन तथा नियमन गर्ने) ऐन, २०७४ | **दफा ३८**<br>**उजुरी दिन सक्ने:** (१) दफा ३६ बमोजिम कसूर मानिने कुनै कार्य भएको, भइरहेको वा हुन लागेको थाहा पाएमा जोसुकैले पनि नब्बे दिनभित्र निरीक्षण अधिकृतसमक्ष वा नजिकको प्रहरी कार्यालयमा उजुरी दिन सक्नेछ। |
| ८. | मुलुकी देवानी संहिता २०७४ | **दफा ६९१.**<br>हदम्याद: यस परिच्छेद अन्तर्गत गरिएको कुनै काम वा कारबाहीबाट चित्त नबुझेको व्यक्तिले त्यस्तो काम गरेको वा कारबाही भएको मितिले एक वर्षभित्र मुद्दा दायर गर्न सक्नेछ। |
| ९. | पशु वधशाला र मासु जाँच ऐन, २०५५ | छैन |
| १०. | आमाको दूधलाई प्रतिस्थापन गर्ने वस्तु (बिक्री वितरण नियन्त्रण) ऐन, २०४९ | छैन |
| ११. | आयोडिनयुक्त नून (उत्पादन तथा बिक्री वितरण) ऐन, २०५५ | छैन |

**१७. समिति/ परिषद्**

| क्र.सं. | ऐन | प्रावधान |
|---|---|---|
| १. | उपभोक्ता संरक्षण ऐन, २०७५ | **दफा २२.** उपभोक्ता संरक्षण परिषद्को गठन: (१) उपभोक्ताको अधिकार संरक्षण तथा कार्यान्वयन गर्ने विषयमा नीति |

नेपाल कानून आयोग

| | | |
|---|---|---|
| | | निर्माण गर्न तथा यस ऐन बमोजिम अन्य काम गर्नको लागि एक उपभोक्ता संरक्षण परिषद् गठन हुनेछ।<br>(२) उपदफा (१) बमोजिमको परिषद्मा देहाय बमोजिमका अध्यक्ष तथा सदस्यहरू रहनेछन्ः–<br>क) उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री - अध्यक्ष<br>(ख) सचिव, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय - सदस्य<br>(ग) सचिव, कृषि तथा पशुपन्छी विकास मन्त्रालय - सदस्य<br>(घ) सचिव, भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालय - सदस्य<br>(ङ) सचिव, अर्थ मन्त्रालय - सदस्य<br>(च) सचिव, गृह मन्त्रालय - सदस्य<br>(छ) सचिव, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय– सदस्य<br>(ज) सचिव, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय – सदस्य<br>(झ) अध्यक्ष, नेपाल उद्योग वाणिज्य महासङ्घ – सदस्य<br>(ञ) अध्यक्ष, नेपाल चेम्बर अफ कमर्स – सदस्य<br>(ट) अध्यक्ष, नेपाल उद्योग परिसङ्घ – सदस्य<br>(ठ) अध्यक्ष, नेपाल राष्ट्रिय उद्योग व्यवसायी महासङ्घ – सदस्य<br>(ड) उपभोक्ताको हक हितसँग सम्बन्धित निकाय वा संस्थामा कम्तीमा पाँच वर्षको अनुभव प्राप्त गरेका व्यक्तिहरू मध्येबाट कम्तीमा एक जना महिला सहित मन्त्रालयले मनोनयन गरेको दुई जना – सदस्य<br>(ढ) महानिर्देशक, विभाग –सदस्य सचिव<br><br>**दफा २५.** <u>केन्द्रीय बजार अनुगमन समितिः</u> (१) यस ऐन बमोजिम उपभोक्ताको हक, हित संरक्षणका लागि वस्तु वा सेवाको आपूर्ति व्यवस्था, मूल्य, गुणस्तर, शुद्धताको अनुगमन वा सुपरिवेक्षणमा संलग्न निकायहरूबीच समन्वय गर्नको लागि केन्द्रीय बजार अनुगमन समिति गठन हुनेछ।<br>(२) उपदफा (१) बमोजिमको केन्द्रीय बजार अनुगमन समितिमा देहाय बमोजिमका सदस्यहरू रहनेछन्ः-<br>(क) सचिव, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय - संयोजक<br>(ख) सहसचिव, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय (आपूर्ति हेर्ने) - सदस्य<br>(ग) सहसचिव, गृह मन्त्रालय - सदस्य<br>(घ) सचिव, कृषि तथा पशुपन्छी विकास मन्त्रालय - सदस्य<br>(ङ) सचिव, भूमि व्यवस्था सहकारी तथा गरिवी निवारण मन्त्रालय - सदस्य<br>(च) महानिर्देशक, खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग - सदस्य |

नेपाल कानून आयोग

| | | |
|---|---|---|
| | | (छ) महानिर्देशक, नेपाल गुणस्तर तथा नाप तौल विभाग - सदस्य<br>(ज) महानिर्देशक, औषधि व्यवस्था विभाग - सदस्य<br>(झ) महानिर्देशक, विभाग - सदस्य सचिव<br><br>**दफा २७.** <u>प्रदेश बजार अनुगमन समितिः</u> (१) उपभोक्ताको हक, हित संरक्षणका लागि आवश्यक व्यवस्था मिलाउन तथा वस्तु वा सेवाको आपूर्ति व्यवस्था, मूल्य, गुणस्तर, शुद्धता सम्बन्धी विषयमा सुपरिवेक्षण तथा अनुगमन गर्नको लागि प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी प्रदेश बजार अनुगमन समिति गठन गर्न सक्नेछ।<br><br>**दफा २८.** <u>स्थानीय बजार अनुगमन समितिः</u> (१) यस ऐन बमोजिम उपभोक्ताको अधिकार संरक्षणका लागि वस्तु वा सेवाको आपूर्ति व्यवस्था, मूल्य, गुणस्तर, शुद्धता सम्बन्धी विपषयमा बजारको स्थलगत सुपरिवेक्षण तथा अनुगमन गर्नको लागि सम्बन्धित गाउँ कार्यपालिका वा नगर कार्यपालिकाले स्थानीय बजार अनुगमन समिति गठन गर्न सक्नेछ।<br>(२) उपदफा (१) बमोजिमको समितिमा आवश्यक सङ्ख्यामा स्थानीय तह अन्तर्गतका निकाय तथा उपभोक्ताको समेत प्रतिनिधित्व हुनु पर्नेछ।<br><br>**दफा २९.** <u>बजार अनुगमन टोली गठन गर्न सक्नेः</u> (१) दफा १६ बमोजिमको अनुचित व्यापारिक क्रियाकलाप भए वा नभएको, दफा २० बमोजिमको मूल्य सूची राखे वा नराखेको, वस्तु वा सेवाको गुणस्तर, परिमाण वा मूल्यको सम्बन्धमा नियमित बजारको अनुगमन तथा निरीक्षण गर्न सम्बन्धित क्षेत्रको विज्ञ र निरीक्षण अधिकृत समेत रहेको तोकिए बमोजिम बजार अनुगमन टोली वा विषयगत अनुगमन टोली वा संयुक्त अनुगमन टोली गठन गर्न सकिनेछ। |
| २. | खाद्य ऐन, २०२३ | **दफा ९.**<br><u>खाद्य स्तर निर्धारण समितिः</u> नेपाल सरकारले समय समयमा खाद्य पदार्थको गुणस्तर निर्धारण गर्न एउटा खाद्य स्तर निर्धारण समिति गठन गर्न सक्नेछ। |
| ३. | औषधि ऐन, २०३५ | **दफा ३.**<br><u>औषधि परामर्श परिषद्ः</u> (१)नेपाल सरकारलाई औषधि सम्बन्धी सैद्धान्तिक तथा प्रशासनिक विषयमा परामर्श दिन तोकिएबमोजिम औषधि परामर्श परिषद् गठन हुनेछ।<br>(२) औषधि परामर्श परिषद्को काम, कर्तव्य र अधिकार तोकिएबमोजिम हुनेछ। |

नेपाल कानून आयोग

| | | |
|---|---|---|
| | | **दफा ४.**<br><u>औषधि सल्लाहकार समिति:</u> (१) औषधिको अनुसन्धान, विकास र नियन्त्रण सम्बन्धी प्राविधिक कुरामा विभागलाई परामर्श दिन तोकिएबमोजिम औषधि सल्लाहकार समिति गठन हुनेछ।<br>(२) औषधि सल्लाहकार समितिको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ। |
| ४. | स्टाण्डर्ड नाप र तौल ऐन, २०२५ | तोकिएको छैन। |
| ५. | सुर्तीजन्य पदार्थ ऐन, २०६८ | **दफा १९.**<br><u>समितिको गठन :</u> (१) सुर्तीजन्य पदार्थको नियन्त्रण तथा नियमन सम्बन्धमा नीति निर्धारण गर्ने काम समेतको लागि देहाय बमोजिमका सदस्यहरु रहेको सुर्तीजन्य पदार्थ नियन्त्रण तथा नियमन समिति गठन हुनेछ :–<br>(क) सचिव, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय – अध्यक्ष<br>(ख) निर्देशक, राष्ट्रिय स्वास्थ्य शिक्षा सूचना तथा सञ्चार केन्द्र – उपाध्यक्ष<br>(ग) क्यान्सर, फोक्सो वा मुटु सम्बन्धी रोगको रोकथाम वा उपचारमा संलग्न सरकारी स्वास्थ्य संस्थाका व्यक्तिहरुमध्येबाट मन्त्रालयले मनोनीत गरेको एकजना – सदस्य<br>(घ) धूम्रपान तथा सुर्ती सेवनको नियन्त्रण गर्ने उद्देश्यले स्थापित गैरसरकारी संस्था तथा निजी क्षेत्रको स्वास्थ्य संस्थामा कामगरेका व्यक्तिहरुमध्येबाट एकजना महिला सहित मन्त्रालयले मनोनीत गरेको दुई जना – सदस्य<br>(ङ) सामाजिक क्षेत्रमा काम गरेका व्यक्तिहरुमध्येबाट मन्त्रालयले मनोनीत गरेको एक जना – सदस्य<br>(च) कानून अधिकृत, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय – सदस्य–सचिव<br><br>**दफा २०.** <u>समितिको काम, कर्तव्य र अधिकार :</u> समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः–<br>(क)सुर्तीजन्य पदार्थको नियन्त्रण तथा नियमनका लागि अपनाउनु पर्ने नीति तथा सुधार गर्नु पर्ने कानूनको सम्बन्धमा मन्त्रालय समक्ष सुझाव पेश गर्ने,<br>(ख)धूम्रपान तथा सुर्ती सेवनलाई निरुत्साहित गर्न यसबाट पर्ने नकारात्मक असरका सम्बन्धमा चेतनामूलक कार्यक्रम सञ्चालन गर्ने,<br>(ग)धूम्रपान तथा सुर्ती सेवनको लतमा लागेकालाई सोबाट छुटकारा |

नेपाल कानून आयोग

| | | |
|---|---|---|
| | | दिलाई स्वस्थ जीवन यापनको लागि आवश्यक उपाय अवलम्बन गर्ने,<br>(घ)निरीक्षकको काम कारबाहीको अनुगमन तथा मूल्याङ्कन गर्ने,<br>(ङ)निरीक्षकको काम कारबाहीको सम्बन्धमा निरीक्षकलाई आवश्यक निर्देशन दिने,<br>(च)सुर्तीजन्य पदार्थबाट स्वास्थ्यलाई हानि नोक्सानी पुर्‍याउने विषय पाठ्यपुस्तकमा समावेश गराउन सम्बन्धित निकायसँग समन्वय गर्ने,<br>(छ)सुर्तीजन्य पदार्थको आयात, उत्पादन, बिक्री, वितरण र उपभोगमा न्यूनीकरणको लागि आवश्यक काम गर्ने,<br>(ज)सुर्तीजन्य पदार्थको आयात, उत्पादन, बिक्री वितरण र उपभोगको नियन्त्रण गर्न तथा सुर्तीजन्य पदार्थको उपभोगबाट उत्पन्न रोगको रोकथाम र उपचारको लागि आवश्यक स्रोत जुटाई परिचालन गर्ने,<br>(झ)तोकिए बमोजिमको काम गर्ने गराउने। |
| ६. | कालोबजारी तथा केही अन्य सामाजिक अपराध तथा सजाय ऐन, २०३२ | तोकिएको छैन। |
| ७. | वस्तुको प्रत्यक्ष बिक्री (व्यवस्थापन तथा नियमन गर्ने) ऐन, २०७४ | **दफा २७**<br>निर्देशक समितिको गठनः वस्तुको प्रत्यक्ष बिक्री वा वितरण सम्बन्धी व्यवसायलाई सुरक्षित, व्यवस्थित एवं मर्यादित बनाई उपभोक्ताको हक हितको संरक्षण सम्बन्धी आवश्यक काम गर्न केन्द्रीयस्तरमा एक निर्देशक समिति रहनेछ। |
| ८. | मुलुकी देवानी संहिता २०७४ | तोकिएको छैन। |
| ९. | पशु वधशाला र मासु जाँच ऐन, २०५५ | तोकिएको छैन। |
| १०. | आमाको दूधलाई प्रतिस्थापन गर्ने वस्तु (बिक्री वितरण नियन्त्रण) ऐन, २०४९ | **दफा ४.** स्तनपान संरक्षण तथा संवर्द्धन समिति : (१) यो ऐन पालन भए नभएको सुपरिवेक्षण गर्ने प्रयोजनको लागि तथा स्तनपानको संरक्षण तथा संवर्द्धन र उत्पादनको बिक्री वितरण नियन्त्रण गर्नको लागि नेपाल सरकारले स्तनपान संरक्षण तथा संवर्द्धन समिति गठन गर्नेछ।<br>(२) समितिमा देहायका सदस्यहरु रहनेछन् :-<br>(क)सचिव, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय – अध्यक्ष<br>(ख) प्रतिनिधि (रा.प.प्रथम श्रेणी), उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय – सदस्य<br>(ङ)प्रतिनिधि (रा.प.प्रथम श्रेणी), शिक्षा, विज्ञान तथा |

नेपाल कानून आयोग

प्रविधि मन्त्रालय – सदस्य
(च) प्रतिनिधि (रा.प.प्रथम श्रेणी), श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय – सदस्य
(छ)प्रतिनिधि, नेपाल बाल चिकित्सक सङ्घ – सदस्य
(ज) प्रतिनिधि, नेपाल उद्योग वाणिज्य सङ्घ – सदस्य
(झ) आमा तथा बच्चाको स्वास्थ्य क्षेत्रमा कार्यरत प्रतिष्ठित व्यक्तिहरु मध्येबाट समितिद्वारा मनोनीत दुई जना व्यक्ति – सदस्य
(ञ)नेपाल सरकारद्वारा मनोनीत प्रतिष्ठित पोषणविज्ञ – सदस्य
(ट)बच्चाहरुको पालन पोषण तथा स्याहार सम्बन्धी अनुभव प्राप्त आमाहरु मध्येबाट नेपाल सरकारद्वारा मनोनीत एकजना – सदस्य
(ठ)नेपाल सरकारले तोकेको व्यक्ति– सदस्य-सचिव

**दफा ६.**

<u>समितिको काम, कर्तव्य र अधिकार</u> : नेपाल सरकारको स्वीकृत नीति अन्तर्गत रही समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) यो ऐन पालन भए नभएको तोकिए बमोजिम सुपरिवेक्षण गर्ने,
(ख) यो ऐनका प्रावधानहरु उल्लङ्घन गर्ने उत्पादक, वितरक वा स्वास्थ्य कार्यकर्ता विरुद्ध अनुसन्धान तथा मुद्दा चलाउन सिफारिस गर्ने,
(ग) अनुदानको रुपमा कुनै उत्पादन प्राप्त गर्ने सम्बन्धी अनुरोध उपर विचार गर्ने र तोकिए बमोजिम त्यस्तो अनुरोध स्वीकृत वा अस्वीकृत गर्ने,
(घ) उत्पादक वा वितरकबाट अनुसन्धान, छात्रवृत्ति, व्यावसायिक गोष्ठी वा सम्मेलनमा भाग लिन वा त्यस्तो गोष्ठी वा सम्मेलन गर्नको लागि सहायता लिने स्वास्थ्य कार्यकर्ताहरुको अनुरोध उपर विचार गर्ने र तोकिए बमोजिम त्यस्तो अनुरोध स्वीकृत वा अस्वीकृत गर्ने,
(ङ) उत्पादक तथा वितरकहरुले पेश गरेको उत्पादनका लेवलहरु पुनरावलोकन गरी यस ऐनको प्रावधान अनुकूल भएका लेवलहरु स्वीकृत गर्ने,
(च) बाल आहार सम्बन्धी सूचना तथा शैक्षिक सामग्रीहरुको प्रचार प्रसार सम्बन्धी कामको समन्वय गर्ने,
(छ) स्तनपानको संरक्षण र संवर्द्धन गर्ने राष्ट्रिय नीति तर्जुमा गर्ने,
(ज) कार्यान्वयन, सुपरिवेक्षण तथा नियन्त्रण गर्ने प्रयोजनको लागि आवश्यकतानुसार उपसमिति गठन गर्ने।

नेपाल कानून आयोग

| | | |
|---|---|---|
| ११. | आयोडिनयुक्त नून (उत्पादन तथा बिक्री वितरण) ऐन, २०५५ | **दफा १२.** आयोडिन अभावजन्य विकार निवारण समितिः (१) नेपाल सरकारको नीति र निर्देशन बमोजिम कार्यान्वयन गर्न देहाय बमोजिमको अध्यक्ष तथा सदस्य भएको आयोडिन अभावजन्य विकार निवारण समिति गठन हुनेछः–<br>(क) सचिव, स्वास्थ्य मन्त्रालय – अध्यक्ष<br>(ख) प्रतिनिधि (रा.प. प्रथम श्रेणी), उद्योग मन्त्रालय – सदस्य<br>(ग) प्रतिनिधि (रा.प. प्रथम श्रेणी), आपूर्ति मन्त्रालय – सदस्य<br>(घ) प्रतिनिधि (रा.प. प्रथम श्रेणी), वाणिज्य मन्त्रालय – सदस्य<br>(ङ) प्रतिनिधि (रा.प. प्रथम श्रेणी), स्वास्थ्य मन्त्रालय – सदस्य<br>(च) केन्द्रीय खाद्य अनुसन्धानशालाको प्रमुख – सदस्य<br>(छ) प्रतिनिधि, उद्योग वाणिज्य सङ्घ– सदस्य<br>(ज) आयोडियुक्त नून उत्पादन, पैठारी, आपूर्ति तथा बिक्री वितरण कार्यमा संलग्न व्यक्ति वा संस्थाहरु मध्येबाट नेपाल सरकारबाट मनोनीत दुई जना – सदस्य<br>(झ) नेपाल सरकारबाट मनोनीत पोषण विज्ञ दुई जना– सदस्य<br>(ञ) उपभोक्ताको तर्फबाट एक जना – सदस्य<br>(ट) नेपाल सरकारले तोकेको स्वास्थ्य मन्त्रालयको अधिकृत –सदस्य-सचिव<br><br>**दफा १४.** समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः–<br>(क) उत्पादक, पैठारीकर्ता, आपूर्तिकर्ता तथा वितरकले पेश गरेको आयोडिनयुक्त नूनको लेबल तथा प्याकेजलाई तोकिए बमोजिम स्वीकृति प्रदान गर्ने।<br>(ख) आयोडियुक्त नून सम्बन्धी सूचना तथा शैक्षिक सामग्रीहरुको प्रचार प्रसार सम्बन्धी काममा समन्वय गर्ने।<br>(ग) यो ऐन तथा यस ऐन अन्तर्गत बनेको नियममा उल्लिखित व्यवस्थाहरु पालन भए नभएको सम्बन्धमा तोकिए बमोजिम सुपरिवेक्षण तथा अनुगमन गर्ने।<br>(घ) यो ऐन तथा यस ऐन अन्तर्गत बनेका नियममा उल्लिखित व्यवस्था विपरीत आयोडिनयुक्त वा आयोडिन नभएको नूनको उत्पादन, पैठारी, आपूर्ति तथा बिक्री वितरण गर्ने व्यक्ति उपर अनुसन्धान तहकिकात गरी मुद्दा चलाउने सम्बन्धमा निरीक्षकलाई आवश्यक निर्देशन दिने।<br><br>**दफा २५.**<br>उपसमिति गठन गर्न सक्नेः (१) यो ऐन र यस ऐन अन्तर्गत बनेको नियममा उल्लिखित व्यवस्थाहरुको कार्यान्वयनको लागि समितिले |

नेपाल कानून आयोग

| | | |
|---|---|---|
| | | आवश्यकता अनुसार उपसमिति गठन गर्न सक्नेछ।<br>(२) उपदफा (१) बमोजिम गठन हुने उपसमितिको काम, कर्तव्य र अधिकार तथा कार्यविधि समितिले तोके बमोजिम हुनेछ। |

**१८. अनुसन्धान तथा निरीक्षण**

| **क्र.सं.** | **ऐन** | **प्रावधान** |
|---|---|---|
| १. | उपभोक्ता संरक्षण ऐन, २०७५ | **दफा ३०.** <u>जाँचबुझ वा निरीक्षण गर्न सक्नेः</u> (१) कसैले अनुचित व्यापारिक वा व्यवसायजन्य क्रियाकलाप गरिरहेको, बजारमा एकाधिकार कायम गरी वा अन्य कुनै तरिकाबाट वस्तु वा सेवाको मूल्य वा आपूर्ति व्यवस्थालाई प्रभावित पार्ने काम गरिरहेको वा कमसल वस्तुको उत्पादन वा बिक्री वितरण गरिरहेको वा यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम विपरीत काम, कारबाही गरिरहेको छ भन्ने विश्वास हुने मनासिब कारण भएमा वा त्यस्ता कुराका सम्बन्धमा कुनै सञ्चार माध्यम वा कुनै उजुर मार्फत वा कुनै निगरानी गर्ने निकाय मार्फत सूचना आएमा मन्त्रालय वा विभागले सो सम्बन्धमा तत्काल आवश्यक जाँचबुझ वा निरीक्षण गर्न, गराउन सक्नेछ।<br><br>**दफा ३१.** <u>आकस्मिक निरीक्षण गर्न सक्नेः</u> (१) विभागले उपभोक्ताको हक, हित संरक्षणको लागि बजारको आकस्मिक निरीक्षण गर्न सक्नेछ।<br><br>**दफा ३२.** <u>निरीक्षण अधिकृत नियुक्त गर्न वा तोक्न सक्नेः</u> (१) बजार तथा आपूर्ति व्यवस्थालाई प्रभावकारी बनाई उपभोक्तालाई उचित मूल्यमा गुणस्तरयुक्त वस्तु वा सेवा सरल एवं सहज रूपमा उपलब्ध गराउने कार्यको अनुगमन गर्न विभागले तोकिए बमोजिम निरीक्षण अधिकृत नियुक्त गर्न वा निरीक्षण अधिकृतको रूपमा काम गर्न नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको कुनै अधिकृत कर्मचारीलाई तोक्न सक्नेछ।<br><br>**दफा ३३.**<br><u>निरीक्षण अधिकृतको काम, कर्तव्य र अधिकारः</u> (१) कुनै ठाउँमा असुरक्षित, प्रतिकूल असरयुक्त वा गुणस्तरहीन वस्तुको उत्पादन वा बिक्री वितरण भइरहेको वा सेवा प्रदान गरेको वा यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम विपरीत कुनै काम कारबाही भइरहेको छ भन्ने विश्वास हुने मनासिब कारण भएमा निरीक्षण अधिकृतले त्यस्तो ठाउँमा आवश्यकता अनुसार जुनसुकै बखत प्रवेश गरी निरीक्षण, जाँचबुझ वा खानतलासी गर्न, त्यस्तो काम गर्ने व्यक्तिलाई पक्राउ |

नेपाल कानून आयोग

| | | |
|---|---|---|
| | | गर्न र मुद्दा हेर्ने अधिकारीको अनुमतिले अनुसन्धानको लागि सात दिनसम्म थुनामा राख्न सक्नेछ।<br>(२) उपदफा (१) बमोजिम निरीक्षण, जाँचबुझ वा खानतलासीका क्रममा वस्तुको उत्पादक, पैठारीकर्ता, ढुवानीकर्ता, सञ्चयकर्ता, बिक्रेता, सेवा प्रदायक वा सम्बन्धित अन्य व्यक्तिसँग आवश्यक विवरण वा जानकारी वा बयान लिन सक्नेछ।<br>(३) उपदफा (२) बमोजिम निरीक्षण, जाँचबुझ वा खानतलासी गर्दा असुरक्षित, असरयुक्त वा गुणस्तर नभएको वस्तुको उत्पादन वा बिक्री वितरण भइरहेको वा सेवा प्रदान गरेको वा यस ऐन वा यस ऐन अन्तर्गत बनेको नियम विपरीत काम कारबाही भइरहेको देखिएमा निरीक्षण अधिकृतले त्यस्तो वस्तुको तोकिए बमोजिम नमूना लिई तोकिएको अवधिको लागि त्यस्तो वस्तुको उत्पादन वा बिक्री वितरण गर्न वा सेवा प्रदान गर्न रोक लगाउन सक्नेछ।<br>(४) उपदफा (१) बमोजिम बजार निरीक्षण वा जाँचबुझ गर्ने प्रयोजनको लागि तोकिए बमोजिम वस्तु वा सेवाको परीक्षण सूची तयार गर्नु पर्नेछ।<br>(५) उपदफा (४) बमोजिमको परीक्षण सूची अनुसार भएको नपाइएमा निरीक्षण अधिकृतले त्यस्तो वस्तुको बिक्री वितरणमा रोक लगाई तत्काल दफा ३९ बमोजिम जरिबाना गर्न सक्नेछ।<br>(६) उपदफा (२) बमोजिम निरीक्षण अधिकृतले गरेको काम कारबाही सम्बन्धी प्रतिवेदन सात दिनभित्र विभाग समक्ष पेश गर्नु पर्नेछ।<br>(७) उपदफा (६) बमोजिमको प्रतिवेदनमा उपदफा (५) बमोजिम जरिबाना गरिएको भए त्यस्तो विवरण समेत उल्लेख गरी प्रतिवेदन तयार गर्नु पर्नेछ।<br>(८) निरीक्षण अधिकृतले निरीक्षण वा जाँचबुझको सिलसिलामा उत्पादक वा बिक्रेतालाई तत्काल कुनै आदेश दिन उपयुक्त देखिएमा त्यस्तो आदेश दिन वा उपयुक्त सम्झेको अन्य कार्य गर्न सक्नेछ।<br>(९) निरीक्षण अधिकृतले निरीक्षण, जाँचबुझ वा खानतलासी गर्दा अपनाउनु पर्ने कार्यविधि तोकिए बमोजिम हुनेछ।<br>(१०) निरीक्षण अधिकृतले निरीक्षण, जाँचबुझ वा खानतलासी गर्दा कुनै उत्पादक, बिक्रेता, विरुद्ध कुनै कानूनी कारबाही हुनुपर्ने देखेमा त्यसको विवरण समेत प्रतिवेदनमा उल्लेख गरी विभागमा वा आवश्यक परे कारण सहित अन्य सम्बन्धित निकायमा पठाउन सक्नेछ।<br>(११) निरीक्षण अधिकृतको अन्य काम, कर्तव्य र अधिकार तथा निरीक्षण अधिकृतले दिएको प्रतिवेदन कार्यान्वयन सम्बन्धी व्यवस्था |

नेपाल कानून आयोग

| | | |
|---|---|---|
| | | तोकिए बमोजिम हुनेछ। |
| २. | खाद्य ऐन, २०२३ | **दफा ९क.**<br>अनुगमन तथा निरीक्षण गर्न सक्नेः (१) कसैले कुनै खाद्य पदार्थ यस ऐन बमोजिम तोकिएको गुण, स्तर, मात्रा वा परिधि भन्दा न्यून गुण, स्तर, मात्रा वा परिधिको वा दुषित खाद्य पदार्थ बा कुनै खाद्य पदार्थलाई ढाँटी झुक्याई बिक्री वितरण गरे गराएको विषयमा प्रदेश वा स्थानीय तहले आफ्नो क्षेत्रमा अनुगमन तथा निरीक्षण गर्न सक्नेछन्। |
| ३. | औषधि ऐन, २०३५ | **दफा ५.**<br>औषधि व्यवस्था विभागः (१) यस ऐनको उद्देश्य कार्यान्वयन गर्नको लागि नेपाल सरकारले औषधि व्यवस्था विभागको स्थापना गर्नेछ।<br>(२) उपदफा (१) बमोजिम स्थापना भएको विभागले यो ऐन र यस ऐन अन्तर्गत बनेको नियम बमोजिम औषधि नियन्त्रण सम्बन्धी सबै काम कारवाई गर्नेछ।<br><br>**दफा २०.**<br>निरीक्षकले जाँचबुझ र निरीक्षण गर्न सक्नेः (१) निरीक्षकले कुनै औषधिको उत्पादन, सञ्चय, बिक्री–वितरण वा परिवहन गर्ने काम भैरहेको कुनै ठाउँमा निरीक्षण जाँचबुझ र खानतलासी गर्न सक्नेछ।<br>(२) उपदफा (१) बमोजिम निरीक्षण जाँचबुझ वा खानतलासी गर्दा कुनै औषधि जनसुरक्षित, असरयुक्त, वा गुणयुक्त नभएको भन्ने शङ्का लागेमा वा यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बर्खिलाप कुनै काम कारवाई भैरहेको छ भन्ने विश्वास हुने मनासिब कारण भएमा निरीक्षकले आफूले फेला पारेको औषधि सिलबन्दी गरी सो औषधिको धनीलाई जिम्मा लगाई त्यसको भरपाई निज धनीबाट लिई त्यस्तो औषधि रोक्का राखी त्यस्तो काम कारबाही तुरुन्त रोक्न आदेश दिन सक्नेछ।<br><br>**दफा २०क.**<br>प्रदेश सरकारबाट खटिएको निरीक्षकले जाँचबुझ र निरीक्षण गर्न सक्नेः (१) प्रदेश सरकारबाट खटिएको निरीक्षकले कुनै औषधिको उत्पादन, गुणस्तर, सञ्चय, बिक्री वितरण वा परिबहन भईरहेको कुनै ठाउँको जाँचबुझ, निरीक्षण र खानतलासी गर्न सक्नेछ।<br>(२) उपदफा (१) बमोजिम खटिने निरीक्षकले निरीक्षण गर्दा औषधि जनसुरक्षित, असरयुक्त र गुणयुक्त नभएको वा यस ऐन विपरीत बिक्री वितरण गरेको पाईएमा व्यवस्थापक समक्ष प्रतिवेदन दिनु पर्नेछ।<br>(३) उपदफा (२) बमोजिम प्रतिवेदन प्राप्त भएपछि यस ऐन बमोजिम कसै उपर मुद्दा चलाउनु पर्ने अवस्था भएमा व्यवस्थापकले |

नेपाल कानून आयोग

| | | |
|---|---|---|
| | | मुद्दा तहकिकात गर्ने अधिकारी समक्ष लेखी पठाउनु पर्नेछ। |
| ४. | स्टाण्डर्ड नाप र तौल ऐन, २०२५ | **दफा २८.**<br><u>निरीक्षकको काम कर्तव्यः</u> (१) निरीक्षकले नियन्त्रकले तोकिदिएको क्षेत्र र समयमा नाप र तौल तथा नाप्ने तौलने यन्त्र जाँच गर्नुपर्छ।<br>(२) निरीक्षकले आफ्नो समक्ष जाँचको निमित्त ल्याइएका नाप वा तौल वा नाप्ने वा तौलने यन्त्र यो ऐन तथा यस ऐन अन्तर्गत बनेका नियमहरु बमोजिम जाँची ठीक देखिएमा तोकिएको दस्तुर लिई तोकिए बमोजिम जाँचको टाँचा लगाउनु पर्छ।<br>(३) जाँच गरिनु पर्ने कुनै पनि नाप वा तौल वा नाप्ने वा तौलने यन्त्र जाँच नगरी राख्नु हुँदैन।<br>(४)निरीक्षकले व्यापारिक नाप वा तौल वा नाप्ने वा तौलने यन्त्र वा त्यस्तो नाप वा तौल वा नाप्ने वा तौलने यन्त्रले बिक्री गरिएको वा दिएको वस्तुको नाप वा तौल वा त्यस्तो नाप वा तौल नाप्ने वा तौलने यन्त्र राखिएको कुनै पनि स्थानमा गई जाँच गर्न सक्नेछ।<br>(५)निरीक्षकले कुनै व्यापारी वा निजले आफ्नो कामको निमित्त नियुक्ति गरेको कुनै व्यक्तिले प्रयोगमा ल्याएका वा त्यस्तो व्यापारी वा व्यक्तिसँग रहेको वा व्यापारको कामको लागि कुनै स्थानमा राखिएको नाप वा तौल वा नाप्ने वा तौलने यन्त्र र सो सम्बन्धी सबै लिखत पेश गर्न आदेश दिन सक्नेछ र त्यस्तो व्यापारी वा व्यक्तिले पनि सो आदेश बमोजिमको यन्त्र वा लिखत पेश गर्नु पर्छ।<br>(६) निरीक्षकलाई नाप वा तौल वा नाप्ने वा तौलने यन्त्रको सम्बन्धमा कसैले यस ऐन अन्तर्गत कुनै कसूर गरेको वा गर्न लागेकोछ भन्ने शङ्का लागेमा निजले त्यस्तो नाप वा तौल वा नाप्ने वा तौलने यन्त्र वा त्यस्तो नाप वा तौल वा नाप्ने वा तौलने यन्त्रले बिक्री गरेको वा दिएको वा दिन लागेको वस्तु र सम्बन्धित सबै लिखत आफ्नो कब्जामा लिन सक्नेछ।<br>(७) निरीक्षकलाई कुनै पनि मोहोर बन्द प्याकेजमा रहेको वस्तुको नाप वा तौल सो प्याकेजको लेवलमा उल्लिखित नाप वा तौल भन्दा कम छ भन्ने शङ्का लाग्ने कारण भएमा निजले त्यस्तो प्याकेजको मोहोर तोडी प्याकेजमा रहेको वस्तुको नाप वा तौलको जाँच गर्न सक्नेछ।<br>(८) निरीक्षकले उपदफा (७) बमोजिम जाँच्दा प्याकेजको वस्तुको नाप वा तौल ठीक नदेखिएमा प्याकेज र त्यसभित्र रहेको वस्तु आफ्नो कब्जामा लिन सक्नेछ र ठीक देखिएमा प्याकेजको उचित मूल्य सो प्याकजेको धनीलाई दिनेछ। |
| ५. | सुर्तीजन्य पदार्थ ऐन, २०६८ | **दफा १२.**<u>निरीक्षक सम्बन्धी व्यवस्था :</u> (१) कसैले यस ऐन विपरीत सार्वजनिक स्थलमा धूम्रपान वा सुर्ती सेवन गरे वा नगरेको वा |

नेपाल कानून आयोग

| | | |
|---|---|---|
| | | उत्पादक वा व्यवस्थापकले यस ऐन बमोजिम गर्नु पर्ने कुराहरु पूरा गरे वा नगरेको सम्बन्धमा निरीक्षण गर्ने काम समेतको लागि नेपाल सरकारले नेपाल सरकारको कुनै अधिकृत कर्मचारीलाई निरीक्षकको रुपमा तोक्न सक्नेछ।<br><br>**दफा १३.** निरीक्षण गर्न सक्ने : (१) कसैले यस ऐन विपरीत सार्वजनिक स्थलमा धूम्रपान वा सुर्ती सेवन गरे वा नगरेको वा उत्पादक वा व्यवस्थापकले यस ऐन बमोजिम गर्नु पर्ने कुराहरु पूरा गरे वा नगरेको सम्बन्धमा निरीक्षकले आफ्नो क्षेत्राधिकारभित्रको जुनसुकै सार्वजनिक स्थलको निरीक्षण गर्न सक्नेछ।<br>(२) उपदफा (१) बमोजिम निरीक्षण गर्दा कसैले सार्वजनिक स्थलमा धूम्रपान वा सुर्ती सेवन गरेको वा उत्पादक वा व्यवस्थापकले यस ऐन बमोजिम गर्नु पर्ने कुराहरु पूरा गरेको नदेखिएमा निरीक्षकले त्यस्तो ठाउँमा धूम्रपान वा सुर्ती सेवन गर्न रोक लगाउन वा यस ऐन बमोजिम गर्नु पर्ने कुराहरु पूरा गर्न सम्बन्धित उत्पादक वा व्यवस्थापकलाई निर्देशन दिन वा ध्यानाकर्षण गराउन सक्नेछ।<br>(३) उपदफा (२) बमोजिम निरीक्षकले दिएको निर्देशन तथा गराएको ध्यानाकर्षणको पालना गर्नु सम्बन्धित उत्पादक वा व्यवस्थापकको कर्तव्य हुनेछ।<br><br>**दफा १४.** व्यवस्थापकले निरीक्षण गर्नु पर्ने: (१) व्यवस्थापकले आफूसँग सम्बन्धित सार्वजनिक स्थलमा कसैले धूम्रपान वा सुर्ती सेवन गरे वा नगरेको सम्बन्धमा समय समयमा निरीक्षण गर्नु गराउनु पर्नेछ।<br><br>**दफा १५.** अनुसन्धान तथा तहकिकात : व्यवस्थापकले सार्वजनिक स्थलमा धूम्रपान वा सुर्ती सेवन गरेको वा उत्पादक वा व्यवस्थापकले यस ऐन बमोजिम गर्नु पर्ने कुराहरु पूरा नगरेको सम्बन्धमा कसैको उजुरी परेमा वा निरीक्षकलाई कुनै स्रोतबाट सो कुराको जानकारी हुन आएमा निरीक्षकले सो सम्बन्धमा आवश्यक अनुसन्धान तथा तहकिकात गर्नु पर्नेछ। |
| ६. | कालोबजारी तथा केही अन्य सामाजिक अपराध तथा सजाय ऐन, २०३२ | **दफा १३.**<br>पक्राउ र खानतलासी गर्ने अधिकार: (१) कुनै व्यक्तिले यस ऐन अन्तर्गत सजाय हुने कुनै अपराध गरेमा वा त्यस्तो अपराध गरेको छ भनी मुनासिब माफिकको उजुर परेमा वा विश्वास पर्दो सूचना प्राप्त भएमा वा मुनासिब माफिकको शङ्का भई उपदफा (२) मा लेखिएको अधिकारीबाट वारेण्ट जारी भएमा निजलाई नायव निरीक्षक |

नेपाल कानून आयोग

| | | |
|---|---|---|
| | | दर्जासम्मको प्रहरी अधिकृतले गिरफ्तार गर्न सक्नेछ।<br>(२) उपदफा (१) बमोजिमको अवस्थामा प्रमुख जिल्ला अधिकारी वा नेपाल सरकारले यस सम्बन्धमा तोकेको अधिकारीले पनि आफैं वा अरू व्यक्तिलाई आदेश दिई गिरफ्तार गर्न सक्नेछ।<br>(३) पक्राउ गर्नु पर्ने व्यक्ति लुकेको वा यस ऐन अन्तर्गतको अपराधसित सम्बन्धित माल वस्तु राखिएको मुनासिब माफिकको शङ्का भएको जुनसुकै गाउँ घर वा सवारीको खानतलासी नायव निरीक्षकसम्मको प्रहरी कर्मचारी वा प्रमुख जिल्ला अधिकारी वा नेपाल सरकारले यस सम्बन्धमा तोकेको अधिकारीले वा निजहरूले लिखितरूपले अधिकारपत्र दिएको खरदारसम्मको सरकारी कर्मचारीले प्रचलित नेपाल कानूनबमोजिम गर्न सक्नेछ।<br>(४) खानतलासी गर्दा यस ऐन अन्तर्गतको अपराधसित सम्बन्धित मालवस्तु सवारीको साधन कागजात नगद समेतलाई कब्जामा लिन सकिनेछ। |
| ७. | वस्तुको प्रत्यक्ष बिक्री (व्यवस्थापन तथा नियमन गर्ने) ऐन, २०७४ | **दफा २०**<br><u>निरीक्षण वा जाँचबुझ गराउनु पर्नेः</u> विभागले इजाजतपत्रवाला तथा वस्तुको प्रत्यक्ष बिक्रेता वा वितरकको कारोबारको नियमित रूपमा निरीक्षण वा जाँचबुझ गराउनु पर्नेछ।<br><br>**दफा २१**<br><u>निरीक्षण अधिकृत तोक्न सक्नेः</u> (१) दफा २० को प्रयोजनको लागि नेपाल सरकारले कुनै राजपत्राङ्कित कर्मचारीलाई निरीक्षण अधिकृतको रूपमा काम गर्न तोक्न सक्नेछ।<br><br>**दपा ३०**<br><u>अनुगमन समितिः</u> वस्तुको प्रत्यक्ष बिक्री वा वितरण सम्बन्धी व्यवसायको अनुगमन गर्न जिल्लास्तरमा एक अनुगमन समिति रहनेछ जसको नेतृत्व प्रमुख जिल्ला अधिकारीले गर्नेछ। |
| ८. | मुलुकी देवानी संहिता २०७४ | तोकिएको छैन। |
| ९. | पशु वधशाला र मासु जाँच ऐन, २०५५ | **दफा ६.**<br><u>मासु निरीक्षकको नियुक्ति :</u> (१) नेपाल सरकार वा प्रदेश सरकारले पशु र मासु जाँच गर्नको लागि पशु चिकित्सा विषयमा कम्तीमा स्नातकोपाधि हासिल गरेको व्यक्तिलाई मासु निरीक्षकको पदमा नियुक्ति गर्न वा तोक्न सक्नेछ।<br>(२) यस ऐनमा लेखिएका काम, कर्तव्य तथा अधिकारको अतिरिक्त मासु निरीक्षकको अन्य काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ। |

नेपाल कानून आयोग

| | | |
|---|---|---|
| | | **दफा ७.**<br><u>मासु सुपरिवेक्षक तोक्न सक्ने</u> : (१) पशु वधशाला व्यवस्थापन र मासु निरीक्षकको काममा सुपरिवेक्षण गर्नको लागि पशु चिकित्सा विषयमा कम्तीमा स्नातकोपाधि हासिल गरेको कुनै कर्मचारीलाई प्रदेश सरकार वा स्थानीय तहले मासु सुपरिवेक्षक तोक्न सक्नेछ।<br>(३) मासु सुपरिवेक्षकको अन्य काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ।<br><br>**दफा १८.** <u>अधिकार प्रत्यायोजन :</u> यस ऐन बमोजिम नेपाल सरकार वा प्रदेश सरकारलाई प्राप्त अधिकारमध्ये केही अधिकार आवश्यकता अनुसार कुनै निकायलाई प्रत्यायोजन गर्न सक्नेछ। |
| १०. | आमाको दूधलाई प्रतिस्थापन गर्ने वस्तु (बिक्री वितरण नियन्त्रण) ऐन, २०४९ | **दफा १३.**<br><u>निरीक्षण :</u> (१) उत्पादक, वितरक, स्वास्थ्य हेरचाह गर्ने निकाय तथा स्वास्थ्य कार्यकर्ताहरुबाट यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियम पालन भए नभएको सम्बन्धमा निरीक्षण तथा जाँचबुझ गरी आवश्यक कारबाही गर्ने प्रयोजनको लागि समितिको सिफारिसमा मन्त्रालयले आवश्यक सङ्ख्यामा निरीक्षकहरु नियुक्त गर्न वा नेपाल सरकारको सम्बन्धित निकायको स्वीकृति लिई कर्मचारीहरुलाई निरीक्षक भई काम गर्न तोक्न सक्नेछ।<br>(२) उपदफा (१) बमोजिम नियुक्त भएको वा तोकिएको निरीक्षकले उत्पादक, वितरक, स्वास्थ्य हेरचाह गर्ने निकाय तथा स्वास्थ्य कार्यकर्ताहरुले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम पालन गरेको छ छैन तोकिए बमोजिम निरीक्षण तथा जाँचबुझ गरी त्यस्को प्रतिवेदन समितिमा पेश गर्नु पर्नेछ।<br><br>**दफा १४.** <u>अनुज्ञापत्र, अनुमतिपत्र वा अख्तियारी, निलम्वन वा रद्द गर्न सकिने</u> : दफा १३ को उपदफा (२) बमोजिम निरीक्षकले पेश गरेको प्रतिवेदनबाट कुनै उत्पादक, वितरक, स्वास्थ्य हेरचाह गर्ने निकाय वा स्वास्थ्य कार्यकताले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम पालन नगरेको देखिएमा समितिको सिफारिसमा मन्त्रालयले तिनीहरुले आफ्नो कारोबार वा व्यवसाय गर्न नेपाल सरकार वा अन्य कुनै निकायबाट पाएको अनुज्ञापत्र, अनुमतिपत्र वा अख्तियारी, निलम्बन वा रद्द गर्न सम्बन्धित निकायलाई लेखी पठाउन सक्नेछ।<br><br>**दफा १५.**<br><u>निरीक्षकको काम र अधिकार</u> : यस ऐनमा लेखिए देखि बाहेक निरीक्षकको अन्य काम र अधिकार तोकिए बमोजिम हुनेछ। |

नेपाल कानून आयोग

| | | |
|---|---|---|
| ११. | आयोडिनयुक्त नून (उत्पादन तथा बिक्री वितरण) ऐन, २०५५ | **दफा १८.**<br><u>निरीक्षकको नियुक्ति तथा काम, कर्तव्य र अधिकारः</u> (१) उत्पादक, पैठारीकर्ता, आपूर्तिकर्ता तथा वितरकले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियममा उल्लिखित व्यवस्थाको पालन गरे नगरेको सम्बन्धमा जाँचबुझ तथा निरीक्षण गर्न मन्त्रालयले समितिको सिफारिसमा आवश्यक सङ्ख्यामा निरीक्षकहरु नियुक्त गर्न वा नेपाल सरकारको सेवामा बहाल रहेका कर्मचारीहरुलाई सम्बन्धित निकायको स्वीकृति लिई निरीक्षक भई काम गर्न तोक्न सक्नेछ।<br>(२) निरीक्षकको लागि चाहिने योग्यता तोकिए बमोजिम हुनेछ।<br>(३) उत्पादक, पैठारीकर्ता, आपूर्तिकर्ता तथा वितरकले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियममा उल्लिखित व्यवस्थाहरुको पालन गरे नगरेको सम्बन्धमा निरीक्षकले तोकिए बमोजिम निरीक्षण तथा जाँचबुझ गरी त्यसको प्रतिवेदन समितिमा पेश गर्नु पर्नेछ। |

**१९. मुद्दाको कारबाही सम्बन्धी**

| क्र.सं. | ऐन | प्रावधान |
|---|---|---|
| १. | उपभोक्ता संरक्षण ऐन, २०७५ | **दफा ३६.** <u>उजुरी दिन सक्नेः</u> (१) कुनै वस्तु वा सेवा प्रदायकले उपभोक्ता हित विरुद्ध वा यस ऐन वा यस ऐन अन्तर्गत बनेको कुनै नियम विपरीत कुनै काम कारबाही गरेमा त्यस्तो कुराको जानकारी पाउने जुनसुकै व्यक्तिले आफूसँग भएको जानकारी वा सबुद प्रमाण सहित केन्द्रीय बजार अनुगमन समिति, विभाग वा निरीक्षण अधिकृतसमक्ष लिखित वा मौखिक वा विद्युतीय माध्यमबाट समेत उजुरी दिन सक्नेछ।<br><br>**दफा ४१.** <u>उपभोक्ता अदालतको गठनः</u> (१) यस ऐन अन्तर्गतका दफा ४० को उपदफा (१) बमोजिम हुने मुद्दा बाहेक अन्य मुद्दाको कारबाही तथा किनारा गर्नको लागि नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी आवश्यकता अनुसार उपभोक्ता अदालत गठन गर्न सक्नेछ।<br><br>**दफा ४२.**<br><u>अदालतको अधिकार क्षेत्रको प्रयोगः</u> (१) अदालतको अधिकारक्षेत्रको प्रयोग सबै सदस्यले सामूहिक रूपमा गर्नेछन्।<br>तर कम्तीमा एक जना सदस्य उपस्थित रहेको इजलासले मुद्दाको थुनछेक बाहेकको अन्य कार्यविधिगत कारबाही र दुई जना सदस्य उपस्थित भएको इजलासले थुनछेक लगायत अन्य जुनसुकै कारबाही गर्न सक्नेछ। |

नेपाल कानून आयोग

| | | |
|---|---|---|
| | | **दफा ४६.** निर्णय कार्यान्वयन: यस ऐन बमोजिम अदालतले गरेको निर्णय वा अन्तिम आदेशको कार्यान्वयन कुनै निकाय वा अधिकारीले कार्यान्वयन गर्ने भनी निर्णय वा आदेशमा उल्लेख भएकोमा सोही निकाय वा अधिकारीले र त्यसरी उल्लेख नभएकोमा सम्बन्धित जिल्ला अदालतले कार्यान्वयन गर्नेछ।<br><br>**दफा ४८.** मुद्दाको कारबाही र किनारा सम्बन्धी विशेष व्यवस्था: दफा ४१ मा जुनसुकै कुरा लेखिएको भए तापनि सो दफा बमोजिम अदालत गठन नभएसम्मको लागि यस ऐन बमोजिमको मुद्दाको कारबाही, सुनुवाई र किनारा गर्ने अधिकार सम्बन्धित जिल्ला अदालतलाई हुनेछ।<br><br>**दफा ५८.** नेपाल सरकार वादी हुने: यस ऐन अन्तर्गतको मुद्दा नेपाल सरकार वादी हुनेछ।<br><br>**दफा ५९.**<br>मुद्दाको अनुसन्धान र दायरी : (१) यस ऐन बमोजिमको कसूर सम्बन्धी मुद्दाको अनुसन्धान निरीक्षण अधिकृतले गर्नेछ।<br>(२) उपदफा (१) बमोजिम निरीक्षण अधिकृतले अनुसन्धानको काम पूरा भए पछि मुद्दा चल्ने वा नचल्ने निर्णयको लागि सम्बन्धित सरकारी वकील समक्ष पठाउनु पर्नेछ र सरकारी वकीलबाट मुद्दा चल्ने निर्णय भएमा निरीक्षण अधिकृतले मुद्दा दायर गर्नेछ।<br>(३) उपदफा (१) बमोजिम निरीक्षण अधिकृतले मुद्दा दायर गर्दा दफा ४० को उपदफा (१) बमोजिमको सजाय हुने कसूर सम्बन्धी मुद्दाको हकमा विभागको महानिर्देशक समक्ष र दफा ४० को उपदफा (३) बमोजिम सजाय हुने कसूर सम्बन्धी मुद्दाको हकमा अदालत गठन भएकोमा अदालत समक्ष र अदालत गठन नभएकोमा सम्बन्धित जिल्ला अदालत समक्ष मुद्दा दायर गर्नेछ।<br><br>**दफा ६०.**<br>संक्षिप्त कार्यविधि अपनाउनु पर्ने: (१) यस ऐन अन्तर्गत दायर भएको मुद्दाको कारबाही र किनारा गर्दा संक्षिप्त कार्यविधि ऐन, २०२८ बमोजिमको कार्यविधि अपनाउनु पर्नेछ।<br>(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि तीन वर्षभन्दा बढी कैद सजाय हुने मुद्दामा सामान्य कार्यविधि अपनाउनु पर्नेछ। |
| २. | खाद्य ऐन, २०२३ | **दफा १०.**<br>नेपाल सरकार वादी हुने: यस ऐन अन्तर्गतको मुद्दा नेपाल सरकार |

नेपाल कानून आयोग

| | | |
|---|---|---|
| | | वादी भै चलाइनेछ।<br>**दफा ११.**<br><u>मुद्दा हेर्ने अधिकारीः</u> दफा ५ को उपदफा (१) बमोजिम सजाय हुने कसूर सम्बन्धी मुद्दाको शुरू कारबाही र किनारा गर्ने अधिकार जिल्ला अदालतलाई र अन्य कसूर सम्बन्धी मुद्दाको शुरू कारबाही र किनारा गर्ने अधिकार प्रमुख जिल्ला अधिकारीलाई हुनेछ। |
| ३. | औषधि ऐन, २०३५ | **दफा ३८.** <u>सरकारवादी हुने</u> : यो ऐन अन्तर्गतको मुद्दा नेपाल सरकारवादी हुनेछ।<br><br>**दफा ३९.**<br><u>मुद्दाको तहकिकात र दायरी :</u> (१) यस ऐन बमोजिम सजाय हुने कसूर सम्बन्धी मुद्दाको तहकिकात विभागले खटाएको निरीक्षकले गर्नेछ र त्यस्तो तहकिकातको काम पूरा भएपछि मुद्दा हेर्ने अधिकारी समक्ष मुद्दा दायर गर्नेछ।<br>(१क) उपदफा (१) बमोजिम मुद्दाको तहकिकात गर्दा कसूरमा संलग्न व्यक्तिलाई गिरफ्तार गर्ने, कसूरसँग सम्बन्धित जुनसुकै स्थानको खानतलासी लिने, कसूरसँग सम्बन्धित कागजात वा अन्य माल वस्तु आफ्नो जिम्मामा लिने तथा सर्जमिन मुचुल्का तयार गर्ने अधिकार निरीक्षकलाई हुनेछ।<br>(१ख) उपदफा (१) र (१क) बमोजिम तहकिकात गर्दा निरीक्षकले अभियुक्तलाई बयान गराई मनासिव आधार भएमा तारेखमा राख्न, धरौट वा जमानत लिई छाड्न वा मुद्दा हेर्ने अधिकारीको पूर्व स्वीकृति लिई बढीमा पच्चीस दिनसम्म थुनामा राख्न सक्नेछ।<br>(१ग) उपदफा (१क) र (१ख) बमोजिमको कुनै काम कारबाही गर्दा निरीक्षकले आवश्यकता अनुसार प्रहरी कर्मचारीको सहयोग माग गर्न सक्नेछ। त्यस्तो सहयोग माग भएमा प्रहरी कर्मचारीले आवश्यक सहयोग पुर्‍याउनु पर्नेछ। |
| ४. | स्टाण्डर्ड नाप र तौल ऐन, २०२५ | **दफा ३३क.**<br><u>मुद्दाको तहकिकातः</u> (१) दफा १९क., १९ख. र दफा ३० को उपदफा (१) र (३) बमोजिम सजाय हुने कसूर सम्बन्धी मुद्दाको तहकिकात र दायरी निरीक्षकले गर्नेछ।<br>(२) दफा ३० को उपदफा (४) बमोजिम सजाय हुने कसूर सम्बनधी मुद्दाको तहकिकात र दायरी महानिर्देशकले तोकेको अधिकृतले गर्नेछ।<br>(३) उपदफा (१) वा (२) बमोजिम तहकिकातको काम पूरा भएपछि तहकिकात गर्ने अधिकारीले मुद्दा दायर गर्ने हदम्याद अगावै अनुसन्धान प्रतिवेदन सरकारी वकील समक्ष पेश गर्नु पर्नेछ। |

नेपाल कानून आयोग

| | | |
|---|---|---|
| | | **दफा ३४.** नेपाल सरकार वादी हुनेः यस ऐन अन्तर्गतको मुद्दा नेपाल सरकार वादी भै चलाइनेछ।<br><br>**दफा ३५.** अधिकार प्रत्यायोजनः नेपाल सरकारले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमहरु बमोजिम प्राप्त सबै वा केही अधिकार नेपाल राजपत्रमा सूचना प्रकाशित गरी सोही सूचनामा तोकेको अधिकारीले प्रयोग गर्न पाउने गरी सुम्पन सक्नेछ। |
| ५. | सुर्तीजन्य पदार्थ ऐन, २०६८ | **दफा १६.**<br>मुद्दा दायर गर्ने : (१) दफा १५ बमोजिम गरिएको अनुसन्धान तथा तहकिकातबाट उत्पादक वा व्यवस्थापक उपर मुद्दा चलाउनु पर्ने देखिएमा निरीक्षकले त्यसरी अनुसन्धान तथा तहकिकात समाप्त भएको मितिले पच्चीस दिनभित्र मुद्दा हेर्ने अधिकारी समक्ष मुद्दा दायर गर्नु पर्नेछ।<br>(२) उपदफा (१) बमोजिम मुद्दा दायर गर्दा निरीक्षकले सम्बन्धित सरकारी वकीलको राय लिनु पर्नेछ।<br><br>**दफा २३.** सरकारवादी हुनेः यस ऐन अन्तर्गतको मुद्दा नेपाल सरकारवादी हुनेछ।<br><br>**दफा २४.** संक्षिप्त कार्यविधि अपनाउनु पर्नेः यस ऐन अन्तर्गतको मुद्दाको कारबाही र किनारा गर्दा मुद्दा हेर्ने अधिकारीले संक्षिप्त कार्यविधि ऐन, २०२८ बमोजिमको कार्यविधि अपनाउनु पर्नेछ।<br><br>**दफा २५.**मुद्दा हेर्ने अधिकारी : यस ऐन अन्तर्गतको मुद्दाको शुरु कारबाही र किनारा सम्बन्धित जिल्लाको प्रमुख जिल्ला अधिकारीले गर्नेछ। |
| ६. | कालोबजारी तथा केही अन्य सामाजिक अपराध तथा सजाय ऐन, २०३२ | **दफा १४.**<br>मुद्दा दायर गर्ने कार्यविधिः (१) यस ऐन अन्तर्गत मुद्दा दायर गर्दा नेपाल सरकार वा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकिदिएको अधिकारीको स्वीकृति बेगर दायर गरिने छैन।<br>(३) यस ऐन अन्तर्गतको मुद्दा अपराध भएको वा पत्ता लागेको ९० दिनभित्र दायर गरी सक्नु पर्छ।<br><br>**दफा १५.**<br>मुद्दा हेर्ने अधिकारीः (१) दफा ७ बमोजिम सजाय हुने कसूर सम्बन्धी मुद्दाको शुरु कारबाही र किनारा जिल्ला अदालतबाट हुनेछ।<br>(२) उपदफा (१) मा लेखिए बाहेकका अन्य दफा बमोजिम सजाय हुने कसूर सम्बन्धी मुद्दाको शुरु कारबाही र किनारा गर्ने अधिकार |

नेपाल कानून आयोग

| | | |
|---|---|---|
| | | प्रमुख जिल्ला अधिकारीलाई हुनेछ।<br>(३) उपदफा (१) वा (२) बमोजिम जिल्ला अदालत वा प्रमुख जिल्ला अधिकारीले यस ऐन अन्तर्गत मुद्दाको कारबाही र किनारा गर्दा विशेष अदालत ऐन, २०५९ बमोजिमको कार्यविधि अपनाउनेछ।<br><br>**दफा २०.**<br><u>नेपाल सरकार वादी हुनेः</u> यस ऐन अन्तर्गतको मुद्दा नेपाल सरकारवादी हुनेछ र सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को अनुसूची–१ मा समावेश भएको मानिनेछ।<br><br>**दफा २१.**<br><u>अन्य प्रचलित कानून बमोजिम मुद्दा चलाउन सकिनेः</u> यस ऐन अन्तर्गत अपराध हुने काम अन्य प्रचलित नेपाल ऐन अन्तर्गत पनि अपराध हुने रहेछ भने अर्को ऐन बमोजिम मुद्दा चलाउन यो ऐनले बाधा पुर्‍याएको मानिने छैन।<br><br>**दफा २२.** <u>अधिकार प्रत्यायोजनः</u> नेपाल सरकारले यस ऐनबमोजिम आफूलाई भएको सबै वा केही अधिकार नेपाल राजपत्रमा सूचित आदेश जारी गरी कुनै अधिकृतलाई सुम्पन सक्नेछ। |
| ७. | वस्तुको प्रत्यक्ष बिक्री (व्यवस्थापन तथा नियमन गर्ने) ऐन, २०७४ | **दफा ३८**<br><u>उजुरी दिन सक्नेः</u> (१ दफा ३६ बमोजिम कसूर मानिने कुनै कार्य भएको, भइरहेको वा हुन लागेको थाहा पाएमा जोसुकैले पनि नब्बे दिनभित्र निरीक्षण अधिकृतसमक्ष वा नजिकको प्रहरी कार्यालयमा उजुरी दिन सक्नेछ।<br>(२) उपदफा (१) बमोजिम प्रहरी कार्यालयमा पर्न आएमा उजुरी प्रहरी कार्यालयले यथाशीघ्र निरीक्षण अधिकृतसमक्ष पठाई त्यसको जानकारी सम्बन्धित उजुरीकर्तालाई दिनु पर्नेछ।<br>(३) उपदफा (१) वा (२) बमोजिम प्राप्त हुन आएको उजुरी उपर निरीक्षण अधिकृतले तोकिए बमोजिम अनुसन्धान कार्य शुरु गर्नु पर्नेछ।<br><br>**दफा ३९**<br><u>मुद्दाको अनुसन्धान र दायरीः</u><br>(१) यस ऐन बमोजिम सजाय हुने कसूर सम्बन्धी मुद्दाको अनुसन्धान निरीक्षण अधिकृतले गर्नेछ। मुद्दाको अनुसन्धानको सिलसिलामा निरीक्षण अधिकृतले सम्बन्धित जिल्ला प्रहरी कार्यालयबाट आवश्यक सहयोग लिन सक्नेछ। |

| | | |
|---|---|---|
| | | (२) उपदफा (१) बमोजिम अनुसन्धान सम्पन्न भएको मितिले पैंतीस दिनभित्र सम्बन्धित जिल्ला अदालतमा मुद्दा दायर गर्नु पर्नेछ।<br>(३) उपदफा (१) बमोजिम निरीक्षण अधिकृतले मुद्दा दायर गर्दा सरकारी वकिलको राय लिनु पर्नेछ।<br>(४) यस ऐन बमोजिम निरीक्षण अधिकृतले दायर गरेको मुद्दाको प्रतिरक्षा सरकारी वकिलबाट हुनेछ।<br><br>**दफा ४०**<br><u>नेपाल सरकार बादी हुनेः</u> दफा ३६ बमोजिमको कसूरसँग सम्बन्धित मुद्दा नेपाल सरकार बादी भई दायर हुनेछ।<br><br><u>नेपाल सरकार वादी हुनेः</u><br>दफा ६ बमोजिमको कसूरसँग सम्बन्धित मुद्दा नेपाल सरकार बादी भई दायर हुनेछ।<br><br>**दफा ४१** <u>संक्षिप्त कार्यविधि अपनाउनु पर्नेः</u> यस ऐन अन्तर्गत दायर भएको मुद्दाको कारबाही र किनारा गर्दा संक्षिप्त कार्यविधि ऐन, २०२८ बमोजिमको कार्यविधि अपनाउनु पर्नेछ। |
| ८. | मुलुकी देवानी संहिता २०७४ | तोकिएको छैन। |
| ९. | पशु वधशाला र मासु जाँच ऐन, २०५५ | **दफा १९.**<br><u>नेपाल सरकार वादी हुने :</u> यस ऐन अन्तर्गतको मुद्दा नेपाल सरकार वादी हुनेछ।<br>**दफा २०.** <u>मुद्दाको तहकिकात र दायरी</u> : (१) यस ऐन अन्तर्गतको कसूरको तहकिकात नेपाल सरकारले नियुक्त गरेको मासु निरीक्षकले गर्नेछ र तहकिकातको काम पूरा भएपछि मुद्दा हेर्ने अधिकारी समक्ष मुद्दा दायर गर्नेछ।<br>(२) उपदफा (१) बमोजिम मुद्दा हेर्ने अधिकारी समक्ष मुद्दा दायर गर्दा मुद्दाको तहकिकात गर्ने कर्मचारीले सरकारी वकिलसित राय सल्लाह लिन सक्नेछ।<br>**दफा २१.**<br><u>मुद्दा हेर्ने अधिकारी</u> : यस ऐन अन्तर्गतको कसूर सम्बन्धी मुद्दा प्रमुख जिल्ला अधिकारीले हेर्नेछ र प्रमुख जिल्ला अधिकारीको निर्णय उपर चित्त नबुझ्ने व्यक्तिले जिल्ला अदालतमा पुनरावेदन गर्न सक्नेछ।<br>**दफा २२.** <u>प्रचलित कानून बमोजिम हुने :</u> यस ऐनमा लेखिएजति कुरामा यसै ऐन बमोजिम र अरुमा प्रचलित कानून बमोजिम हुनेछ। |

नेपाल कानून आयोग

| | | |
|---|---|---|
| १०. | आमाको दूधलाई प्रतिस्थापन गर्ने वस्तु (बिक्री वितरण नियन्त्रण) ऐन, २०४९ | **दफा १८.**<br>सरकार वादी हुने : यस ऐन अन्तर्गतको मुद्दा नेपाल सरकार वादी हुनेछ।<br>**दफा १९.**<br>मुद्दाको तहकिकात र दायरी : (१) यस ऐन बमोजिम सजाय हुने कसूर सम्बन्धी मुद्दाको तहकिकात निरीक्षकले गर्नेछ र त्यस्तो तहकिकात र त्यस्तो तहकिकातको काम पूरा भएपछि जिल्ला अदालतमा मुद्दा दायर गर्नेछ।<br>(२) उपदफा (१) बमोजिम मुद्दा तहकिकात र दायर गर्दा निरीक्षकले सरकारी वकीलको राय लिन सक्नेछ। मुद्दा दायर भएपछि मुद्दाको बहस पैरवी सरकारी वकीलले गर्नेछ।<br>**दफा २०.**<br>नियम बनाउने अधिकार : यस ऐनको उद्देश्य कार्यान्वयन गर्न नेपाल सरकारले आवश्यक नियम बनाउन सक्नेछ। |
| ११. | आयोडिनयुक्त नून (उत्पादन तथा बिक्री वितरण) ऐन, २०५५ | **दफा २७.**<br>सरकार वादी हुनेः यस ऐन अन्तर्गतको मुद्दा नेपाल सरकार वादी हुनेछ।<br>**दफा २८.**<br>मुद्दाको तहकिकात र दायरीः (१) यो ऐन बमोजिम सजाय हुने कसूर सम्बन्धी मुद्दाको तहकिकात निरीक्षकले गर्नेछ र त्यस्तो तहकिकातको काम पूरा भएपछि जिल्ला अदालतमा मुद्दा दायर गर्नेछ।<br>(२) उपदफा (१) बमोजिम मुद्दा तहकिकात र दायर गर्दा निरीक्षकले सरकारी वकीलको राय लिनेछ।<br>**दफा २९.**<br>नियम बनाउने अधिकारः यस ऐनको उद्देश्य कार्यान्वयन गर्न नेपाल सरकारले आवश्यक नियम बनाउन सक्नेछ। |

**२०. पुनरावेदन**

| क्र.सं. | ऐन | प्रावधान |
|---|---|---|
| १. | उपभोक्ता संरक्षण ऐन, २०७५ | **दफा ४५.**<br>पुनरावेदनः यस ऐन बमोजिम अदालतले गरेको निर्णय उपर तीस दिनभित्र सम्बन्धित उच्च अदालतमा पुनरावेदन गर्न सकिनेछ। |
| २. | खाद्य ऐन, २०२३ | **दफा १२.**<br>पुनरावेदनः दफा ११ बमोजिम भएको निर्णय उपर पैंतिस दिनभित्र पुनरावेदन दिन सकिन्छ र प्रमुख जिल्ला अधिकारीले गरेको निर्णय उपर जिल्ला अदालतमा पुनरावेदन लाग्नेछ। |

नेपाल कानून आयोग

| | | |
|---|---|---|
| ३. | औषधि ऐन, २०३५ | **दफा ३९(२)-** उपदफा (१) बमोजिम मुद्दा तहकिकात र दायर गर्दा निरीक्षकले सरकारी वकीलको राय लिन सक्नेछ। मुद्दा दायर भई सकेपछि मुद्दाको बहस पैरवी र पुनरावेदन सरकारी वकीलबाट हुनेछ। |
| ४. | स्टाण्डर्ड नाप र तौल ऐन, २०२५ | **दफा २९.** पुनरावेदनः यस ऐन बमोजिम निरीक्षकले गरेको निर्णय वा सजायको आदेश उपर पैंतीस दिनभित्र उच्च अदालतमा पुनरावेदन लाग्नेछ। |
| ५. | सुर्तीजन्य पदार्थ ऐन, २०६८ | **दफा १८.** पुनरावेदन : दफा १७ को उपदफा (५) बमोजिम मुद्दा हेर्ने अधिकारीले गरेको निर्णय उपर चित्त नबुझ्ने व्यक्तिले सो निर्णय भएको मितिले पैंतीस दिनभित्र सम्बन्धित जिल्ला अदालतमा पुनरावेदन दिन सक्नेछ। |
| ६. | कालोबजारी तथा केही अन्य सामाजिक अपराध तथा सजाय ऐन, २०३२ | **दफा १५(४).**<br>उपदफा (१) वा (२) बमोजिम भएको निर्णय उपर पैंतिस दिनभित्र पुनरावेदन दिन सकिनेछ र प्रमुख जिल्ला अधिकारीले गरेको निर्णय उपर जिल्ला अदालतमा पुनरावेदन लाग्नेछ। |
| ७. | मुलुकी देवानी संहिता २०७४ | छैन |
| ८. | पशु वधशाला र मासु जाँच ऐन, २०५५ | **दफा २१.**<br>मुद्दा हेर्ने अधिकारी : यस ऐन अन्तर्गतको कसूर सम्बन्धी मुद्दा प्रमुख जिल्ला अधिकारीले हेर्नेछ र प्रमुख जिल्ला अधिकारीको निर्णय उपर चित्त नबुझ्ने व्यक्तिले जिल्ला अदालतमा पुनरावेदन गर्न सक्नेछ। |
| ९. | आमाको दूधलाई प्रतिस्थापन गर्ने वस्तु (बिक्री वितरण नियन्त्रण) ऐन, २०४९ | छैन |
| १०. | आयोडिनयुक्त नून (उत्पादन तथा बिक्री वितरण) ऐन, २०५५ | छैन |

## ६.३ प्रस्तावित विद्युतीय व्यापारको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकको तुलनात्मक अध्ययन

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयको च.नं. १७, मिति २०७९/०४/२५ को बोधार्थ तथा कार्यार्थपत्रबाट उपभोक्ता संरक्षण ऐन, २०७५, वस्तुको प्रत्यक्ष बिक्री (व्यवस्थापन तथा नियमन गर्ने) ऐन, २०७४ तथा विद्युतीय व्यापारको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकको मस्यौदामा रहेका कतिपय विषय एकै प्रकृतिका रहेकाले उल्लिखित ऐन तथा विधेयकका विषयलाई समावेश गरी एउटै विधेयक बनाउन सकिने वा नसकिने विषयमा श्री उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले नेपाल कानून आयोगसँगको समन्वयमा अध्ययन गर्न माननीय कानून, न्याय तथा संसदीय मामिला मन्त्रीको मिति २०७९/०४/२५ को निर्णयानुसार पत्र प्राप्त भएको थियो। पुनश्चः सोही विषयमा कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयको मिति २०७९/०५/२१ को पत्रानुसार उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय समेतको समन्वयमा उपभोक्ता संरक्षण ऐन, २०७५, वस्तुको प्रत्यक्ष बिक्री (व्यवस्थापन तथा नियमन गर्ने) ऐन, २०७४ तथा विद्युतीय व्यापारको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकको मस्यौदामा रहेका कतिपय विषय एकै प्रकृतिका रहेकाले उल्लिखित ऐन तथा विधेयकका विषयलाई समावेश गरी एउटै विधेयक बनाउन सकिने वा नसकिने विषयमा अध्ययन गरी सुझाव पेश गर्न विद्युतीय व्यापारको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकको मस्यौदासमेत प्राप्त भएको थियो।

नेपाल कानून आयोगलाई उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको च.नं. ६५, मिति २०७७।६।१३ को पत्रबाट "विद्युतीय व्यापारको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक" तर्जुमा गरी पठाइदिनुहुन भनी अनुरोध भए बमोजिम नेपाल कानून आयोगबाट उक्त विधेयकको मस्यौदा तर्जुमा गरी आयोगको मिति २०७७।९।२ मा बसेको बैठकले उक्त विधेययको मस्यौदा उपर आवश्यक कारबाही चलाउन उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयमा पठाउने निर्णय भए अनुसार यस आयोगको च.नं. ९८, मिति २०७७।९।५ को पत्रबाट उक्त विधेयकको मस्यौदा उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयमा पठाइएको थियो।

सूचना प्रविधिको माध्यमबाट हुने वस्तु वा सेवाको व्यापारिक कारोबारलाई नियमन गरी व्यवस्थित र विश्वसनीय बनाउने सम्बन्धमा कानूनी व्यवस्था गर्ने उद्देश्यले हाल उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयबाट प्रस्ताव गरिएको उक्त विधेयकमा निम्न बमोजिमका व्यवस्थाहरु राखी प्रस्ताव गरिएको देखिन्छ।

यसमा रहेका धेरै जसो प्रावधानहरु उपभोक्ता संरक्षण ऐन, २०७५ लगायत उपभोक्ता संरक्षण गर्ने अन्य कानूनहरुसँग समानता भएको देखिन्छ।प्रस्तावित विधेयकमा प्रचलित कानून बमोजिम दर्ता भई वस्तु वा सेवाको व्यापार गर्न अनुमति प्राप्त गरेको कुनै व्यक्ति, फर्म, कम्पनी वा संस्थाले यस ऐनको अधीनमा रही विद्युतीय व्यापार गर्न सक्ने, **अनुमति तथा सिफारिस आवश्यक पर्ने,** अनुमति बिना बिक्री-वितरण गर्न नहुने, कुनै खास किसिमको वस्तु वा सेवाको खरिद तथा बिक्रीको

सम्बन्धमा प्रचलित कानून बमोजिम छुट्टै अनुमतिपत्र लिनु पर्ने वा कुनै शर्त वा कार्यविधि पूरा गर्नु पर्ने भएमा त्यस्तो अनुमतिपत्र प्राप्त नगरेको वा त्यस्तो शर्त वा कार्यविधि पूरा नगरेको अवस्थामा त्यस्तो वस्तु वा सेवा बिक्री वा कारोबार गर्न नहुने, अनुमतिपत्र प्राप्त नगरी वस्तु वा सेवा बिक्री गरेमा प्रचलित कानून बमोजिम सजाय हुने व्यवस्था गरिएको छ। त्यसै गरी प्रचलित कानून बमोजिम दर्ता भई वस्तु वा सेवाको व्यापार गर्न अनुमति प्राप्त गरेको कुनै व्यक्ति, फर्म, कम्पनी वा संस्थाले यस ऐनको अधीनमा रही विद्युतीय व्यापार गर्न सक्ने, विद्युतीय व्यापार सञ्चालन गर्ने प्रत्येक व्यवसायीले विद्युतीय प्लेटफार्म स्थापना गर्नु पर्ने, व्यवसायीले विद्युतीय प्लेटफार्ममा विद्युतीय व्यापार गर्ने वस्तु वा सेवाको सम्बन्धमा विवरण खुलाउनु पर्ने, कसैले यस ऐन बमोजिम खरिद गरेको कुनै वस्तु वा सेवा क्रेताले माग गरे बमोजिमको नभएमा निजले व्यवसायीलाई फिर्ता गर्न सक्ने, यसरी क्रेताले वस्तु वा सेवा फिर्ता गरेमा व्यवसायीले त्यस्तो वस्तु वा सेवा बिना शर्त फिर्ता लिनु पर्ने लगायत व्यवस्था रहेको छ। जुन व्यवस्था वस्तुको प्रत्यक्ष बिक्री (व्यवस्थापन तथा नियमन गर्ने) ऐन, २०७४ लगायत उपभोक्ता संरक्षण गर्ने अन्य कानूनहरुसँग समान वा दोहोरिएको देखिन्छ।

त्यस्तै उक्त विधेयकमा प्रचलित कानूनमा उल्लिखित दायित्व र यस ऐनमा अन्यत्र उल्लिखित दायित्वका अतिरिक्त अन्तर्वर्ती व्यवसायीको दायित्व तोकिएको, सूचीमा आधारित विद्युतीय व्यापार गर्ने व्यवसायीको दायित्व, बिक्रेताको दायित्व, क्रेताको दायित्व, ढुवानी सम्बन्धी दायित्व तोकिएको र कानून विपरीत काम कारबाही गरेमा दण्ड जायको वेवस्था गरिएको छ। जुन व्यवस्था उपभोक्ता संरक्षण ऐन, २०७५ लगायत उपभोक्ता संरक्षण गर्ने अन्य कानूनहरुसँग समान वा दोहोरिएको देखिन्छ।

**त्यसै गरी** मुद्दाको कारबाही तथा किनारा गर्ने अधिकार काठमाडौं उपत्यकाभित्रका जिल्लाको हकमा विभागको महानिर्देशक र अन्य जिल्लाको हकमा सम्बन्धित प्रमुख जिल्ला अधिकारीलाई हुने, यस ऐन बमोजिमको मुद्दा सरकारवादी हुने र मुद्दाको कारबाही र किनारा गर्ने अधिकार उपभोक्ता संरक्षण ऐन, २०७५ बमोजिमको उपभोक्ता अदालतलाई हुने व्यवस्था गरिएको छ।

यस ऐन अन्तर्गतको कसूर सम्बन्धी मुद्दाको अनुसन्धान उपभोक्ता सम्बन्धी ऐन, २०७५ बमोजिमको निरीक्षण अधिकृतले गर्ने गरी राखिएको छ भने पुनरावेदनको व्यवस्था समेत उपभोक्ता संरक्षण ऐन, २०७५ लगायत उपभोक्ता संरक्षण गर्ने अन्य कानूनहरुसँग समान देखिन्छ।

प्रस्तावित विधेयकमा रहेका वस्तु वा सेवाको गुणस्तर, वस्तुमा लगाउनु पर्ने लेबल, बिक्री भएको वस्तु फिर्ता दिने प्रक्रिया र आधार, वस्तु वा सेवाको मूल्य निर्धारण, जाँचबुझ, निरीक्षण तथा अनुगमन प्रक्रिया, उपभोक्ता सम्बन्धी विवादको समाधान, क्षतिपूर्ति र क्षतिपूर्ति निर्धारण गर्ने आधार तथा उपभोक्ताको हक, हित वा संरक्षण सम्बन्धी अन्य व्यवस्था उपभोक्ता संरक्षण सम्बन्धी ऐन, २०७५ बमोजिम हुनेछ भन्ने व्यवस्था राखिएको छ। जुन व्यवस्थाले उपभोक्ता संरक्षण सम्बन्धी ऐन, २०७५ को कानूनी व्यवस्थालाई कार्यान्वयन गर्ने दिशानिर्देश गरेको छ।

नेपाल कानून आयोग

यद्यपि प्रस्तुत विधेयक संघीय संसदमा पेश भई नसकेको र नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०८०/०२/२४ गतेको बैठकबाट उक्त विधेयक संघीय संसदमा पेश गर्ने निर्णय भएको भन्ने सुनिएको हुँदा विधेयक संघीय संसदबाट पारीत भई ऐन प्रमाणीकरणको अवस्थासम्म यसका विषयवस्तुमा थपघट तथा परिमार्जन हुन सक्ने सम्भावना रहेको छ।

## ६.४ उपभोक्ता सम्बन्धी विद्यमान कानूनहरुमा रहेका मुख्य प्रावधानहरुको तुलनात्मक अध्ययन तथा विश्लेषणः

उपभोग्य वस्तुहरुको व्यवस्थापन र नियमन गर्ने नेपालका प्रचलित मुख्य ११ वटा कानूनहरु र विद्युतीय व्यापारको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७९ को अध्ययन गर्दा ती कानूनहरुमा विद्यमान प्रमुख प्रावधान तथा सारवान व्यवस्थाहरु समावेश भएको २० वटा सूचकहरुमा धेरै हदसम्म समानता र अन्तरसम्बन्धित विषयहरु रहेको देखिन्छ। प्रचलित कानूनमा रहेका व्यवस्थाहरु र उपभोक्ता सम्बन्धी कानूनी प्रावधानहरु दोहोरिएको तथा एउटै विषय विविध कानूनहरुमा छरिएर रहेको देखिन्छः-

### (१) ऐनको सामान्य उद्देश्य

उपभोक्ता संरक्षण ऐन, २०७५, खाद्य ऐन २०२३, औषधि ऐन २०३५, स्टाण्डर्ड नाप र तौल ऐन २०२५, सुर्तीजन्य पदार्थ ऐन २०६८, कालोबजारी तथा केही अन्य सामाजिक अपराध तथा सजाय ऐन २०३२, मुलुकी देवानी संहिता २०७४, पशु वधशाला र मासु जाँच ऐन, २०५५, आमाको दूधलाई प्रतिस्थापन गर्ने वस्तु (बिक्री वितरण नियन्त्रण) ऐन, २०४९ र आयोडिनयुक्त नून (उत्पादन तथा बिक्री वितरण) ऐन, २०५५ को प्रस्तावनामा गुणस्तरहीन उपभोग्य वस्तुको उत्पादन, बिक्री, वितरण, निकासी पैठारी, सञ्चय र सेवनको नियन्त्रण गर्न तथा त्यस्ता उत्पादनबाट उपभोक्तालाई हुन सक्ने हानि, नोक्सानी बापत क्षतिपूर्ति उपलब्ध गराउने उद्देश्य राखिएको पाइन्छ।यसरी समान उद्देश्य रहेर अलग अलग ऐनहरुको प्रभावकारी कार्यान्वयन चुनौतीपूर्ण रहेको देखिन्छ।

### (२) अनुमति/सिफारिस लिनुपर्ने

उपभोक्ता संरक्षण ऐन, २०७५, खाद्य ऐन, २०२३, औषधि ऐन, २०३५, स्टाण्डर्ड नाप र तौल ऐन, २०२५, सुर्तीजन्य पदार्थ ऐन, २०६८, कालोबजारी तथा केही अन्य सामाजिक अपराध तथा सजाय ऐन, २०३२, मुलुकी देवानी संहिता, २०७४, पशु वधशाला र मासु जाँच ऐन, २०५५, आमाको दूधलाई प्रतिस्थापन गर्ने वस्तु (बिक्री वितरण नियन्त्रण) ऐन, २०४९ र आयोडिनयुक्त नून (उत्पादन तथा बिक्री वितरण) ऐन, २०५५ र प्रस्तावित विद्युतीय व्यापारको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७९ मा उपभोग्य वस्तुको उत्पादन, बिक्री, वितरण, निकासी पैठारी, सञ्चय लगायतको कार्यको लागि ऐनको व्यवस्थाबमोजिम

नेपाल कानून आयोग

अनुमति लिनुपर्ने व्यवस्था गरिएको छ। यसरी उल्लिखित सबै ऐनहरुले अनुमति वा सिफारिस लिनुपर्ने अनिवार्य व्यवस्था गरेको देखिन्छ।

**(३) प्रयोगशाला/अनुसन्धानशालाको व्यवस्था**

खाद्य ऐन, २०२३, औषधि ऐन, २०३५, स्टाण्डर्ड नाप र तौल ऐन, २०२५, पशु बधशाला र मासु जाँच ऐन, २०५५, आयोडिनयुक्त नून (उत्पादन तथा बिक्री वितरण) ऐन, २०५५ मा वस्तुको गुणस्तर परीक्षणको लागि प्रयोगशाला/अनुसन्धानशालाको व्यवस्था गरिएको छ। यी ऐनहरुमा उपभोग्य वस्तु तथा सेवाको गुणस्तर निर्धारण गर्न अलग अलग प्रयोगशालाको स्थापना गरेको देखिन्छ।

**(४) लेबल लगाउनु पर्ने**

उपभोक्ता संरक्षण ऐन, २०७५, स्टाण्डर्ड नाप र तौल ऐन, २०२५, सुर्तीजन्य पदार्थ ऐन, २०६८ र आमाको दूधलाई प्रतिस्थापन गर्ने वस्तु (बिक्री वितरण नियन्त्रण) ऐन, २०४९ मा उत्पादित वस्तुहरुमा लेबल लगाउनु पर्ने व्यवस्था गरिएको छ। सो नगरेमा उपभोक्ता संरक्षण ऐन, २०७५ बमोजिम ३ महिनादेखि ६ महिनासम्म कैद वा ५० हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुने व्यवस्था रहेको छ। स्टाण्डर्ड नाप र तौल ऐन, २०२५ बमोजिम १ वर्षसम्म कैद वा १० हजार रुपैयाँसम्म जरिबाना हुने व्यवस्था रहेको छ। सुर्तीजन्य पदार्थ ऐन, २०६८ बमोजिम सुर्तीजन्य पदार्थ जफत गरी ५० हजार रुपैयाँसम्म जरिबाना हुने व्यवस्था रहेको छ। आमाको दूधलाई प्रतिस्थापन गर्ने वस्तु (बिक्री वितरण नियन्त्रण) ऐन, २०४९ मा १५ हजार रुपैयाँ जरिबाना, ४ महिनासम्म कैद वा दुवै सजाय हुने व्यवस्था गरिएको छ। यसरी लेबल लगाउने एउटै विषयमा अलग अलग सजयको निर्धारण हुनु असल कानूनी व्यवस्था होइन। यसरी उल्लिखित ऐनहरु सबैले लेबल लगाउने विषयलाई अनिवार्यता गरेको तर सो कार्य नगरेमा हुने सजाय भने अलग अलग हुनु ऐन कार्यान्वयनको दृष्टिबाट उचित मान्न सकिन्न।

**(५) त्रुटिपूर्ण नापतौलबाट ठगी गर्न नपाउने**

उपभोक्ता संरक्षण ऐन, २०७५ र स्टाण्डर्ड नाप र तौल ऐन, २०२५ मा नापतौल त्रुटिपूर्ण भई उपभोक्तालाई ठगी गर्न नपाइने र गरेमा उपभोक्ता संरक्षण ऐन, २०७५ बमोजिम २ वर्ष देखि ५ वर्ष सम्म कैद वा ४ लाखदेखि ६ लाखसम्म जरिबाना वा दुवै र स्टाण्डर्ड नाप र तौल ऐन, २०२५ बमोजिम तीन वर्षसम्म कैद वा तीस हजार रुपैयाँ जरिबाना हुने व्यवस्था गरिएको छ। यसप्रकार समान प्रकृतिको कसूरमा अलग अलग सजायको व्यवस्था रहेको छ।

नेपाल कानून आयोग

### (६) कृत्रिम अभाव

उपभोक्ता संरक्षण ऐन, २०७५ र कालोबजारी तथा केही अन्य सामाजिक अपराध तथा सजाय ऐन, २०३२ मा वस्तु व्यापारमा कृत्रिम अभाव सिर्जना गर्न नहुने र गुणस्तर कायम गर्नुपर्ने तथा सो कार्य नगरेमा उपभोक्ता संरक्षण ऐन, २०७५ बमोजिम तत्काल २ देखि ३ लाखसम्म जरिबाना र कालोबजारी तथा केही अन्य सामाजिक अपराध तथा सजाय ऐन, २०३२ बमोजिम १ वर्षसम्म कैद वा २ लाख ५० हजारसम्म जरिबाना वा दुबै सजाय गर्न सकिने व्यवस्था गरिएको छ। यसप्रकार समान प्रकृतिको कसूरमा अलग अलग सजायको व्यवस्था रहेको छ।

### (७) त्रुटिपूर्ण उत्पादन र मिसावट

मुलुकी देवानी संहितामा त्रुटिपूर्ण उत्पादन गरी कुनै वस्तु वा सेवा बिक्री वितरण गराउन नहुने र सो कार्य गरेमा उत्पादकले ऐनबमोजिम दायित्व बहन गर्नुपर्ने व्यवस्था गरिएको छ। औषधि ऐन, २०३५ र कालोबजारी तथा केही अन्य सामाजिक अपराध तथा सजाय ऐन, २०३२ मा औषधिजन्य पदार्थमा गुणस्तर कायम हुनुपर्ने, मिसावट हुन नहुने र म्याद गुज्रेको औषधि बिक्री गर्न नहुने र सो कार्य गरेमा औषधि ऐन, २०३५ बमोजिम कसूरको मात्रानुसार जन्मकैदसम्मको सजाय र कालोबजारी तथा केही अन्य सामाजिक अपराध तथा सजाय ऐन, २०३२ बमोजिम कसूरको मात्रानुसार १० वर्षदेखि जन्मकैदसम्मको सजाय गर्न सक्ने व्यवस्था गरिएको छ। यसप्रकार समान प्रकृतिको कसूरमा अलग अलग सजायको व्यवस्था रहेको छ।

### (८) वस्तुको प्रचलित कानून बमोजिम मूल्य तोक्नुपर्ने

उपभोक्ता संरक्षण ऐन, २०७५ र कालोबजारी तथा केही अन्य सामाजिक अपराध तथा सजाय ऐन, २०३२ मा वस्तुको प्रचलित कानून बमोजिम मूल्य तोक्नुपर्ने र तोकिएको मूल्यभन्दा बढी मूल्य लिन नहुने र सो कार्य गरेमा उपभोक्ता संरक्षण ऐन, २०७५ बमोजिम ३ महिनादेखि ६ महिनासम्म कैद वा ५० हजार रुपैयाँदेखि एकलाख रुपैयाँसम्म जरिबाना हुने र कालोबजारी तथा केही अन्य सामाजिक अपराध तथा सजाय ऐन, २०३२ बमोजिम १ वर्षसम्म कैद र दशलाख रुपैयाँसम्म जरिबाना हुने व्यवस्था गरिएको छ। यसप्रकार समान प्रकृतिको कसूरमा अलग अलग सजायको व्यवस्था रहेको छ।

### (९) त्रुटिपूर्ण र भ्रमपूर्ण विज्ञापन गर्न नहुने

उपभोक्ता संरक्षण ऐन, २०७५ र औषधि ऐन, २०३५ मा त्रुटिपूर्ण र भ्रमपूर्ण विज्ञापन गर्न नहुने र सो कार्य गरेमा उपभोक्ता संरक्षण ऐन, २०७५ बमोजिम दुई वर्षदेखि पाँच वर्षसम्म

नेपाल कानून आयोग

कैद वा चार लाखदेखि छ लाख रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुने र औषधि ऐन, २०३५ बमोजिम एक वर्षसम्म कैद वा पाँच हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुने व्यवस्था गरिएको छ। यसप्रकार समान प्रकृतिको कसूरमा अलग अलग सजायको व्यवस्था रहेको छ।

### (१०) ढाँटी वा झुक्याई बिक्री गर्न नहुने

उपभोक्ता संरक्षण ऐन, २०७५, खाद्य ऐन, २०२३ र पशु वधशाला तथा मासु जाँच ऐन, २०५५ मा न्यूनस्तरको वस्तु वा सेवालाई उच्चस्तरको वस्तु वा सेवा हो भनी ढाँटी वा झुक्याई बिक्री गर्न वा मिसावट गरी बिक्री गर्न नहुने र सो कार्य गरेमा उपभोक्ता संरक्षण ऐन, २०७५ बमोजिम तीन महिनादेखि एक वर्षसम्म कैद वा एक लाख रुपैयाँदेखि तीन लाख रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुने, खाद्य ऐन, २०२३ बमोजिम पाँच वर्षसम्म कैद वा पचास हजार रुपैंयासम्म जरिबाना वा दुबै सजाय हुने र पशु वधशाला तथा मासु जाँच ऐन, २०५५ बमोजिम पहिलो पटकको लागि दश हजार रुपैयाँसम्म र दोस्रो पटकदेखि पटकै पिच्छे बीसहजार रुपैयाँसम्म जरिबाना वा तीन महिनासम्म कैद वा दुबै सजाय हुने व्यवस्था गरिएको छ। यसप्रकार समान प्रकृतिको कसूरमा अलग अलग सजायको व्यवस्था रहेको छ।

### (११) मूल्य सूची राख्नु पर्ने

उपभोक्ता संरक्षण ऐन, २०७५ र कालोबजारी तथा केही अन्य सामाजिक अपराध तथा सजाय ऐन, २०३२ मा उपभोग्य वस्तुको अनिवार्य रुपमा मूल्यसूची राख्नु पर्ने र सो कार्य नगरेमा उपभोक्ता संरक्षण ऐन, २०७५ बमोजिम पचास हजार रुपैंयाँदेखि एकलाख रुपैयाँसम्म जरिबाना, कसूर पटक पटक गरेमा पटकै पिच्छे दोब्बर जरिबाना र कालोबजारी तथा केही अन्य सामाजिक अपराध तथा सजाय ऐन, २०३२ बमोजिम १ वर्षसम्म कैद वा जरिबाना वा दुवै सजाय हुने व्यवस्था गरिएको छ। यसप्रकार समान प्रकृतिको कसूरमा अलग अलग सजायको व्यवस्था रहेको छ।

### (१२) हदम्याद

मुलुकी देवानी संहिता, २०७४ को दफा ६९१ मा उक्त ऐनको परिच्छेद १८ अन्तर्गत त्रुटिपूर्ण उत्पादन लगायतका कार्यउपर चित्त नबुझेको व्यक्तिले त्यस्तो काम गरेको वा कारबाही भएको मितिले एक वर्षभित्र मुद्दा दायर गर्न सक्ने हदम्यादको व्यवस्था गरेको छ। वस्तुको प्रत्यक्ष बिक्री व्यवस्थापन तथा नियमन गर्ने) ऐन, २०७४ को दफा ३६ बमोजिम कसूर मानिने कुनै कार्य भएको, भइरहेको वा हुन लागेको थाहा पाएमा जोसुकैले पनि नब्बे दिनभित्र निरीक्षण अधिकृतसमक्ष वा नजिकको प्रहरी कार्यालयमा

नेपाल कानून आयोग

उजुरी दिन सकिने व्यवस्था गरिएको र अन्य ऐनमा उल्लिखित कसूर उपर उजुरी दिने हदम्याद तोकिएको देखिँदैन।

**(१३) परिषद/समितिको गठन**

उपभोक्ता संरक्षण ऐन, २०७५ मा उपभोक्ताको अधिकार संरक्षण तथा कार्यान्वयन गर्ने विषयमा नीति निर्माण गर्न तथा यस ऐन बमोजिम अन्य काम गर्नको लागि एक उपभोक्ता संरक्षण परिषद् गठन हुने व्यवस्था गरिएको छ। खाद्य ऐन, २०२३ मा नेपाल सरकारले समय समयमा खाद्य पदार्थको गुणस्तर निर्धारण गर्न एउटा खाद्य स्तर निर्धारण समिति गठन गर्न सक्ने व्यवस्था रहेको छ। औषधि ऐन, २०३५ मा नेपाल सरकारलाई औषधि सम्बन्धी सैद्धान्तिक तथा प्रशासनिक विषयमा परामर्श दिन औषधि परामर्श परिषद र औषधिको अनुसन्धान, विकास र नियन्त्रण सम्बन्धी प्राविधिक कुरामा विभागलाई परामर्श दिन औषधि सल्लाहकार समिति तोकिएबमोजिम गठन हुने व्यवस्था गरिएको छ। सुर्तीजन्य पदार्थ ऐन, २०६८ मा सुर्तीजन्य पदार्थको नियन्त्रण तथा नियमन सम्बन्धमा नीति निर्धारण गर्ने काम समेतको लागि सुर्तीजन्य पदार्थ नियन्त्रण तथा नियमन समिति गठन हुने व्यवस्था गरिएको छ भने आमाको दूधलाई प्रतिस्थापन गर्ने वस्तु (बिक्री वितरण नियन्त्रण) ऐन, २०४९ मा यो ऐन पालन भए नभएको सुपरिवेक्षण गर्ने प्रयोजनको लागि तथा स्तनपानको संरक्षण तथा संवर्द्धन र उत्पादनको बिक्री वितरण नियन्त्रण गर्नको लागि नेपाल सरकारले स्तनपान संरक्षण तथा संवर्द्धन समिति गठन गर्न सक्ने व्यवस्था गरिएको छ। त्यस्तै वस्तुको प्रत्यक्ष बिक्री व्यवस्थापन तथा नियमन गर्ने) ऐन, २०७४ मा वस्तुको प्रत्यक्ष बिक्री वा वितरण सम्बन्धी व्यवसायलाई सुरक्षित, व्यवस्थित एवं मर्यादित बनाई उपभोक्ताको हक हितको संरक्षण सम्बन्धी आवश्यक काम गर्न केन्द्रीयस्तरमा एक निर्देशक समिति रहने व्यवस्था रहेको र वस्तुको प्रत्यक्ष बिक्री वा वितरण सम्बन्धी व्यवसायको अनुगमन गर्न जिल्लास्तरमा एक अनुगमन समिति गठन गर्ने व्यवस्था रहेको छ। यसप्रकार समान प्रकृतिको कार्य जिम्मेवारी बहन गर्न अलग अलग समिति र परिषद् गठन गर्ने व्यवस्था रहेको र यस्तो कार्यलाई राज्यमाथि अनावश्यक आर्थिक भार पार्ने कार्यको रुपमा लिन सकिन्छ।

**(१४) निरीक्षण तथा अनुगमन**

उपभोक्ता संरक्षण ऐन, २०७५, खाद्य ऐन, २०२३, औषधि ऐन, २०३५, स्टाण्डर्ड नाप र तौल ऐन, २०२५, सुर्तीजन्य पदार्थ ऐन, २०६८, कालोबजारी तथा केही अन्य सामाजिक अपराध तथा सजाय ऐन, २०३२, पशु वधशाला र मासु जाँच ऐन, २०५५, आमाको दूधलाई प्रतिस्थापन गर्ने वस्तु (बिक्री वितरण नियन्त्रण) ऐन, २०४९,आयोडिनयुक्त नून (उत्पादन तथा बिक्री वितरण) ऐन, २०५५ र वस्तुको प्रत्यक्ष बिक्री व्यवस्थापन तथा नियमन गर्ने) ऐन, २०७४ मा ऐनको व्यवस्था कार्यान्वयन गर्न, गुणस्तर प्रवर्द्धन गर्न र नियमन गर्न

व्यवस्थापक वा निरीक्षक वा विभागबाट नियमित अनुगमन तथा निरीक्षण गर्न सक्ने व्यवस्था रहेको छ। यसप्रकार समान प्रकृतिको काम र जिम्मेवार अधिकारीको पदीय व्यवस्था समान गरेको देखिए तापनि अलग अलग निकायलाई जिम्मेवार बनाएको देखिएकोले ऐनको प्रभावकारी कार्यान्वयनमा समस्या र सरकारका अलग अलग संरचनाको कार्यक्षेत्रमा दोहोरोपनाको समस्या  देखिन्छ।

### (१५) मुद्दा हेर्ने अदालत र पुनरावेदन

उपभोक्ता संरक्षण ऐन, २०७५ बमोजिमको कसूरको लागि सो ऐनको दफा ४१ मा उपभोक्ता अदालतको गठन हुने व्यवस्था रहेको छ। सो अदालत गठन नहुँदासम्म यस ऐन बमोजिमको मुद्दाको कारबाही र किनारा गर्ने अधिकार जिल्ला अदालतको हुने व्यवस्था गरिएको छ। यो ऐन बमोजिमको मुद्दा नेपाल सरकार वादी हुने व्यवस्था गरिएको छ। खाद्य ऐन, २०२३ अन्तर्गतको मुद्दा सरकारवादी हुने, मुद्दाको कारबाही र किनारा जिल्ला अदालतबाट हुने र अन्य कसूरमा प्रमुख जिल्ला अधिकारीले निर्णय गर्ने व्यवस्था गरिएको छ। औषधि ऐन, २०३५ अन्तर्गतको कसूरमा अनुसन्धान तहकिकात औषधि व्यवस्था विभागबाट हुने र तहकिकातको काम पूरा भएपछि मुद्दा हेर्ने अधिकारी समक्ष मुद्दा पेश गर्ने र यस ऐन अन्तर्गतको मुद्दा सरकारवादी हुने व्यवस्था गरिएको छ। स्टाण्डर्ड नाप र तौल ऐन, २०२५ अन्तर्गतको मुद्दा सरकारवादी हुने, निरीक्षकले मुद्दाको अनुसन्धान तहकिकात गर्ने र सो कार्य सकेपछि सरकारी वकीलको माध्यमद्वारा अदालतमा मुद्दा दायर गरिने व्यवस्था गरिएको छ। सुर्तीजन्य पदार्थ ऐन, २०६८ अन्तर्गतको मुद्दा सरकारवादी हुने, सरकारी वकीलको राय लिएर निरीक्षकले मुद्दा हेर्ने अधिकारी समक्ष मुद्दा दायर गर्ने व्यवस्था रहेको छ। मुद्दा हेर्ने अधिकारी प्रमुख जिल्ला अधिकारी हुने व्यवस्था गरिएको छ। कालोबजारी तथा केही अन्य सामाजिक अपराध तथा सजाय ऐन, २०३२ को दफा ७ अन्तर्गतको विषयका मुद्दा जिल्ला अदालतमा र अन्य मुद्दा प्रमुख जिल्ला अधिकारीले हेर्ने व्यवस्था रहेको, यस ऐन अन्तर्गतको मुद्दा नेपाल सरकार वादी हुने व्यवस्था गरिएको छ।

मुलुकी देवानी संहिता २०७४, पशु वधशाला र मासु जाँच ऐन, २०५५, आमाको दूधलाई प्रतिस्थापन गर्ने वस्तु (बिक्री वितरण नियन्त्रण) ऐन, २०४९ र आयोडिनयुक्त नून (उत्पादन तथा बिक्री वितरण) ऐन, २०५५ अन्तर्गतका सबै मुद्दाहरु नेपाल सरकार वादी हुने, आमाको दूधलाई प्रतिस्थापन गर्ने वस्तु (बिक्री वितरण नियन्त्रण) ऐन, २०४९ र आयोडिनयुक्त नून (उत्पादन तथा बिक्री वितरण) ऐन, २०५५ अन्तर्गतका मुद्दा जिल्ला अदालतमा दायर हुने र पशु वधशाला र मासु जाँच ऐन, २०५५ अन्तर्गतको मुद्दा मुद्दा हेर्ने अधिकारी प्रमुख जिल्ला अधिकारीले सुनुवाई गर्ने व्यवस्था रहेको छ। वस्तुको प्रत्यक्ष बिक्री व्यवस्थापन तथा नियमन गर्ने) ऐन, २०७४ अन्तर्गतका मुद्दाको अनुसन्धान निरीक्षण अधिकृतले गर्नेछ र

नेपाल कानून आयोग

अनुसन्धान सम्पन्न भएको मितिले पैंतीस दिनभित्र सम्बन्धित जिल्ला अदालतमा मुद्दा दायर गर्नु पर्ने व्यवस्था रहेको छ।

खाद्य ऐन, २०२३, सुर्तीजन्य पदार्थ ऐन, २०६८, कालोबजारी तथा केही अन्य सामाजिक अपराध तथा सजाय ऐन, २०३२ र पशु वधशाला र मासु जाँच ऐन, २०५५ अन्तर्गत चलेको मुद्दाको निर्णय उपर चित्त नबुझेमा जिल्ला अदालतमा पुनरावेदन लाग्ने र उपभोक्ता संरक्षण ऐन, २०७५, औषधि ऐन, २०३५, स्टाण्डर्ड नाप र तौल ऐन, २०२५, मुलुकी देवानी संहिता, २०७४, आमाको दूधलाई प्रतिस्थापन गर्ने वस्तु (बिक्री वितरण नियन्त्रण) ऐन, २०४९ र आयोडिनयुक्त नून (उत्पादन तथा बिक्री वितरण) ऐन, २०५५ अन्तर्गत चलेको मुद्दाको निर्णय उपर चित्त नबुझेमा उच्च अदालतमा पुनरावेदन दिन सक्ने व्यवस्था रहेको छ। यसप्रकार समान प्रकृतिको कसूरमा अनुसन्धान तथा मुद्दा फछ्र्यौटको कार्यविधि र क्षेत्राधिकार अलग अलग हुनु ऐन कार्यान्वयनको लागि राम्रो व्यवस्था होइन। फेरि एकै प्रकृतिको कसूर उपर अलग अलग ऐनको व्यवस्था हुनुले कानून कार्यान्वयनको प्रभावकारितामा असर पुग्न गई कसूरजन्य अपराध नियन्त्रण गर्न कठिनाई हुने देखिन्छ।

## ६.५ उपभोक्ता सम्बन्धी एकीकृत कानून निर्माण हुँदा हुने सकारात्मक प्रभाव तथा फाइदाहरु

उपभोक्ताको हक तथा अधिकार संरक्षणका विषयसँग प्रत्यक्ष रुपमा जोडिने कानूनहरु एकीकृत रुपमा तर्जुमा गर्दा कानूनी व्यवस्थाहरुमा एकरुपता भई कार्यान्वयन पक्ष सजिलो र प्रभावकारी हुने देखिन्छ। यसबाट कानून कार्यान्वयनमा रहेका द्विविधाहरु अन्त्य हुने हुन्छ। फरक फरक कानूनबाट एकै प्रकृतिको कामको लागि समेत फरक फरक संरचना तथा निकायहरु सिर्जना हुँदा राज्यलाई पर्न जाने आर्थिक व्ययभार स्वतः बढ्न सक्ने हुँदा एकीकृत कानूनको माध्यमबाट त्यस्ता संरचनाहरुलाई समेत समायोजन गर्दै जानु उपयुक्त हुने देखिन्छ। राज्यको मानव पुँजी, आर्थिक तथा भौतिक पुँजी, प्रविधि र समयको समेत बचत हुने हुन्छ। यसरी एकीकृत कानूनबाट हुन सक्ने फाइदाहरु यसप्रकार उल्लेख गर्न सकिन्छः-

(क) राज्यलाई आर्थिक व्ययभार कम हुने,

(ख) छरिएर रहेका कानूनहरुमा एकरुपता कायम हुने,

(ग) फरक फरक कानूनबाट भएका फरक फरक संरचनाको सट्टा प्रभावकारी एकीकृत संरचना कायम हुने,

(घ) कार्यविधिगत द्विविधा हट्ने,

(ङ) मानव स्रोत व्यवस्थापनमा सहजता आउने,

(च) सीमित स्रोत, पुँजी र प्रविधिको प्रभावकारी परिचालनमा सहयोग पुग्ने,

(छ) कानूनको प्रभावकारी कार्यान्वयनमा टेवा पुगी सुशासन र विधिको शासनमा मद्दत पुग्ने,

नेपाल कानून आयोग

(ज) उपभोक्ताको अधिकारको संरक्षण सम्बन्धमा विकसित पछिल्लो सिद्धान्त, आयाम तथा प्रविधिको अवलम्बन हुने,

(झ) उपभोक्ताको खाद्य सुरक्षा तथा खाद्य सम्प्रभुतामा देखिएको चुनौतीको सामनाको लागि सहयोग पुग्ने,

(ञ) उपभोक्ता अधिकारमा देखिएका Emerging Challenges: Climate Change, Cartelling, Syndicate, मिसावट, भ्रामक विज्ञापन, मूल्य वृद्धि, प्रविधिको दुरुपयोग गरी नापतौल, गुणस्तर आदिमा हुने ठगी तथा यी आधारमा सिर्जना हुने नकारात्मक प्रभावहरुको न्यूनीकरण गरी उपभोक्ताको सार्वभौम अधिकार संरक्षण तथा स्वस्थ मानव जीवन र सभ्यताको विकासमा सहयोग पुग्ने आदि।

## ६.६ उपभोक्ता सम्बन्धी एकीकृत कानून तर्जुमा गर्दा हुन सक्ने सम्भावित चुनौती तथा बेफाइदाहरु

(क) नेपालको संविधानले सिर्जना गरेको सङ्घीय प्रणाली अनुसार उपभोक्ता सम्बन्धी एकीकृत कानून बनाउन नसकेमा कार्यान्वयन पक्ष प्रभावकारी हुन नसक्ने,

(ख) सङ्घ, प्रदेश र स्थानीय तहबीचको क्षेत्राधिकार यकीन गर्न कठिन हुने,

(ग) सङ्घ, प्रदेश र स्थानीय तहबीचमा कानूनी दोहोरोपना (Overlapping) को समस्या आउन सक्ने,

(घ) हाल अस्तित्वमा रहेका संगठनात्मक संरचनाको एकीकरण र समायोजनमा समस्या आउन सक्ने,

(ङ) हाल कार्यरत जनशक्ति व्यवस्थापनमा समस्या आउन सक्ने,

(च) सबै सरोकारवाला पक्षसँगको समन्वयमा ऐन बनाउनुपर्ने भएकोले ऐन तर्जुमा कार्यमा ढिलाई हुन सक्ने।

नेपाल कानून आयोग

## परिच्छेद-सात

## निष्कर्ष तथा सुझाव

### ७.१ निष्कर्ष

उपभोग्य वस्तुहरुको व्यवस्थापन र नियमन गर्ने नेपालका प्रचलित मुख्यतः ११ वटा कानूनहरुको अध्ययन गर्दा ती कानूनहरुमा भएका कतिपय व्यवस्थाहरु दोहोरिएको, एउटै प्रकृतिको काम वा नियमन गर्न फरक फरक संरचना निर्माण गरिएको, कतिपय कानूनी व्यवस्थाहरु अस्पष्ट र कतिपय कानूनहरु अपर्याप्त भएको पाइयो। कानूनले एकै किसिमको वा प्रकृतिको कसूरमा फरक फरक अदालत/निकायमा मुद्दा लाग्ने र सजाय तथा जरिबानाको व्यवस्थामा पनि एकरुपता कायम हुन नसकीकसूरको गम्भीरताको आधारमा समान सजाय निर्धारण हुन समेत नसक्ने अवस्था देखिएको सन्दर्भमा उपभोक्ता अधिकार सम्बन्धी कानूनलाई एकीकृत गरी छाता कानून निर्माण गर्नु औचित्यपूर्ण र लाभकर देखिन्छ।

विकसित राष्ट्रहरुः अमेरिका, बेलायत, जर्मनी, अष्ट्रेलिया लगायत देशहरुमा हाल कार्यान्वयनमा रहेको उपभोक्ता सम्बन्धी कानूनले उपभोक्तासँग सम्बन्धित व्यापक क्षेत्र र विषयलाई समावेश गरेको देखिन्छ। छिमेकी राष्ट्र भारतमा उपभोक्ता संरक्षण ऐन, १९८६ लाई विस्थापित गर्दै उत्पादन दायित्व (Product Liability) लाई समेत समावेश गरी उपभोक्ता संरक्षण ऐन, २०१९ जारी गरी उपभोक्ताको अधिकारको संरक्षण गरेको देखिन्छ। भारतमा उपभोक्ता संरक्षणको सम्बन्धमा काम गर्ने निकायको रुपमा खाद्य तथा सार्वजनिक वितरण मन्त्रालय अन्तर्गत केन्द्रीय उपभोक्ता संरक्षण प्राधिकरणको गठन गरी उपभोक्ताको अधिकारको सम्बन्धमा कार्य गर्ने छुट्टै संरचनाको व्यवस्था गरेको देखिन्छ।

यसरी उपभोक्ता अधिकारको संरक्षणको सम्बन्धमा माथिका विभिन्न परिच्छेदहरुमा गरिएको विश्लेषण, नेपाल तथा भारतको सर्वोच्च अदालतबाट विभिन्न मुद्दामा प्रतिपादित नजिर सिद्धान्त तथा दृष्टिकोण, विभिन्न विदेशी मुलुकहरुको असल अभ्यास र कानूनी व्यवस्था, नेपालको विद्यमान उपभोक्ता अधिकार सम्बन्धी कानूनहरुको अध्ययन विश्लेषण गरी हेर्दा नेपालमा रहेका उपभोक्ता अधिकारसँग सम्बन्धित ऐनहरुका व्यवस्थाहरुलाई एकीकरण र संशोधन गरी एउटै कानूनद्वारा उपभोक्ता संरक्षण सम्बन्धी व्यवस्था गर्न एकीकृत कानून तर्जुमा गर्न आवश्यक देखिन्छ।

### ७.२ सुझाव

यस समितिबाट भएको माथि उल्लिखित तुलनात्मक अध्ययन र सो अध्ययनको निष्कर्षलाई मध्यनजर गरी प्रत्यक्षरुपमा उपभोक्ता अधिकारसँग जोडिएका नेपालमा विद्यमान प्रचलित कानूनहरुः उपभोक्ता संरक्षण ऐन, २०७५, खाद्य ऐन, २०२३, औषधि ऐन, २०३५, स्टाण्डर्ड नाप र तौल ऐन, २०२५, सुर्तीजन्य पदार्थ ऐन, २०६८, कालोबजारी तथा केही अन्य सामाजिक अपराध तथा सजाय

नेपाल कानून आयोग

ऐन, २०३२, मुलुकी देवानी संहिता, २०७४ को दफा ६८५ देखि ६९१ सम्मका व्यवस्था, पशु वधशाला र मासु जाँच ऐन, २०५५, आमाको दूधलाई प्रतिस्थापन गर्ने वस्तु (बिक्री वितरण नियन्त्रण) ऐन, २०४९, वस्तुको प्रत्यक्ष बिक्री (व्यवस्थापन तथा नियमन गर्ने) ऐन, २०७४ र आयोडिनयुक्त नून (उत्पादन तथा बिक्री वितरण) ऐन, २०५५ समेतका ऐनहरु र प्रस्तावित विद्युतीय व्यापारको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक समेतको अध्ययन तथा विश्लेषणका आधारमा ती ऐन तथा विधेयकमा छरिएर रहेका उपभोक्ताको हक हित तथा संरक्षण सम्बन्धी प्रावधानहरुलाई एकीकरण र संशोधन गरी एकीकृत कानून निर्माण गर्नु पर्ने तथा सो सम्बन्धी एकीकरण र संशोधन सम्बन्धी विधेयक तर्जुमा गर्नुपर्ने समितिको निष्कर्ष रहेको र उक्त निष्कर्षको आधारमा देहायका सुझावहरु प्रस्तुत गरिएको छः

१. नेपालमा प्रचलित उपभोक्ता अधिकारसँग सम्बन्धित ऐनहरुमा रहेका उपभोक्ताका अधिकारसँग सम्बन्धित व्यवस्थाहरु र प्रस्तावित विद्युतीय व्यापारको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकमा समावेश भएका उपभोक्ता अधिकारसँग सम्बन्धित व्यवस्थाहरुलाई समावेश गरी सम्बन्धित मन्त्रालय तथा निकायको आपसी समन्वयमा एकीकृत उपभोक्ता अधिकार सम्बन्धी ऐन तर्जुमा गरी कार्यान्वयन गर्ने,

२. उपभोक्ता संरक्षणको लागि स्थापना भएका फरक फरक निकाय, समिति वा सङ्गठन संरचनालाई आवश्यकताको आधारमा खारेजी वा एकीकरण गरी प्रभावकारी केन्द्रीय, प्रदेश र स्थानीयस्तरको संयन्त्रको निर्माण गर्ने,

३. एकीकृत उपभोक्ता ऐन तर्जुमा गर्दा नेपालको संविधानको मर्म र नेपालको संविधानको अनुसूचीमा रहेका अधिकारक्षेत्रका आधारमा सङ्घ, प्रदेश र स्थानीय तहबीच आवश्यक र उचित समन्वय गर्ने।

४. उपभोक्ता सम्बन्धी कसूरको गाम्भिर्यताको आधारमा सजाय निर्धारण गर्ने साथै उपभोक्ता अधिकार उल्लङ्घनको कसूरउपर उपचारको लागि एकै प्रकारको कार्यविधि तथा न्यायिक पद्धतिको विकास गर्ने।

नेपाल कानून आयोग

**सन्दर्भ सामग्री**


१. नेपालको संविधान

२. नेपालको कानूनहरुः

- उपभोक्ता संरक्षण ऐन, २०७५
- स्टाण्डर्ड नाप र तौल ऐन, २०२५
- सुर्तीजन्य पदार्थ ऐन, २०६८
- कालोबजारी तथा केही अन्य सामाजिक अपराध तथा सजाय ऐन, २०३२
- वस्तुको प्रत्यक्ष बिक्री (व्यवस्थापन तथा नियमन गर्ने) ऐन, २०७४
- मुलुकी देवानी संहिता, २०७४
- पशु वधशाला र मासु जाँच ऐन, २०५५
- आमाको दूधलाई प्रतिस्थापन गर्ने वस्तु (बिक्री वितरण नियन्त्रण) ऐन, २०४९
- आयोडिनयुक्त नून (उत्पादन तथा बिक्री वितरण) ऐन, २०५५
- खाद्य ऐन, २०२३
- औषधि ऐन, २०३५
- नेपाल गुणस्तर (प्रमाण-चिन्ह ) ऐन, २०३७
- आवश्यक पदार्थ (अधिकार) नियन्त्रण ऐन, २०१७
- होटल व्यवस्था तथा मदिराको बिक्री वितरण (नियन्त्रण) ऐन, २०२३
- उपभोक्ता संरक्षण नियमावली, २०७६

३. अन्तराष्ट्रिय कानूनहरुः

- UN Conference on Food and Agriculture,1843
- UN Guidelines for Consumer Protection, 1985
- Rome Declaration on World Food Security, 2009

४. फैसलाहरुः-

- Nizam Institute of Medical Sciences v Prasanth S. Dhananka & Others,२००९
- In Bansidhar vs the State of Rajasthan,१९५८
- Maggie noodle's famous scandal,२०१५
- अधिवक्ता अमरबहादुर शाह विरूद्ध प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार, काठमाडौंसमेत, नि .नं — १०४५२


नेपाल कानून आयोग

- वाणिज्य तथा आपूर्ति व्यवस्थापन विभागको अनुगमन प्रतिवेदन पत्र जाहेरीले नेपाल सरकार विरूद्ध समुल ग्रुप इन्डष्ट्रिज प्रा.लि .समेत ,निर्णय नं .१०४५०
- अधिवक्ता विष्णुप्रसाद पोखरेल समेत विरूद्ध प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार काठमाडौं समेत, निर्णय नं .१०१८६
- अधिवक्ता दलबहादुर धामी समेत विरूद्ध प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार काठमाडौं समेत, निर्णय नं. ९९९७
- अधिवक्ता कञ्चनकृष्ण न्यौपाने विरूद्ध प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार काठमाडौं समेत, निर्णय नं .१०१२५
- भूपेन्द्रबहादुर तामाङ थिङ समेत विरूद्ध नेपाल सरकार, मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार काठमाडौं समेत, निर्णय नं .९८७६
- राजिया खातुनको हकमा ऐ.को एकाघरको ससुरा नेसार अहमद मियाँ विरूद्ध डा.प्रमोद पौडेल समेत, निर्णय नं. १००६१
- निर्मलकुमार श्रेष्ठ विरूद्ध भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय सिंहदरबार, काठमाडौं समेत, ९९२६

५. *अनलाइन* पुस्तक तथा अनलाईन *सामग्री*:-

- Action and Le Mond, Ralph Nadar: A Man and Movement (1962)
- Brian W. Harvey. The Law of Consumer Protection and Fair Trading. (1983). Butterworths. p.7.
- Christopher Mpaka, Consumer Protection (You and The Law, Oxford University Press, 1992)
- David Oughton and John Lawry; Textbook on Consumer Law (1997), Black Stone Press Limited London
- S.K. Verma, M.Afzal Wani ; A Treaties on Consumer Protection Laws (2004), Indian Law Institute
- https://www.pbs.org/newshour/classroom/2015/12/how-ralph-nader-defined-consumer-rights.
- https://icpen.org/consumer-protection-around-world [accessed on 21/12/2022]
- https://www.consumersinternational.org/ [accessed on 21/12/2022]
- https://www.consumersinternational.org/what-we-do/consumer-protection/global-policy-cooperation/un-guidelines-for-consumer- [accessed on 21/12/2022]
- https://unctad.org/system/files/official-document/ditccplpmisc2016d1_en.pdf [accessed on 21/12/2022]
- https://www.un.org/esa/sustdev/publications/consumption_en.pdf (accessed on 28 December 2022)
- https://www.mass.gov/service-details/consumer-bill-of-rights (accessed on 28 Dec 2022)
- https://www.google.com/search?q=federal+trade+organization+in+america&rl:
- https://www.fda.gov/regulatory-information/laws-enforced-fda/federal-food-drug-and-cosmetic-act-fdc-act
- https://www.legislation.gov.au/Details/C2010C00331 (accessed on 29 December 2022)
- https://www.legislation.gov.au/Details/C2011C00003 (accessed on 29 December 22)

- https://legislative.gov.in/sites/default/files/A1986-68_0.pdf (accessed on 28 December 2022)
- https://egazette.nic.in/WriteReadData/2019/210422.pdf (accessed on 28 December 2022)
- https://www.lawteacher.net/cases/donoghue-v-stevenson.php
- https://vidhilegalpolicy.in/research/enforcing-caveat-venditor/:
- https://blog.ipleaders.in/offences-pertaining-to-weights-and-measures-under-law .
- https://www.outlookindia.com/website/story/india-news-sc-revives-case-against-nestles-maggi-seeks-damages.
- https://www.legitquest.com/legal-guide/top-7-consumer-protection-act-cases


समाप्त

नेपाल कानून आयोग